सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२६ मंसिर २०८०, मंगलबार (12 Dec 2023, Tuesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २३२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

महासमिति बैठक सार्ने देउवाको प्रयास

महासमिति बैठकबारे रणनीति बनाउन शेखरले बोलाए इतर समूहको भेला



केन्द्रीय कार्यसम्पादन समितिको शुक्रबार बस्ने बैठकमा सभापति शेरबहादुर देउवाले १६ देखि १९ पुससम्मका लागि तय भएको महासमिति बैठकको मिति सार्ने प्रस्ताव लग्ने तयारी गरेका छन्। मध्यपुसमा ठण्डी बढ्ने र माघमा राष्ट्रिय सभाको निर्वाचनमा ध्यान केन्द्रित गर्नुपर्ने भएकाले फागुनका लागि महासमिति बैठकको मिति प्रस्ताव गर्न सक्ने नेताहरूको भनाइ छ।

कार्यकाल आठ महिना बाँकी छँदै संसद्का महासचिव गौतमको राजीनामा



कार्यकाल सकिनुभन्दा करिब आठ महिनाअगावै संघीय संसद्का महासचिव डा. भरतराज गौतमले पदबाट राजीनामा दिएका छन्। २२ वैशाख ०७७ मा महासचिव नियुक्त भएका उनले घरायसी कारण देखाउँदै राजीनामा दिएका हुन्। राष्ट्रपति रामचन्द्र पौडेलले उनको राजीनामा स्वीकृत गरिसकेका छन्।

(विस्तृत पृष्ठ ३)

उच्च शिक्षा सुधारका उपाय



त्रिभुवन विश्वविद्यालयलाई समस्यारहित बनाउँदा देश सप्रिन्छ, सुशासन र समृद्धिको नयाँ युग सुरु हुन्छ

(विस्तृत पृष्ठ ४)

कर्नर किक

● रवि मिश्र



वर्षौं आउँदैन फैसलाको पूर्ण पाठ

सर्वोच्च अदालत नियमावली, २०७४ मा नयाँ सिद्धान्त वा नजिर स्थापना हुने गरी निर्णय भएको मुद्दामा १५ दिनभित्र पूर्ण पाठ आउनुपर्ने व्यवस्था भए पनि वर्षौंसम्म तयार हुँदैनन्, समयमै पूरा फैसला नआउँदा उस्तै प्रकृतिका अन्य मुद्दासमेत प्रभावित

पूर्णपाठसम्बन्धी यस्तो छ व्यवस्था

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ९१ :

(१)...न्यायाधीशहरूको राय कायम भई निर्णय सुनाइसकेपछि सम्बन्धित न्यायाधीशले सो निर्णय सुनाएको मितिले सामान्यतया सात दिनभित्र सोअनुरूपको पूरा फैसला तयार गर्नुपर्नेछ।

(२)...सार्वजनिक हक वा सरोकारको विषय समावेश भएको वा नयाँ सिद्धान्त वा नजिरको स्थापना हुने गरी निर्णय भएको मुद्दामा १५ दिनसम्ममा फैसला तयार गर्न सकिनेछ।

मुलुकी देवानी कार्यविधि संहिताको दफा १९८ : निर्णयको आधारमा अदालतले २१ कार्य दिनभित्र फैसला तयार गरिसक्नुपर्नेछ।

मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १३१(६) : न्यायाधीशले एक महिनाभित्र फैसला लेखी मिसिल संलग्न राख्नुपर्नेछ।

● **गोविन्दप्रसाद घिमिरे**, सूचना अधिकारी, सर्वोच्च अदालत



अहिलेको संहितामा २१ दिनभित्र फैसला दिनुपर्ने जुन प्रावधान छ, त्यो जिल्ला र उच्चका लागि ठीक भए पनि सर्वोच्चको हकमा प्राविधिक रूपमा सम्भव छैन। किनकि, यहाँ कहिले सय-दुई सय पृष्ठका फैसला पनि हुन्छन्। अर्को कुरा, एउटा फैसला लेख्न सबै श्रीमान्का कुरा राख्नुपर्छ, धेरै विषय थपघट गर्नुपर्छ, गहिरो रिसर्च गर्नुपर्छ, नजिर र सिद्धान्तको व्याख्या गर्नुपर्छ। तर, जनशक्ति कम छ।

शिल्पा कर्ण/नयाँ पत्रिका

देशको राजनीतिक 'कोर्स' बदल्ने ५ पुस ०७७ को प्रतिनिधिसभा विघटनमाथि सर्वोच्च अदालतले ११ फागुन ०७७ मा फैसला गरेको थियो। तर, तीन वर्षअघिको यो मुद्दामा भएको फैसलाको पूर्ण पाठ अझै आएको छैन।

यो मुद्दामा फैसला गर्ने पाँच न्यायाधीशमध्ये विश्वम्भरप्रसाद श्रेष्ठ हाल प्रधानन्यायाधीश छन्। तत्कालीन प्रधानन्यायाधीश तथा संवैधानिक इजलासका नेतृत्वकर्ता चोलेन्द्रशमशेर जबरा, न्यायाधीशहरू अनिलकुमार सिन्हा र तेजबहादुर केसी सेवानिवृत्त भइसकेका छन्। उक्त फैसला अहिलेसम्म सर्वोच्चको वेबसाइटमा राखिएको छैन।

सर्वोच्चको अभिलेखअनुसार चन्देश्वरप्रसाद साहले २८ कात्तिक ०७८ मा दायर गरेको रिटमाथि संयुक्त इजलासबाट सोही वर्ष ११ फागुनमै फैसला भएको छ। तत्कालीन न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ र बमकुमार श्रेष्ठको

» पृष्ठ २ मा क्रमशः

■ अधिकतम एक महिनाभित्र पूर्ण पाठ दिनुपर्ने व्यवस्था, विलम्बले के हुन्छ ?



सर्वोच्च अदालत नियमावली, २०७४ मा १५ दिनभित्र र मुलुकी फौजदारी कार्यविधि संहितामा अधिकतम एक महिनाभित्र फैसलाको पूर्णपाठ आउनुपर्ने व्यवस्था छ। त्यसमा प्रायः विलम्ब भइरहेको छ। एक वर्षअगाडि नै फैसला भएको युवराज शर्मा प्रतिवादी रहेको गैरकानुनी सम्पत्तिसम्बन्धी मुद्दाको पूर्ण पाठ समयमा नआउँदा अन्य उस्तै प्रकृतिका अन्य मुद्दाको सुनुवाइ रोकिएको छ। भ्रष्टाचारका मुद्दा हेर्ने एक कानुन व्यवसायीका अनुसार शर्माको मुद्दामा कृषि आयका साथै आय गणनाका केही विषय नजिरका रूपमा आउने र त्यसलाई गैरकानुनी सम्पत्ति आर्जनका अन्य मुद्दामा समेत आधार मान्न मिल्ने हुन्छ। त्यसैले यो मुद्दाको पूर्ण पाठ चाँडो आउनु उपयुक्त हुन्छ।

गैरकानुनी सम्पत्तिकै मुद्दामध्येको अर्को हो, भरतराज पहारी र उनकी पत्नी शोभा पहारी बराल प्रतिवादी रहेको मुद्दा। विशेषले यस मुद्दामा १० मंसिर ०७५ मै फैसला गरेको थियो। विशेषका न्यायाधीशहरू बाबुराम रेग्मी, रत्नबहादुर बागचन्द र चण्डीराज ढकालको इजलासले भरतराजलाई १० महिना कैद र ९८ लाख ३३ हजार रुपैयाँबराबरको बिगो भराउने र उति नै रकमबराबरको सम्पत्ति जफत हुने फैसला गरेको थियो। यो पनि टुंगिन बाँकी छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ अध्ययन संस्थानका प्राध्यापक डिन डा. भरतराज पहारीले गैरकानुनी रूपमा एक करोड २९ लाख रुपैयाँभन्दा बढी रकम आर्जेको र त्यसबाट खरिद गरेको सम्पत्तिको स्रोत खुलाउन नसकेको भन्दै मुद्दा चलाएको थियो। विशेषले ठहर गर्ने फैसला गरेपछि चित्त नबुझेको भन्दै यसविरुद्ध दुवै पक्ष सर्वोच्च पुगेका छन्। सर्वोच्चको अभिलेखअनुसार सरकारी पक्षले ८ चैत ०७५ र पहारीले १० जेठ ०७६ मा पुनरावेदन दर्ता गराएका छन्।

महान्यायाधिवक्ताको कार्यालयमा रहेको सबैभन्दा पुरानो गैरकानुनी सम्पत्ति आर्जनको मुद्दा एक दशकभन्दा पहिले दर्ता भएको देखिन्छ। चक्रबन्धु अर्याल, सीतादेवी अर्याल र सुदर्शन अर्याल प्रतिवादी रहेको उक्त मुद्दा पुनरावेदनका रूपमा २९ चैत ०६९ मा सर्वोच्च पुगेको अभिलेख छ। यससँगै भ्रष्टाचारको अर्को मुद्दा लगाउमा छ। हाल अन्य आदेश भई यो रोकिएको छ। यस्तै, गैरकानुनी सम्पत्ति आर्जन गरेको भनी पूर्वमन्त्री सञ्जय साह पनि पुनरावेदनमा गएका छन्। नक्खु कारागारमा थुनामा रहेका उनलाई विशेष अदालतले २९ फागुन ०७६ मा दुई वर्ष कैद र बिगोबमोजिम जरिवानासमेत हुने गरी फैसला गरेको थियो। यो मुद्दा १२ असोज ०७७ मा पुनरावेदन लिएर साह सर्वोच्च गएका थिए। सर्वोच्चका अनुसार केही मुद्दामा पूर्ण पाठ नआउँदा इजलासबाट नै पूर्ण पाठ आएपछि सुनुवाइ गर्ने गरी आदेश हुने गरेका छन्। महान्यायाधिवक्ता कार्यालयका अनुसार हाल १६ वटा गैरकानुनी सम्पत्ति आर्जनका मुद्दा किनारा लाग्न बाँकी छन्। त्यसमा १० वर्षअधिका मुद्दासमेत छन्। जसमा गणनाको पद्धतिका लागि युवराज शर्माको फैसलाको पूर्णपाठ आउनु जरुरी छ।

समयमा मिसिलको टिपोट नहुँदा पूर्ण पाठमा ढिलाइ हुन्छ

● **अनिलकुमार सिन्हा**, पूर्वन्यायाधीश



मुद्दाको मिसिल हेरेर मुख्य कुरादेखि सुनुवाइका सबै विषय टिपोट गर्दै गए न्यायाधीशलाई केवल फैसला खण्ड लेख्नुपर्ने हुन्छ। तर, त्यही दिन सुनुवाइ गर्नुपर्ने, ठूला मुद्दाको फाइल हेरेर फैसला गर्नुपर्ने हुँदा समय चाहिन्छ। अधिकांश मुद्दामा सुरुमै मिसिलको तथ्य केलाएर कर्मचारीले टिपोट गर्ने गरेको पाइँदैन। यस्तो गर्न दक्ष र राम्रो तालिमप्राप्त कर्मचारीको पनि अभाव छ। त्यसमा पनि फैसलालेखनमा दक्ष र पोख्त जनशक्ति पाउन कठिन छ। पर्याप्त कर्मचारी राख्ने र उनीहरूलाई राम्रो तालिम दिन सके राम्रो हुन्छ। अर्को भनेको सर्वैंजसो सर्वोच्चमा न्यायाधीश संख्या कम हुन्छ। भएका न्यायाधीश पनि आइतबारदेखि शुक्रबारसम्म कार्यालय समयमा सुनुवाइमै हुन्छन्। कम्तीमा एक दिन फैसलालेखनका लागि छुट्याउन सके सहज हुने थियो।

पूर्ण पाठमा विलम्ब हुँदा उस्तै प्रकृतिका मुद्दामा दुईथरी फैसला आउन सक्छ

● **लीलामणि पौडेल**, वरिष्ठ अधिवक्ता



राजनीति जोडिएका वा संवैधानिक विवादमा प्रायः पूरा फैसला तयार गर्न ढिलाइ हुने गरेको छ। कतिपय न्यायाधीश सेवानिवृत्त हुँदा पनि पूर्ण पाठ आउँदैन। पूर्ण पाठ नआउँदा उस्तै प्रकृति र विषयका अन्य विचाराधीन मुद्दामा त्यसलाई अध्ययन गर्न तथा व्याख्या गरेर आधार मान्न सकिँदैन। अनि उस्तै प्रकृतिका मुद्दामा दुईथरी फैसला आउन सक्ने सम्भावना हुन्छ। तत्काल कार्यान्वयनमा जानुपर्ने खालको फैसला आयो भने कठिनाइ हुने हो, नत्र सर्वोच्चका हकमा त्यति कठिनाइ हुँदैन। किनकि, पुनरावेदनमा जानुपर्ने हुँदैन। तर, कतिपय अवस्थामा पूर्ण पाठ नआएसम्म सर्वोच्च प्रशासनबाट संक्षिप्त फैसला पाउन वा फैसला कार्यान्वयनका लागि पत्र पाउन पनि कठिनाइ भइरहेको हुन्छ।

■ देउराली सहकारीका अध्यक्षको बदमासी

बचतकर्ताको रकमले आफ्ना लागि किने ६५ स्थानमा १०३ रोपनी जग्गा

नयाँ पत्रिका

देउराली सहकारीका कार्यकारी अध्यक्ष रवीन्द्रप्रसाद चौलागाईंले संस्थाको रकम हिनामिना गरी ६५ स्थानमा एक सय ३ रोपनी जग्गा जोडेको फेला परेको छ। उनले सहकारीमा सर्वसाधारणको पैसा डुबाएर करोडौंको निजी जग्गा जोडेको प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले गरेको अनुसन्धानमा पुष्टि भएको हो।

गत साता जेल चलान भएका चौलागाईंको ती सबै जग्गा प्रहरीले रोक्का राखेको छ। आफ्नो र परिवारको नाममा उनले जग्गा खरिद गरेका हुन्। जग्गा कारोबार खस्किएसँगै उनको सहकारी धराशयी बनेको हो।

सिआइबीका अनुसार चौलागाईंले आफ्नो नाममा मात्र २० स्थानमा ५३ रोपनी जग्गा जोडेका छन्। श्रीमती पूजा खत्री र उनको संयुक्त नाममा दुई स्थानमा चार रोपनी, श्रीमती पूजाको नाममा २१ स्थानमा आठ रोपनी, दीपक केसीको नाममा १० स्थानमा ६ रोपनी जग्गा खरिद गरेका थिए। त्यस्तै, जेठान राजेन्द्र खत्रीको नाममा १७ स्थानमा २८ रोपनी र मनोज भण्डारीको नाममा तीन स्थानमा तीन रोपनी जग्गा खरिद गरेको भेटिएको छ। सहकारीको पैसा हिनामिना गरेर त्यसरी जग्गा खरिद गरी त्यही जग्गा बैंकमा धितो राखेर उनले कर्जासमेत लिएका थिए। बैंकको कर्जासमेत उनले तिरेका छैनन्। ललितपुरको लामाटार, नंखेल, हरिसिद्धि, सैंबु, सुनाकोठी, खोकना, धापाखेललगायत क्षेत्रमा उनको धेरै जग्गा छ। त्यस्तै, काठमाडौंको मच्छेगाउँ, भक्तपुरको मध्यपुर ठिमी, भ्रपाको शिवगन्ज र काभ्रेको पाँचखालमा पनि उनले जग्गा खरिद गरेका थिए। सहकारीका ठूला निक्षेपकर्तालाई यिनै जग्गा दिएरसमेत उनले फकाउँदै आएका थिए। श्री बदर्स मार्केटिङ, पूजा ट्रेड इन्टरनेसनल, देउराली प्रपर्टिज्, पूजा ट्रेडिङ एन्ड मार्केटिङ, पिआरपी ट्रेडिङ, करिअर मार्केटिङ, आरके मोटर्स, एसडी एग्रिकल्चरलगायत २४ कम्पनी खडा गरी तीनै कम्पनीको नाममा जग्गा खरिद गरेर बैंकबाट कर्जा लिएको सिआइबीले जनाएको छ। सहकारीकै रकमबाट टोयोटाको ल्यान्डक्रुजर

» पृष्ठ २ मा क्रमशः



सहकारीका कार्यकारी अध्यक्ष रवीन्द्रप्रसाद चौलागाईंको नाममा मात्र २० स्थानमा ५३ रोपनी जग्गा रहेको छ

कतारले भन्यो- विपिनको रिहाइका लागि प्रयासरत छौं

नयाँ पत्रिका

इजरायल र हमास समूहबीच युद्धविरामका लागि प्रयासरत कतारले विपिन जोशीसहित सबै बन्दीहरूलाई प्यालेस्टाइनबाट रिहाइका लागि पहल भइरहेको बताएको छ।

परराष्ट्रमन्त्री एनपी साउदसँग सोमबार दोहामा भएको भेटवार्तामा कतारका प्रधानमन्त्री शेख मोहम्मद बिन अब्दुल रहमान अल-थानीले यसका लागि निरन्तर प्रयास गरिरहेको र आफू आशावादी रहेको पनि बताएका छन्।


कतारका अमिर नेपाल आउँदै

'मैले कतार नेपालको नजिकको मित्र भएको र कतारमा दोस्रो ठूलो समुदायका रूपमा नेपालीहरू रहेको स्मरण गराउँदै विपिनको रिहाइका लागि प्रयास गर्न पुनः आग्रह गरेँ,' भेटवार्तापछि परराष्ट्रमन्त्री साउदले दोहाबाट टेलिफोनमा भने, 'उहाँले विपिनसहित सबै विदेशी बन्दीहरू छुट्छन्। हामी प्रयास गर्दै छौं भन्नुभएको छ। म आशावादी पनि छु।'

परराष्ट्रमन्त्री साउदले हमाससँगको कतारको सम्पर्क, मध्यपूर्वको समस्यामा कतारले निर्वाह गरिरहेको सक्रिय मध्यस्थकर्ताको भूमिकाको प्रशंसा गरेका थिए। 'विपिन जोशीलाई रिहाइ गर्ने मानवीय मामिलामा कतारसँग नेपालले ठूलो आशा गरेको मैले स्पष्ट रूपमा राखेको छु, प्रधानमन्त्रीले सकारात्मक जवाफ दिनुभयो,' मन्त्री साउदले भने, 'विपिन जोशीलगायत विदेशी बन्दीहरूको रिहाइका लागि चाँडै नै सकारात्मक परिणाम आउन सक्ने सम्भावना व्यक्त गर्नुभएको छ।'

परराष्ट्रमन्त्री एनपी साउदका अनुसार कतारका अमिर शेख तमिम बिन हमाद अल-थानी अप्रिल तेस्रो साता नेपाल भ्रमणमा आउने तय भएको छ। यसअघि २० र २१ कात्तिकका लागि भ्रमण तय भएकोमा इजरायलमा हमास समूहले गरेको आक्रमणपछिको परिस्थितिका

» पृष्ठ २ मा क्रमशः



परराष्ट्रमन्त्री एनपी साउद र कतारका प्रधानमन्त्री शेख मोहम्मद बिन अब्दुल रहमान अल-थानीबीच सोमबार दोहामा भएको भेटवार्ता। भेटपछि परराष्ट्रमन्त्री साउदले टेलिफोनमा भने, 'उहाँले विपिनसहित सबै विदेशी बन्दीहरू छुट्छन्, हामी प्रयास गर्दै छौं भन्नुभएको छ।'

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ क्यान्सरका बिरामीलाई अब स्वदेशमै टोमोथेरापी

नेपालमै पहिलोपटक वीर अस्पतालले २ पुसदेखि सेवा दिँदै

शिवहरि घिमिरे/नयाँ पत्रिका

विश्वमै महँगो मानिने टोमोथेरापी सेवा नेपालमै पहिलोपटक वीर अस्पतालले २ पुसदेखि सुरु गर्दै छ। तीन महिनाअघि भित्र्याइएको ४० करोडको टोमोथेरापी मेसिन जडान गरेर 'इन्स्टल'समेत भइसकेकाले सेवा सञ्चालनको तयारी गरेको हो।

सुरुमा ०७५ मै टोमोथेरोपी मेसिन ल्याइए पनि जडान गर्ने ठाउँको अभावमा बलम्बुस्थित सशस्त्र प्रहरी अस्पतालको चौरमा राख्दा खिया लागेर बिग्रिएको थियो। पछि वीरले सप्लायर्स कम्पनी लाइफलाइन ट्रेड सप्लायर्ससँग मेसिन अस्वीकार गर्ने निर्णय गरेपछि उसले १८ भदौमा अकुरे कम्पनीको नयाँ मेसिन ल्याएर अस्पताललाई हस्तान्तरण गरेको थियो। चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स)का उपकुलपति प्रा.डा. भूपेन्द्रकुमार बस्नेतले अहिले मेसिन जडान सकेर भारतीय प्राविधिकबाट नेपाली जनशक्तिलाई उपकरण चलाउन सक्ने तालिम पनि दिलाइसकेको जानकारी दिए।

'अब सबै तयारी पूरा भइसकेको छ, हामीले यसलाई कसरी सञ्चालन गर्ने भन्नेबारे आन्तरिक छलफल मात्रै गर्न बाँकी छ,'

» पृष्ठ २ मा क्रमशः

■ भारत गएर आठ लाख बुझाउन बाध्य बिरामीले अब देशमै डेढ लाखमा सेवा पाउने

● **प्रा.डा. भूपेन्द्रकुमार बस्नेत**, उपकुलपति, न्याम्स



अब सबै तयारी पूरा भइसकेको छ, हामीले यसलाई कसरी सञ्चालन गर्ने भन्नेबारे आन्तरिक छलफल मात्रै गर्न बाँकी छ। मेसिन फिट गरेर सञ्चालनका लागि तयारी पूरा भइसक्यो। सबै काम अब यहींको जनशक्तिले गर्न सक्छ।



इमोबिलाइजर पनि सप्लायर्सले नै दिएपछि सेवा सञ्चालन सहज

टोमोथेरापी सञ्चालनका लागि नभई नहुने उपकरण हो इमोबिलाइजर। उक्त उपकरण सप्लायर्स कम्पनीले नै दिएपछि छिटो सञ्चालन गर्न सम्भव भएको उपकुलपति बस्नेतले बताए। सुरुमा सप्लायर्स कम्पनीले वीरले नै उक्त उपकरण खरिद गर्नुपर्ने बताउँदै आएको थियो। तर, पछि बुझ्दा सप्लायर्स कम्पनीले नै टोमोथेरापीसँगै इमोबिलाइजर ल्याइदिने सम्झौता भएको पाइएपछि कम्पनीसँग माग गरिएको उपकुलपति बस्नेतको भनाइ छ।

बिरामी बोकेको एम्बुलेन्समा चरेस

धनगढीमा **तेजराज भट्ट**

बझाङबाट बिरामी लिएर आएको एम्बुलेन्सबाट प्रहरीले लागुऔषध चरेस बरामद गरेको छ। दुई किलो आठ सय ग्राम चरेससहित एम्बुलेन्स चालकलाई धनगढीबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। प्रहरीका अनुसार बझाङको रायल प्राथमिक स्वास्थ्य चौकीको सु.प.प्र. ०१००१ झ ०५४२ नम्बरको एम्बुलेन्स बिरामी बोकेर सोमबार धनगढी आएको थियो।



एम्बुलेन्सबाट दुई किलो आठ सय ग्राम चरेस बरामद गर्नुका साथै चालक केदारस्युँ गाउँपालिका-३, बस्ने ३७ वर्षीय रामबहादुर खातीलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक कुलदीप चन्दले बताए। एम्बुलेन्समा चरेस ल्याएको सूचनाका आधारमा प्रदेश प्रहरी कार्यालयको क्षेत्रीय अनुसन्धान समूह, जिल्ला प्रहरी कार्यालय र वडा प्रहरी कार्यालय धनगढीको संयुक्त टोलीले चरेससहित चालकलाई पक्राउ गरेको उनले बताए। बिरामीलाई अस्पताल पुऱ्याएपछि धनगढी

» पृष्ठ २ मा क्रमशः

सत्तागठबन्धन पाँचै वर्ष टिक्छ : प्रधानमन्त्री प्रचण्ड

नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले वर्तमान सत्तारूढ गठबन्धन तोड्ने खेल भए पनि पाँचै वर्ष टिक्ने बताएका छन् । गठबन्धन दलहरूबीच निरन्तर छलफल भइरहेको र नयाँ रणनीतिका साथ अगाडि बढ्ने उनले बताए । पार्टी कार्यालय पेरिसडाँडामा सोमबार बसेको प्रेस सेन्टर नेपालको पदाधिकारी बैठकमा प्रचण्डले गठबन्धनमा तलमाथि नहुने बताएका हुन् ।

'अहिले विभिन्न किसिमले गठबन्धन तोड्ने, सरकार ढाल्ने एकथरीको कसरत भइरहेको छ,' प्रचण्डले भने, 'तर, तिनीहरूले चाहँदैमा यो गठबन्धन तलमाथि हुँदैन । गठबन्धनको बैठक निरन्तर बसिरहेको छ । गठबन्धन पूरै अवधि जान्छ ।' सरकारले एक वर्षको समीक्षा गर्ने र नयाँ रणनीतिका साथ अगाडि बढ्ने उनले बताए ।

आगामी १० पुसमा प्रचण्ड प्रधानमन्त्री बनेको एक वर्ष पुग्दै छ । एक वर्षको समीक्षा गरेर राम्रो पक्षलाई अँगाल्दै कमजोरी सच्याएर अगाडि बढ्ने उनले बताए । उनले अतिवादी र अराजकतावादी शक्तिहरू सरकारको क्रियाशीलताका कारण निकै आतंकित बनेको बताए । अतिवादी र अराजकतावादीले व्यवस्था, परिवर्तनमाथि निकै प्रहार गरेकोप्रति उनले चिन्ता व्यक्त गरे ।

प्रधानमन्त्री प्रचण्डले तथ्यहीन र भ्रामक विषयको प्रतिवाद गर्न आग्रह गरे । उनले एनसेल प्रकरणमा पनि गलत प्रचार गरिएकोमा असन्तुष्टि जनाए । एनसेल खरिद-बिक्री प्रकरणमा सरकारको बदनाम गर्न खोजिएको उनको गुनासो छ ।

'पहिला-पहिला भएका ठुल्ठूला भ्रष्टाचारकाण्डभन्दा सयौँ गुणा ठूलो भ्रष्टाचार प्रचण्डले एनसेलमा गरेको छ भनेर प्रचार भयो । म युएईबाट फर्किंदै गर्दा षड्यन्त्रमूलक र घटिया प्रचारको नमुनाको रूपमा त्यसलाई लिएँ । त्यसको केही प्रतिवाद बाहिर ल्याइनँ । मैले राष्ट्र र जनताको हितमा, संविधान र लोकतन्त्रको हितमा जे गर्नुपर्थ्यो, दृढताका साथ अगाडि बढेँ । तपाईं कल्पना गर्नुस्, यति तलबाट मानिसहरूले सोच्ने, भन्ने र खुला प्रचार गर्न सक्छन् भने तपाईं-हामीले सत्यको पक्षमा, जनताको पक्षमा, न्यायको पक्षमा लेख्ने, बोल्ने गर्नुपर्छ, यस्ता झुटा प्रचारको प्रतिवाद गर्नु र जनतालाई सही सूचना दिनुपर्छ,' उनले भने ।

व्यवस्थाविरोधी शक्तिलाई सरकारले गरेको राम्रो काम टाउको दुखाइ बनेको उनको भनाइ छ । सामाजिक न्याय, सुशासन र समृद्धिको पक्षमा सरकारले काम गरिरहेको उनले दाबी गरे । राष्ट्र र जनताका पक्षमा काम गर्न सकिने अवसर रहेको भन्दै उनले अर्थतन्त्रमा सुधार आएको बताए । 'अर्थतन्त्र सुधार हुँदै छ । मौद्रिक नीति समीक्षाले सुधारको संकेत देखाएको छ,' उनले भने, 'जतिसुकै घेराबन्दी भए पनि राष्ट्र र जनताप्रति इमानदार हुँदा कसैको केही लाग्ने रहेनछ । अब विकास निर्माणका काममा पनि परिणाम देखिँदै जान्छ ।'

एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्सः +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, व्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा यस बैकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम विक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण	जमानीकर्ताहरुको विवरण
१)	प्रदेश सरकार, (प्रदेश नं. २), उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, मलंगवा, सर्लाहीमा उद्योग दर्ता नं. ८९९६/०७७/०७८ अन्तर्गत मिति २०७७/०६/२६ मा औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ५ तथा औद्योगिक व्यवसाय नियमावली, २०७६ को नियम ४ बमोजिम दर्ता भएको सर्लाही जिल्ला, बरहथवा न.पा. वडा नं. १४ स्थित **करिमा पशुपालन फार्म** **प्रोप्राईटर तथा जमानीकर्ता: मकेश्वर सिंह यादव**	१) लखन रायको नाती, नेवालाल राय यादवको छोरा, सर्लाही जिल्ला, सु.चु. गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, बरहथवा न.पा. वडा नं. १४ बस्ने ब्रहमदेव रायको नाममा मालपोत कार्यालय बरहथवा, सर्लाहीको लगतमा दर्ता कायम रहेको सर्लाही जिल्ला, सुन्दरपुर चोहवा गा.वि.स. वडा नं. ६ ख (हाल वरहथवा न.पा. वडा नं. १३) स्थित कित्ता नं. १५१ को क्षेत्रफल ०-६-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) नेवालाल राय यादवको नाती, ब्रहमदेव रायको छोरा, सर्लाही जिल्ला, सु.चु. गा.वि.स. वडा. नं. ३ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, बरहथवा न.पा. वडा नं. १४ बस्ने राधेश्याम राय यादव....१ र नेवालाल राय यादवको नाती, ब्रहमदेव रायको छोरा, सर्लाही जिल्ला, सुन्दरपुर चोहर्वा गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, बरहथवा न.पा. वडा नं. १४ बस्ने मकेश्वर सिंह यादव....१ गरी २ व्यक्तिको संयुक्त नाममा मालपोत कार्यालय बरहथवा, सर्लाहीको लगतमा दर्ता कायम रहेको सर्लाही जिल्ला, सु. चु. गा.वि.स. वडा नं. ६ क (हाल बरहथवा न.पा. वडा नं. १३) स्थित कित्ता नं. ७४८ को क्षेत्रफल ०-१९-१० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) करिमा पशुपालन फार्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	१) **मकेश्वर सिंह यादव** स्थायी ठेगाना : सर्लाही जिल्ला, सुन्दरपुर चोहर्वा गा.वि.स. वडा नं. ३ हालको ठेगाना: सर्लाही जिल्ला, बरहथवा न.पा. वडा नं. १४ बाबु : ब्रहमदेव राय बाजे : नेवालाल राय यादव २) **ब्रहमदेव राय** स्थायी ठेगाना : सर्लाही जिल्ला, सु. चु. गा.प. वडा नं. ३ हालको ठेगाना: सर्लाही जिल्ला, वरहथवा न.पा. वडा नं. १४ बाबु : नेवालाल राय यादव बाजे : लखन राय ३) **किरनी कुमारी देवी** स्थायी ठेगाना : सर्लाही जिल्ला, सु.चु. गा.वि.स. वडा नं. ३ हालको ठेगाना: सर्लाही जिल्ला, बरहथवा न.पा. वडा नं. १४ बाबु : आंशिक राय ससुरा : ब्रहमदेव राय पति : राधेश्याम राय यादव ४) **राधेश्याम राय यादव** स्थायी ठेगाना : सर्लाही जिल्ला, सु. चु. गा.वि.स. वडा नं. ३ हालको ठेगाना: सर्लाही जिल्ला, बरहथवा न.पा. वडा नं. १४ बाबु : ब्रहमदेव राय बाजे : नेवालाल राय यादव
२)	नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, वीरगंज, पर्सामा प्रा.फ.र.नं. ३२८२६/०७१/७२ , स्थानिय व्यापार, अन्तर्गत मिति २०७१/०९/०७ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १९, नगावा (हाल वीरगंज म.न.पा. वडा नं. १४, नगावा) स्थित **न्यू शान्ति ट्रेडर्स** **प्रोप्राईटर तथा जमानीकर्ता: कृपा शंकर सा तुरहा** स्थायी ठेगाना : पर्सा जिल्ला, अलौ गा.वि.स. वडा नं. ३ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १७ बाबु : रामानन्द सा तुरहा बाजे : राम बचन सा	१) महेश सा तुरहाकी छोरी, रामानन्द साकी बुहारी, कृपा शंकर साह तुरहाकी पत्नी, पर्सा जिल्ला अलौ गाउँ पञ्चायत वडा नं. ३ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १७ बस्ने शान्ती देवी तुरहीनको नाममा भुमिसुधार तथा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, अलौ गा.वि.स. वडा नं. ३ (हाल वीरगंज म.न.पा. वडा नं. १७) स्थित कित्ता नं. २० र २१ को क्षेत्रफल क्रमश: ०-०-६ र ०-०-१० (विगाहा) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) न्यू शान्ति ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	१) **शान्ती देवी तुरहीन** स्थायी ठेगाना : पर्सा जिल्ला, अलौ गा.प. वडा नं. ३ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १७ बाबु : महेश सा तुरहा ससुरा : रामानन्द सा तुरहा पति: कृपा शंकर साह तुरहा २) **प्रदिप कुमार साह** स्थायी ठेगाना : पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. २० हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १७ बाबु : कृपा शंकर सा तुरहा बाजे : रामानन्द सा तुरहा
३)	**राम हरि अधिकारी** स्थायी ठेगाना: नुवाकोट जिल्ला, थप्रेक गा.वि.स. वडा नं. ९ हालको ठेगाना : काठमाडौं जिल्ला, टोखा न.पा. वडा नं. ९ बाबु : कुमार अधिकारी बाजे : चित्र बहादुर अधिकारी	सवारी मोडेल : Ssangyoug Tivoni AT च्यासिस नं. : KPT30B1VSJP227056 ईन्जिन नं. : 17391002131042 सवारी दर्ता नं. : प्रदेश ३-०१ ०२३ च-६०००	१) **आशिष कुमार अधिकारी** स्थायी ठेगाना : नुवाकोट जिल्ला, थप्रेक गा.वि.स. वडा नं. ९ हालको ठेगाना : काठमाडौं जिल्ला, टोखा न.पा. वडा नं. ९ बाबु : कुमार अधिकारी बाजे : चित्र बहादुर अधिकारी २) **कुमार अधिकारी** स्थायी ठेगाना : नुवाकोट जिल्ला, थप्रेक नगर/गा.पं. वडा नं. ९ हालको ठेगाना : काठमाडौं जिल्ला, टोखा न.पा. वडा नं. ९ बाबु : चित्र बहादुर अधिकारी बाजे : दन्ड बहादुर अधिकारी ३) **मैया अधिकारी** स्थायी ठेगाना : नुवाकोट जिल्ला, थप्रेक गा.पं. वडा नं. ९ हालको ठेगाना : काठमाडौं जिल्ला, टोखा न.पा. वडा नं. ९ बाबु : नेत्र बहादुर बस्नेत ससुरा : चित्र बहादुर अधिकारी पति : कुमार अधिकारी
४)	नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, मलंगवा, सर्लाहीमा प्रा.फ.र.नं.: १३५१/०६७/६८ (स्थानिय व्यापार) अन्तर्गत मिति २०६८/०२/२२ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको सर्लाही जिल्ला, लालबन्दी गा.वि.स. वडा नं. १ (हाल लालबन्दी न.पा. वडा नं. ७) स्थित **पृष्टिना बस्त्रालय** **प्रोप्राईटर तथा जमानीकर्ता: श्री नारायण साह (क्रेडिट कार्ड कर्जा समेत)** स्थायी ठेगाना : सर्लाही जिल्ला, लालबन्दी गा.वि.स. वडा नं. १ हालको ठेगाना : सर्लाही जिल्ला, लालबन्दी न.पा. वडा नं. ७ बाबु : रामगणेश साह बाजे : सगुन साह	१) सगुन साहको नाती, राम गणेश साहको छोरा, सर्लाही जिल्ला, लालबन्दी गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, लालबन्दी न.पा. वडा नं. ७ बस्ने श्री नारायण साहको नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीको लगतमा दर्ता कायम रहेको सर्लाही जिल्ला, जब्दी गा.वि.स. वडा नं. ७/ङ (हाल लालबन्दी न.पा. वडा नं. ७) स्थित कित्ता नं. ९३३ को क्षेत्रफल ०-१-० (विगाहा)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) पृष्टिना बस्त्रालयको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	१) **अमित साह** ठेगाना : सर्लाही जिल्ला, लालबन्दी न.पा. वडा नं. ७ बाबु : श्री नारायण साह बाजे : रामगणेश साह २) **यश कुमार साह** ठेगाना : सर्लाही जिल्ला, लालबन्दी न.पा. वडा नं. ७ बाबु : श्री नारायण साह बाजे : रामगणेश साह ३) **किरण देवी साह** ठेगाना : सर्लाही जिल्ला, लालबन्दी न.पा. वडा नं. ७ बाबु : हरिदेव साह ससुरा : रामगणेश साह पति : श्रीनारायण साह

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

बचतकर्ताको...

पृष्ठ १ बाट क्रमशः

गाडीसमेत खरिद गरेकोमा त्यो गाडी प्रहरीले बरामद गरेको छ ।

ललितपुरको सातदोबाटोमा १० वर्ष अघिदेखि देउराली सहकारी चलाउँदै आएका उनले विगतमा जग्गाको कारोबारबाट पैसा कमाएकोमा कोभिड महामारीपछि समस्यामा परेका थिए । संस्थाको रकम नियमविपरीत निजी जग्गामा लगानी गरी मुनाफा कमाउन खोज्दा उनले सहकारीसमेत डुबाए । जसमा सिआइबीले चौलागाईंसहित तीनजनालाई पक्राउ गरी मुद्दा दायर गरेको छ । उनीसहित पक्राउ परेका दीपक केसी र राजेन्द्र खत्रीलाई जिल्ला अदालत ललितपुरले गत साता थुनामा पठाएको छ ।

प्रहरीले रवीन्द्रकी श्रीमती पूजासहित ११ जनालाई फरार प्रतिवादी बनाएर मुद्दा दायर गरेको छ । मुद्दा दायर हुने अन्यमा महेश देउला, मनोज भण्डारी, मनोहर बस्नेत, आशालाल महर्जन, सुमन महर्जन, अस्मिता खत्री, गोवर्धन थापा, राजु महर्जन, नारायणमौसक कुँवर र विकास महर्जनलाई फरार प्रतिवादीका रूपमा ठगी र संगठित अपराधसम्बन्धी कसुरअनुसार मुद्दा दायर गरेको हो । संस्थामा दुई अर्ब ५५ करोड निक्षेप देखिए पनि ६६ करोडको मात्र जाहेरी परेपछि त्यहीअनुसार प्रहरीले बिगो कायम गरी मुद्दा दायर गरेको हो । मुद्दा दायर गरेपछि पनि थप जाहेरी आइरहेको र त्यस विषयमा अनुसन्धान भइरहेको सिआइबीका एसपी नवराज अधिकारीले बताए ।

नेपालमै पहिलोपटक...

पृष्ठ १ बाट क्रमशः

उनले भने, 'मेसिन फिट गरेर सञ्चालनको लागि तयारी पूरा भइसक्यो । सबै काम अब यहीँको जनशक्तिले गर्न सक्छ ।' बिरामीको शरीरका भित्री कोष तथा नलीहरूमा हुने सूक्ष्म क्यान्सरको समेत उपचारमा यो मेसिन प्रभावकारी मानिन्छ । रेडियो थेरापीभन्दा निकै उच्चस्तरको यो उपकरणबाट निस्किने विकिरण (रेडियसन)ले क्यान्सर लागेको ठाउँका सेलहरू मात्रै मार्छ । यसले कपालको रौंबराबरको कोषलाई पनि छुट्याएर क्यान्सर लागेको र नलागेको वर्गीकरण गर्न सक्छ भने यसको प्रयोग गर्दा क्यान्सरले नछोएका सेलहरू मर्ने सम्भावना नहुने चिकित्सकहरू बताउँछन् । रेडियो थेरापीले भने क्यान्सर लागेको ठाउँमा विकिरण पठाउँदा अन्य ठाउँका सेल पनि मार्ने बढी सम्भावना हुन्छ । रेडियो थेरापीमा कतिपय अवस्थामा क्यान्सर निको भएको ठानिए पनि फेरि ब्युँतिने गर्छ भने टोमोथेरापीले विकिरण दिँदा क्यान्सर पूर्ण निको हुने बताइन्छ ।

अत्याधुनिक यो सेवा लिन नेपालका कयौँ बिरामी भारत पुग्ने गरेका छन् । भारतका निजी अस्पतालमा टोमोथेरापी सेवा लिन कम्तीमा पाँच लाख भारतीय रुपैयाँ (आठ लाख नेपाली रुपैयाँ)तिर्नुपर्छ । तर, वीरले डेढ लाखमै यो सेवा दिने गरी सञ्चालनको तयारी गरेको न्याम्सका उपकुलपति बस्नेतले बताए ।

इन्द्रेणी मसरुम फार्म लिमिटेड
चन्द्रागिरी-१२, बलम्बु, काठमाडौं, फोन नं.: ४३११४२८

नवौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/०८/२४ गते)

यस इन्द्रेणी मसरुम फार्म लिमिटेडको मिति २०८०/०८/१५ गते शुक्रबार बसेको संचालक समितिको आठौं बैठकको निर्णय अनुसार कम्पनीको नवौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले कम्पनीको ऐन, २०६३ को दफा ६७ को व्यवस्था अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सभा बस्ने मिति, समय र स्थान :

मिति : २०८० साल पौष १५ गते आईतबार (31st December, 2023) ।
समय : अपरान्ह १२:०० बजे ।
स्थान : त्रिशक्ति ब्याङ्क्वेट, गुर्जुधारा, काठमाण्डौ (यातायात कार्यालय जाने बाटो) ।

छलफलका विषयहरु :

क) साधारण प्रस्तावहरु :
१. आर्थिक वर्ष २०७९/८० को संचालक समितिका तर्फबाट अध्यक्ष ज्यूको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको २०८० असार मसान्तको वासलात, नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण तथा तत् सम्बन्धी अनुसूचीहरु छलफल गरी पारित गर्ने ।
३. आ.व. २०८०/८१ को लागि लेखापरिक्षकको नियूक्ति र पारिश्रमिक निर्धारण गर्ने ।
४. संचालक समितिको निर्वाचन ।

ख) विशेष प्रस्ताव :
१. कम्पनीको अधिकृत पूँजी र जारी पूँजी बृद्धि गर्ने ।
२. कम्पनीको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संसोधन गर्ने । यस सम्बन्धमा नियमनकारी निकायहरुवाट फेरबदल गर्न निर्देशन भएमा आवश्कता अनुसार थपघट, परिमार्जन, संशोधन, भाषागत लगायत अन्य सुधार समेतका लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।

ग) विविध :

संचालक समितिको आज्ञाले
सचिव

कुमारी बैंक लिमिटेड, शाखा कार्यालय खुसिबु, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०८/२६ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय खुसिबु, काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सुचित गरीन्छ ।**

तपसिल

ऋणीहरुको विवरणः
१. प्राईभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभागमा मिति २०७४/०२/२१ मा दर्ता नं १३५०९४/७३/७४ कायम भई काठमाण्डौ जिल्ला, नागर्जुन न.पा वडा नं ०१, स्थित रजिष्टर्ड कार्यालय रहेको **सुप्रल सप्लायर्स** (प्रोप्राइटर चन्द्रकान्त खनालको नाती, ऋषि प्रसाद खनाल/तारा देवी खनालको छोरा, गोरखा जिल्ला आरुघाट गा.पा वडा नं ०९ बस्ने **सुजन खनाल** (ना.प्र.नं ७१६४७, जारी मिति २०५६/०४/१२, जि.प्र.का गोरखा) ।
२. ऋषी प्रसाद खनालको बुहारी, सुजन खनालको पत्नी, गगनध्वज काप्रीको छोरी गोरखा जिल्ला, आरुचनौटे गा.वि.स वडा नं. ०१ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, ईचंगुनारायण न.पा. वडा नं. ०९, बस्ने **लक्ष्मी क्षेत्री खनाल** (ना.प्र.नं. १०६२५८, जारी मिति २०६०/०८/१२, जिल्ला प्रशासन कार्यालय गोरखा) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरणः
१. चन्द्रकान्त खनालको नाती, ऋषि प्रसाद खनाल/तारा देवी खनालको छोरा, गोरखा जिल्ला आरुघाट गा.पा वडा नं ०९ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, ईचंगुनारायण न.पा. वडा नं ०९, बस्ने **सुजन खनाल** (ना.प्र.नं. ७१६४७ जारी मिति २०५६/०४/१२ जि.प्र.का गोरखा) ।
२. ऋषी प्रसाद खनालको बुहारी, सुजन खनालको पत्नी, गगनध्वज काप्रीको छोरी गोरखा जिल्ला, आरुचनौटे गा.वि.स वडा नं. ०१ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, ईचंगुनारायण न.पा. वडा नं. ०९, बस्ने **लक्ष्मी क्षेत्री खनाल** (ना.प्र.नं. १०६२५८, जारी मिति २०६०/०८/१२, जिल्ला प्रशासन कार्यालय गोरखा) ।

धितो सुरक्षणको विवरण
१. **सुजन खनाल**को नाममा मालपोत कार्यालय कलंकी काठमाण्डौमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, ईचंगुनारायण वडा नं ९ स्थित कित्ता नं. १४१ क्षेत्रफल १२७.२० (ब.मि) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. **लक्ष्मी क्षेत्री खनाल**को नाममा मालपोत कार्यालय डिल्लिबजार काठमाण्डौमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं १६ स्थित कित्ता नं. ३०५ क्षेत्रफल ३१७.९० (ब.मि) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
३. धनि कुमारी बैक लि.र ऋणी **सुप्रल सप्लायर्स** कायम भई बाग्मती प्रदेश यातायात व्यवस्था कार्यालय, ललितपुरमा दर्ता कायम रहेको चे.नं. MA3NVFB1SKB515969, ई.नं. D13A0796225, सवारी नं. प्रदेश ३-०१ ०२२ च-३७९१, सवारी मोडल Maruti Vitara Brezza ZDI+ थान १ ।
४. ऋणी **सुप्रल सप्लायर्स**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय खुसिबु, काठमाण्डौ फोन नं. ०१५-३६०५७१

वर्षौं आउँदैन...

पृष्ठ १ बाट क्रमशः

इजलासबाट मागबमोजिम हुने अन्तिम आदेश भएको छ । बमकुमार सेवानिवृत्त भइसके । तर, यसको पनि पूर्ण पाठ तयार भएको छैन । एक वर्षअघि नै गैरकानुनी सम्पत्ति आर्जनका प्रतिवादी युवराज शर्माको मुद्दामा फैसला भयो । तर, सर्वोच्चको पूर्ण इजलासबाट शर्मा प्रतिवादी रहेको उक्त मुद्दामा २८ असार ०७९ मै फैसला भए पनि हालसम्म त्यसको पूर्ण पाठ आएको छैन ।

न्यायाधीशहरू सपना प्रधान मल्ल, मनोजकुमार शर्मा र कुमार चुडालको इजलासबाट विशेष अदालतको फैसलालाई केही उल्टी गर्ने फैसला भएको थियो । फैसलाको पूर्ण पाठ नआउँदा उस्तै प्रकृतिका केही मुद्दामा सुनुवाइ रोकिएका छन् । गैरकानुनी सम्पत्ति आर्जनका मुद्दा मात्र होइन, अन्य महत्त्वपूर्ण मुद्दामा समेत सर्वोच्चबाट समयमा विस्तृत फैसला आउने गरेको छैन ।

समयमै पूरा फैसला तयार नहुँदा अन्य मुद्दासमेत प्रभावित बन्ने गरेका छन् । इजलासमा पक्षहरूले नजिरका रूपमा पेस गर्न सक्ने सम्भावित मुद्दाका पूर्ण पाठ वर्षौं तयार हुँदैनन् ।

पूर्ण पाठ आउन ढिला हुनुमा धेरै कारण देखिन्छन् । सर्वोच्चकै पूर्वन्यायाधीश अनिलकुमार सिन्हाको अनुभवमा फैसला टिपोट व्यवस्थापन हुन नसक्दा फैसलालेखनमा न्यायाधीशलाई कठिनाइ हुने गरेको छ । 'मुद्दाको मिसिल हेरेर मुख्य कुरा टिपोट गर्नेदेखि सुनुवाइका सबै विषय टिपोट गर्दै गए न्यायाधीशलाई केवल फैसला खण्ड लेख्नुपर्ने हुन्छ र सजिलो हुन्छ,' उनले भने, 'तर, त्यही दिन सुनुवाइ गर्नुपर्ने, ठूला मुद्दाको फाइल हेरेर फैसला गर्नुपर्ने हुँदा न्यायाधीशलाई पनि समय चाहिन्छ । अधिकांश मुद्दामा सुरुमै मिसिलको तथ्य केलाएर कर्मचारीले टिपोट गर्ने गरेको पाइँदैन । कर्मचारी अभाव र त्यसमा पनि तालिमप्राप्त दक्ष कर्मचारी नहुनु पनि समस्या हो ।' न्यायाधीश संख्या अपर्याप्त हुँदा र भएकाहरूले पनि साताको ६ दिन नै पूरा समय सुनुवाइ गर्नैपर्ने कारणले फैसलालेखनमा समय लाग्ने गरेको उनको भनाइ छ ।

बन्दी प्रत्यक्षीकरणबाहेकका मुद्दामा सर्वोच्चले प्रायः पूर्ण पाठ तयार गर्न समय लगाउने गरेको अनुभव कानुन व्यवसायीको छ । 'राजनीति जोडिएका वा संवैधानिक विवादमा प्रायः पूरा फैसला तयार गर्न ढिलाइ हुने गरेको छ,' अधिवक्ता लीलामणि पौडेल भन्छन्, 'कतिपय न्यायाधीश सेवानिवृत्त हुँदा पनि फैसलाको पूर्ण पाठ तयार नहुने गरेको देखिन्छ ।'

तत्काल कार्यान्वयनमा जानुपर्ने प्रकृतिको फैसलामा कहिलेकाहीँ सर्वोच्चले पूर्ण पाठ नआएसम्म कार्यान्वयनका लागि पत्र दिन पनि आनाकानी गर्ने गरेको उनले बताए । 'उस्तै विषय समावेश रहेको मुद्दा विचाराधीन भएको अवस्थामा त्यो फैसला भएर पनि पूर्ण पाठ नआउँदा त्यसलाई अध्ययन गर्न, के व्याख्या भएको भनेर त्यसलाई उस्तै प्रकृतिको अर्को मुद्दामा आधार मान्न सकिँदैन,' नेपाल बार एसोसिएसनका पूर्वमहासचिवसमेत रहेका पौडेलले भने, 'अनि फैसला गर्दा उस्तै प्रकृतिका मुद्दामा दुईथरी फैसला आउन सक्ने सम्भावना हुन्छ ।'

सामान्यतया निर्णय सुनाएपछि सात दिनभित्र पूरा फैसला तयार गर्नुपर्ने र नयाँ सिद्धान्त वा नजिर कायम गर्ने किसिमको विषय भएमा फैसला तयार गर्न सर्वोच्चसँग १५ दिनसम्मको समय हुन्छ । सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ९१ ले यस्तो व्यवस्था गरेको छ ।

यसैगरी, मुलुकी देवानी कार्यविधि संहिताको दफा १९८ मा न्यायाधीशले गरेको निर्णयका आधारमा अदालतले २१ कार्यदिनभित्र फैसला तयार गरिसक्नुपर्ने उल्लेख छ । साथै, मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १३१(६)ले न्यायाधीशले एक महिनाभित्र फैसला लेखी मिसिल संलग्न राख्नुपर्ने व्यवस्था गरेको छ ।

तर, तोकिएको उक्त समय निकै कम रहेको सर्वोच्च प्रशासनले जनाएको छ । मुद्दाको चाप, न्यून जनशक्ति र मुद्दाका प्रकृतिका आधारमा पूर्ण पाठ दिन २१ दिन कम हुने सर्वोच्चका सहप्रवक्ता गोविन्दप्रसाद घिमिरेले बताए । न्याय सम्पादन र न्याय प्रशासन दुवैतिर जनशक्तिको कमीका कारण यस्तो हुने गरेको दाबी सर्वोच्चको छ ।

सर्वोच्चको इजलास अधिकृत तथा फैसला तयार गर्न उपसचिवस्तरका कर्मचारी आवश्यक भए पनि नियुक्ति नहुँदा कठिनाइ भइरहेको सहप्रवक्ता घिमिरेले बताए । साथै, न्यायाधीशको संख्या पनि कम रहेको उनको भनाइ छ । 'संहितामा २१ दिनभित्र फैसला दिनुपर्ने जुन प्रावधान छ, त्यो जिल्ला र उच्चका लागि ठीक भए पनि सर्वोच्चको हकमा प्राविधिक रूपमा अहिले सम्भव छैन । किनकि, यहाँ कहिले सय-दुई सय पृष्ठका फैसला पनि हुन्छन् । पूर्ण र संवैधानिक इजलास छन्,' घिमिरेले भने, 'एउटा फैसला लेख्न इजलासका सबै श्रीमान्‌का कुरा फैसलाभित्र राख्नुपर्छ, धेरै विषय थपघट गर्नुपर्छ, गहिरो रिसर्च गर्नुपर्छ, नजिर र सिद्धान्तको व्याख्या गर्नुपर्छ ।'

उही कर्मचारी इजलासमा पनि बस्नुपर्ने र फैसलालेखनमा पनि संलग्न हुनुपर्ने हुँदा बढ्दो मुद्दा संख्या पनि चुनौती रहेको सर्वोच्चको भनाइ छ । अहिले सर्वोच्चमा २८ हजार ३३ वटा मुद्दा किनारा हुन बाँकी छन् । यसरी विचाराधीन रहेकामध्ये चार हजार तीन सय ३१ वटा त पाँच वर्षभन्दा पहिलेका छन् । १५ हजारभन्दा केही बढी मुद्दा सर्वोच्चमा दर्ता भएको दुई वर्ष नाघिसकेको छ । साप्ताहिक बिदा र दसैं-तिहार बिदामा समेत अधिकृतस्तरका कर्मचारी फैसलालेखनका लागि सर्वोच्च आउने गरेको घिमिरेको भनाइ छ । प्रोत्साहन भत्ता नहुँदा पनि कार्यालय समयभन्दा बढी बसेर पनि फैसलालेखनमा व्यस्त रहने गरेको उनले बताए । यद्यपि, पुराना मुद्दा फस्र्योट गर्ने सर्वोच्चको कार्ययोजनाअनुसार शुक्रबार पनि ५ बजेसम्मै इजलास सञ्चालन भइरहेको उनको भनाइ छ ।

कतारले...

पृष्ठ १ बाट क्रमशः

कारण सरेको थियो । उनी मध्यपूर्वबाट नेपाल भ्रमण गर्ने पहिलो राष्ट्रप्रमुख हुनेछन् । 'अप्रिल तेस्रो साता कतारका अमिरले नेपाल भ्रमण गर्नुहुन्छ । मैले प्रधानमन्त्रीसँग उहाँको भ्रमणलाई नेपालले उच्च प्राथमिकतामा राखेको र व्यग्रतापूर्वक प्रतीक्षा गरिरहेको जानकारी गराएँ,' परराष्ट्रमन्त्री साउदले भने, 'उहाँको भ्रमण सफल बनाउन हाम्रातर्फबाट सबै प्रयत्न रहनेछ । भ्रमणलाई ऐतिहासिक बनाउन नेपालले कुनै कसर बाँकी राख्नेछैन ।'

कतारका प्रधानमन्त्रीले नेपालसँगको सम्बन्धलाई कतारले प्राथमिकतामा राखेको जवाफ दिएका थिए । उनीसँग व्यापार र लगानीलगायतका विषयमा छलफल भएको थियो । कतार फ्रन्ट फर डेभलपमेन्टबाट हुने विकास सहयोगका विषयमा पनि छलफल भएको थियो । परराष्ट्रमन्त्री साउद दोहामा जारी विभिन्न मुलुकका राष्ट्रप्रमुख, सरकार प्रमुख, विदेशमन्त्री, निजी क्षेत्र, थिंक ट्यांक, सञ्चारकर्मी सम्मिलित दोहा फोरम २०२३ मा वक्ताका रूपमा सहभागी छन् ।

बिरामी...

पृष्ठ १ बाट क्रमशः

उपमहानगरपालिका- ४, बाट चरेससहित एम्बुलेन्स र चालकलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरीले जनाएको छ । बझाङबाट ल्याइएको चरेस कसको हो भन्नेबारे अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक चन्दले बताए ।

सोमबार नै प्रहरीले धनगढी उपमहानगरपालिका- ३, त्रिनगर भन्सार नाकाबाट लागुऔषधसहित दुईजनालाई पक्राउ गरेको छ । डोटीको केआइसिंह गाउँपालिका- १ घर भएका २० वर्षीय निश्चल शाही र केआइसिंह- २, घर भएका २१ वर्षीय मनोज रावललाई पक्राउ परेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । उनीहरूको साथबाट एक सय ३० मिलिग्राम लागुऔषध खैरो हेरोइन बरामद गरिएको प्रहरी नायब उपरीक्षक चन्दले जानकारी दिए ।

महासमिति बैठक सार्ने देउवाको प्रयास

महासमिति बैठकबारे रणनीति बनाउन शेखरले बोलाए इतर समूहको भेला

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका



नीति अधिवेशन गर्ने गरी हुन लागेको महासमिति बैठकबारे छलफलका लागि कांग्रेस सभापति शेरबहादुर देउवाले केन्द्रीय कार्यसम्पादन समितिको बैठक बोलाएका छन्। आगामी शुक्रबार बस्ने बैठकमा तीनवटा एजेन्डा तय भएको छ। मुख्यसचिव कृष्णप्रसाद पौडेलका अनुसार बैठकमा महासमिति बैठक, जाजरकोट भूकम्प र समसामयिक राजनीतिक एजेन्डा समावेश छन्।

स्रोतका अनुसार बैठकमा सभापति देउवाले १६ देखि १९ पुससम्मका लागि तय भएको महासमिति बैठकको मिति सार्ने प्रस्ताव लाने तयारी गरेका छन्।मध्यपुसमा ठण्डी बढ्ने र माघमा राष्ट्रियसभाको निर्वाचनमा ध्यानकेन्द्रित गर्नुपर्ने भएकाले फागुनका लागि महासमिति बैठकको मिति प्रस्ताव गर्नसक्ने नेताहरूको भनाइ छ।

कांग्रेस नेता डा. शेखर कोइरालाले बुधबार इतर समूहको भेला बोलाएका छन्। भेलामा आफूपक्षीय पदाधिकारी, केन्द्रीय सदस्य, प्रदेश सभापति र १४औं महाधिवेशनमा उम्मेदवार रहेकाहरूलाई बोलाइएको छ। केन्द्रीय सदस्य डा. गोविन्दराज पोखरेलका अनुसार भेला महासमिति बैठकमा प्रस्तुत हुने रणनीतिका विषयमा केन्द्रित हुनेछ। 'कार्यसम्पादन समिति बैठकअघि इतर समूहको भेला बत्तीसपुतलीस्थित अनुपम फुडल्यान्डमा बस्न लागेको हो। छलफल महासमिति बैठक केन्द्रित हुनेछ,' उनले भने।

कोइरालाले मंगलबार भेला डाकेका थिए। तर, कुनै सल्लाहविना कोइरालाले भेलाको मिति तय गरेपछि महामन्त्री गगन थापा असन्तुष्ट बनेका थिए। मंगलबार नै थापाको मधेश प्रदेशमा कार्यक्रम तय भएको थियो। निर्धारित कार्यक्रम रद्द गरेर भेलामा सहभागी हुन नसक्ने भएपछि बुधबारका लागि भेला सारिएको हो। केन्द्रीय सदस्य अर्जुननरसिंह केसीले सबैको सल्लाहमा बुधबारका लागि बैठक सारिएको जानकारी दिए। 'सबैको सहमतिमा बुधबारका लागि बैठक सारिएको हो। यसमा कुनै विवाद छैन,' उनले भने। शुक्रबारका लागि तय कार्यसम्पादन समिति बैठकमा सभापति देउवाले महासमिति बैठकको मिति सार्ने प्रस्ताव गर्नसक्ने भएकाले इतर समूहले त्यसअघि नै आफ्नो धारणा तय गर्ने भएको छ।

यस्तै, कांग्रेसले भूकम्प प्रभावित जाजरकोट र रुकुम पश्चिममा मंगलबारबाट दोस्रो चरणको कार्यक्रम थाल्ने भएको छ। महामन्त्री गगन थापाको संयोजकत्वमा बसेको भूकम्प प्रभावित क्षेत्र केन्द्रीय अनुगमन तथा व्यवस्थापन सहजीकरण समितिको बैठकले २६ मंसिरदेखि ६ पुससम्म दोस्रो चरणको कार्यक्रम गर्ने निर्णय गरेको हो। मुख्यसचिव कृष्णप्रसाद पौडेलका अनुसार बैठकले हजारवटा अस्थायी घरटहरा बनाउने अभियानअन्तर्गत दोस्रो चरणको कार्यक्रम घोषणा गरिएको हो। यसक्रममा अस्थायी घरटहरा निर्माणका लागि केन्द्रीय सदस्यको नेतृत्वमा घरटहरा निर्माण, समन्वय र सहजीकरणका लागि नयाँ टोली खटिने कांग्रेसले जनाएको छ।

कार्यकाल आठ महिना बाँकी छँदै संसद्का महासचिव गौतमको राजीनामा

कमलराज भट्ट/नयाँ पत्रिका



कार्यकाल सकिनुभन्दा करिब आठ महिनाअगावै संघीय संसद्का महासचिव डा. भरतराज गौतमले पदबाट राजीनामा दिएका छन्। २२ वैशाख ०७७ मा महासचिव नियुक्त भएका गौतमले घरायसी कारण देखाउँदै राजीनामा दिएका हुन्। राष्ट्रपति रामचन्द्र पौडेलले गौतमको राजीनामा स्वीकृत गरिसकेका छन्।

गौतमको राजीनामा स्वीकृत भएसँगै प्रतिनिधिसभा सभामुख र राष्ट्रिय सभा अध्यक्षले संविधानको धारा १०६ बमोजिम संयुक्त रूपमा प्रतिनिधिसभाका सचिव पद्मप्रसाद पाण्डेयको नाम संघीय संसद्को महासचिवमा सिफारिस गरेका छन्। सभामुख देवराज घिमिरे र राष्ट्रिय सभा अध्यक्ष गणेश तिमिल्सिना आफैं सोमबार शीतलनिवास पुगेर राष्ट्रपति पौडेललाई पाण्डेयको नाम सिफारिस गरेको संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले जानकारी दिए। 'महासचिवज्यूले घरायसी कारण देखाएर दिनुभएको राजीनामा स्वीकृत भइसकेको छ। प्रतिनिधिसभाका सचिवको नाम नयाँ महासचिवमा सिफारिस गरिएको छ,' उनले भने।

गौतमले घरायसी कारण भने पनि संसद् सचिवालयका पदाधिकारी र जानकारहरूले राजीनामाको राजनीतिक कारण भएको बताएका छन्। उनीहरूका अनुसार संसद्को प्रशासनिक नेतृत्वमा पकड कायमै राख्ने योजनाअनुरूप गौतमको राजीनामा आएको हो। हाल संसद्को कार्यकारी नेतृत्व र प्रशासनिक नेतृत्व दुवैमा एमाले नेता छन्। सभामुख घिमिरे, राष्ट्रिय सभा अध्यक्ष तिमिल्सिना, महासचिव गौतम र दुवै सभाका सचिव एमालेनिकट नै हुन्। यसमध्ये अध्यक्ष तिमिल्सिना ६ वर्षे कार्यकाल पूरा गरेर आगामी २० फागुनमा राष्ट्रिय सभाबाट बिदा हुँदै छन्। ११ माघमा हुने राष्ट्रिय सभा चुनावमा सत्तापक्ष दलहरूको गठबन्धन हुँदा एमाले सबै ठाउँमा पराजित हुने अवस्था छ। गठबन्धनले जित्दा अबको राष्ट्रिय सभा अध्यक्ष पनि सत्तापक्षीय दलहरूबाटै हुनेछ। यस्तोमा ३ भदौ ०८१ सम्म कार्यकाल भएका गौतमको पदावधि सकिने वेला राष्ट्रिय सभा अध्यक्ष सत्तापक्ष (कांग्रेस वा माओवादी)को तथा सभामुख एमालेको हुने र एमालेले चाहेको व्यक्ति महासचिव बन्न नसक्ने अवस्था बन्न सक्थ्यो।

गौतमलाई महासचिव बनाएको नजिर हेर्दा सभामुखले चाहेकोभन्दा राष्ट्रिय सभा अध्यक्ष तथा प्रधानमन्त्रीले चाहँदै भएको थियो। गौतम महासचिव नियुक्त हुँदा सभामुख र अध्यक्षको मतभिन्नता देखिएको थियो। तत्कालीन सभामुख अग्नि सापकोटा प्रतिनिधिसभाका तत्कालीन सचिव गोपालनाथ योगीलाई महासचिव बनाउन चाहन्थे। अध्यक्ष तिमिल्सिना र तत्कालीन प्रधानमन्त्री केपी ओलीको जोडबल गौतमकै नाममा थियो। अन्ततः सभामुख पछि हटेर गौतम महासचिव बनेका थिए। महासचिवको राजीनामा र नयाँ सिफारिसको प्रक्रियामा राज्यव्यवस्था समिति सभापति रामहरि खतिवडाले प्रश्न उठाएका छन्।

धुर्वेहात्ती तेस्रोपटक स्याटेलाइटको निगरानीमा

भरतपुरमा **विवेक पोखेल**

मानव बस्तीमा पसेर उत्पात मच्चाउने गरेको जंगली हात्ती धुर्वेलाई 'रेडियो कलर' लगाएर निगरानी थालिएको छ। मत्ता हात्ती धुर्वेलाई चितवन राष्ट्रिय निकुञ्ज प्रशासन, नेपाली सेना, भेटेरिनरी प्राविधिक टिमको संयुक्त टोलीले एक महिनाको प्रयासपछि सोमबार 'डार्ट' गरी बेहोस बनाइएर घाँटीमा जिपिएस प्रविधिसहितको 'रेडियो कलर' लगाएको हो। टोलीले हात्तीका ठूला दुइटै दाह्रा पनि काटेको निकुञ्जका सूचना अधिकारी तथा सहायक संरक्षण अधिकृत गणेशप्रसाद तिवारीले जानकारी दिए।

'रेडियो कलर' जडान गरेपछि हात्ती कहाँ छ र के गर्दै छ भन्ने विषयमा निकुञ्जले सहज रूपमा निगरानी गर्न सक्नेछ। 'अरू हात्तीभन्दा चलाख भएकाले धुर्वेलाई 'रेडियो कलर' जडान निकै कठिन भयो,' तिवारीले भने, 'पोथी हात्तीलाई प्रयोग गरेर हामीले धुर्वेलाई सुकिभार क्षेत्रको खुला चौर ल्याएर बेहोस बनाई 'रेडियो कलर' जडान गरेका हौं।'

हात्तीले बस्तीमा पसेर घरगोठ भत्काउने, थन्काएर राखेको अन्नबाली नष्ट गर्नेजस्ता गतिविधि गर्दै आएको मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति चितवन राष्ट्रिय निकुञ्ज कसराका अध्यक्ष प्रकाश ढुंगानाले बताए। 'रेडियो कलर जडान गरेसँगै बस्ती पस्न लागेको भए जनतालाई सूचना दिन र वेलैमा भगाउन टोली परिचालित गर्न पनि सजिलो हुनेछ,' उनले भने। धुर्वेहात्तीको शरीरमा 'रेडियो कलर' तेस्रोपटक जडान गरिएको हो। पहिलोपटक ०६९ र दोस्रोपटक ०७७ मा जडान गरिएको थियो। घाँटीमा पेटी बनेकोझैं राखिने यो कलर कति समयसम्म हुन्छ भन्ने वन्यजन्तुको व्यवहारमा भर पर्छ। हात्तीले घाँटीको भाग रूख वा ठोस चिजमा रगेट्दा, आपसमा जुद्धा वा पुरानो भएर खस्ने गर्छ।

कुनै समय चितवन राष्ट्रिय निकुञ्जका सुरक्षाकर्मीले धुर्वेहात्ती मार्न ६० भन्दा बढी राउन्ड गोली प्रहार गरेका थिए। हिंस्रक वन्यजन्तुलाई गरिएको यो सबैभन्दा ठूलो कारबाही हो। ०६९ पुसतिर गोली हानिए पनि कति गोली उछिट्टिए, कति गोली हात्तीको शरीरमा लागे त्यसको आधिकारिक तथ्यांक छैन। जानकारहरू धुर्वेलाई कम्तीमा पनि २०-२२ वटा गोली लागेको अनुमान गर्छन्। सो समयमा धुर्वेलाई मार्ने आदेश थियो। गोली प्रहारपछि अचानक हराएपछि धुर्वे जोगिएको थियो। धुर्वेको नियन्त्रणका लागि राज्यको लाखौं रुपैयाँ खर्च गरिसकेको छ। ४२ वर्षमाथिको हात्ती धुर्वेले अहिलेसम्म २२ जनाभन्दा बढी मानिसको ज्यान लिइसकेको निकुञ्जको अनुमान छ।

आवश्यक्ता

(प्रथम पटक प्रकाशित मिति २०८०/८/२६)

कास्की जिल्ला सिल्दुजुरे गा.वि.स. हाल मादी गाउँ पालिका स्थित सन्चालनमा रहेको २५ मेगावाटको माथिल्लो मादी जलविद्युत आयोजना लागि निम्न दक्ष कामदाहरुको आवश्यक्ता परेको हुँदा इच्छुकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र निम्न ठेगानामा आवेदन दिनु हुन अनुरोध गरिन्छ।

सि.नं	पद	योग्यता	अनुभव
1	**Mechanical Engineer**	ME (Electrical)	सम्बन्धित काममा कम्तिमा ७ वर्ष को अनुभव भएको चिनियाँ र अंग्रेजी भाषामा दक्ष एवम कम्प्युटरको राम्रो ज्ञान भएको
2	**Secretary**	BBA/ BBS	सम्बन्धित काममा कम्तिमा ३ वर्ष को अनुभव भएको चिनियाँ र अंग्रेजी भाषामा दक्ष एवम कम्प्युटरको राम्रो ज्ञान भएको
3	**Business Supervisor**	BA /BBS	सम्बन्धित काममा कम्तिमा ३ वर्ष को अनुभव भएको चिनियाँ र अंग्रेजी भाषामा दक्ष एवम कम्प्युटरको राम्रो ज्ञान भएको

१. **गर्नु पर्ने कामको विवरण** : आयोजनाको आवश्यक्ता अनुसार
२. **काम गर्नु पर्ने क्षेत्र तथा स्थल** : आयोजना स्थल
३. **कार्यरत रहने अवधि** : १ वर्ष
४. **संलग्न कागजातहरु** : शैक्षिक प्रमाण पत्र र अनुभवका कागजहरु

सम्पर्क ठेगाना :

१. मादी पावर प्रा लि
(माथिल्लो मादी जलविद्युत आयोजना)
आयोजना स्थल
मादी ७, कास्की, गण्डकी, इमेल: madipower2gad@gmail.com

२ . मादी पावर प्रा लि
(माथिल्लो मादी जलविद्युत आयोजना)
आयोजनाको कार्यलय, बालुवटार, काठमाडौं

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौं
फोन: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति : २०८०/०८/२६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय सल्लिबजार, सल्यानबाट तपसिल बमोजिमको कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, ब्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतिस**) **दिन भित्र** यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दे-दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाइ यसै सूचना मार्फत सूचित गरिन्छ। अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणीको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणीलाई कालोसूचीमा समेत सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ।

तपसिल

ऋणी/प्रोप्राइटर/जमानिकर्ताको विवरण	जमानीकर्ताको विवरण
ऋणीको नामः कमल ग्रील उद्योग दर्ता नं. : ३००६/०७३/०७४ दर्ता मिति : २०७३/०७/११ पान नं.: ६१७६१५५०३ ठेगाना : गुर्भाकोट-०९, सुर्खेत **प्रोप्राइटर/जमानीकर्ताको नाम : मन बहादुर बुढा** बाबुको नामः खुईलो बुढा बाजेको नामः नरे बुढा ठेगानाः माझकाँडा -०८, सल्यान हालको ठेगानाः बनगाड कुपिण्डे -११, सल्यान ना.प्र.प.नं.: ५५-०१-७२-०९०८८ जारी मितिः २०७२/१२/१८ जारी गर्ने कार्यालयः जि.प्र.का. सल्यान **कर्जा शिर्षक : एस.एम.ई. अधिविकर्ष कर्जा** **कर्जा लिएको शाखा कार्यालय : सल्लिबजार, सल्यान**	**क) नाम : जानुका ढकाल बुढा** बाबुको नामः ज्ञान बहादुर ढकाल पतिको नामः मन बहादुर बुढा ससुराको नामः खुईलो बुढा ठेगानाः बनगाड कुपिण्डे -११, सल्यान ना.प्र.प.नं.: ५५-०१-७४-०१७४५ जारी मितिः २०७४/०४/१० जारी गर्ने कार्यालयः जि.प्र.का., सल्यान **सुरक्षणमा रहेको धितोको विवरणः** १) श्री मालपोत कार्यालय सल्यानमा श्री मन बहादुर बुढाको नाममा दर्ता कायम रहेको जिल्ला सल्यान, माझखर्क-०८, स्थित कि.नं. १९५३ को क्षेत्रफलः १२७.१६ व.मी रहेको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । २) श्री मालपोत कार्यालय सल्यानमा श्री जानुका ढकाल बुढाको नाममा दर्ता कायम रहेको जिल्ला सल्यान, माझखर्क-०८, स्थित कि.नं.१९५२ को क्षेत्रफलः १२७.१६ व.मी रहेको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय गैंडाकोट, नवलपुरको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/०८/२६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण

१. चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ९ स्थित रजिष्टर्ड कार्यालय रहि प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय भरतपुर, चितवनमा मिति २०६९/०८/२१ गते प्रा.फ.द.नं. ७१२/०६९/७०, तथा आन्तरिक राजस्व कार्यालय भरतपुर, चितवनमा मिति २०६९/०८/२१ मा स्थायी लेखा नं. ६००८७४०६३ अन्तर्गत दर्ता कायम भएको **एस. एल इन्टरप्राइजेज ।**

२. चितवन जिल्ला, भरतपुर न.पा. वडा नं. १० स्थित रजिष्टर्ड कार्यालय रहि प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय भरतपुर, चितवनमा मिति २०६९/०१/१० गते रोज १ मा प्रा.फ.द.नं. ९५८/०६८/०६९ तथा आन्तरिक राजस्व कार्यालय भरतपुर, चितवनमा मिति २०६५/१०/२९ मा स्थायी लेखा नं. ३०३३६७०५१ अन्तर्गत दर्ता कायम भएको **एल एस मार्केटिड ।**

ऋणी तथा व्यक्तिगत जमानीकर्ताको विवरण

देविलाल गौतमको बुहारी, चन्द्र प्रसाद गौतमको पत्नी, चितवन जिल्ला, साविक भरतपुर उ.म.न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ७ बस्ने **लक्ष्मी गौतम आचार्य** (ना.प्र.नं. ४७५९६, जारी मिति २०६६/०४/१५, जि.प्र.का. चितवन)।

व्यक्तिगत जमानीकर्ताको विवरण

टिकाराम गौतमको नाति, देविलाल गौतमको छोरा, चितवन जिल्ला, साविक भरतपुर उ.म.न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ७ बस्ने **चन्द्र प्रसाद गौतम** (ना.प्र.नं. ३५-१०३०-०४४, जारी मिति २०५६/०२/१७, जि.प्र.का. चितवन)।

धितोको विवरण

१. **एस. एल इन्टरप्राइजेज, एल एस मार्केटिड र लक्ष्मी आर्चाय गौतमले उपयोग गर्ने कर्जाको लागि संयुक्त नाममा धितोबन्धक कायम** टिकाराम गौतमको नाति, देविलाल गौतमको छोरा, चितवन जिल्ला, साविक भरतपुर उ.म.न.पा. वडा नं. ७, स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ७ बस्ने चन्द्र प्रसाद गौतम (ना.प्र.नं. ३५-१०३०-०४४, जारी मिति २०५६/०२/१७, जि.प्र.का. चितवन) को नाममा दर्ता भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको चितवन जिल्ला, कल्याणपुर गा.वि.स वडा नं. ७ स्थित कि.नं १८४७ को क्षेत्रफल ०-१-१०.७५ (बि.क.धु.) बमोजिमको घर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलागापात समेत ।

२ **एस. एल इन्टरप्राइजेज, एल एस मार्केटिड र लक्ष्मी आर्चाय गौतमले उपयोग गर्ने कर्जाको लागि संयुक्त नाममा धितोबन्धक कायम** टिकाराम गौतमको नाति, देविलाल गौतमको छोरा, चितवन जिल्ला, साविक भरतपुर उ.म.न.पा. वडा नं. ७, स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ७ बस्ने चन्द्र प्रसाद गौतम (ना.प्र.नं. ३५-१०३०-०४४, जारी मिति २०५६/०२/१७, जि.प्र.का. चितवन) को नाममा दर्ता भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ८ स्थित कि.नं ४६४१ को क्षेत्रफल ०-०-१९ (बि.क.धु.) बमोजिमको घर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलागापात समेत ।

३ **एस. एल इन्टरप्राइजेज, एल एस मार्केटिड र लक्ष्मी आर्चाय गौतमले उपयोग गर्ने कर्जाको लागि संयुक्त नाममा धितोबन्धक कायम** देविलाल गौतमको बुहारी, चन्द्र प्रसाद गौतमको पत्नी, चितवन जिल्ला, साविक भरतपुर उ.म.न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ७ बस्ने लक्ष्मी गौतम आचार्य (ना.प्र.नं. ४७५९६, जारी मिति २०६६/०४/१५, जि.प्र.का. चितवन) को नाममा दर्ता भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको चितवन जिल्ला, कल्याणपुर गा.वि.स वडा नं ७ स्थित कि.नं. ३३२१ को कुल क्षेत्रफल २८४.०२ (ब.मि.) बमोजिमको घर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलागापात समेत ।

४. चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ९ स्थित रजिष्टर्ड कार्यालय रहि प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय भरतपुर, चितवनमा मिति २०६९/०८/२१ गते प्रा.फ.द.नं. ७१२/०६९(७०, तथा आन्तरिक राजस्व कार्यालय भरतपुर, चितवनमा मिति २०६९/०८/२१ मा स्थायी लेखा नं. ६००८७४०६३ अन्तर्गत दर्ता कायम भएका एस. एल इन्टरप्राइजेजको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ति (Goods & Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

५. चितवन जिल्ला, भरतपुर न.पा. वडा नं. १० स्थित रजिष्टर्ड कार्यालय रहि प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय भरतपुर, चितवनमा मिति २०६९/०१/१० गते रोज १ मा प्रा.फ.द.नं. ९५८/०६८/०६९, तथा आन्तरिक राजस्व कार्यालय भरतपुर, चितवनमा मिति २०६५/१०/२९ मा स्थायी लेखा नं. ३०३३६७०५१ अन्तर्गत दर्ता कायम भएको एल एस मार्केटिड को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ति (Goods & Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

Siddhartha Bank
शाखा कार्यालय : गैंडाकोट, नवलपुर
फोन नं. ०७८-५०१७३९
Website : www.siddharthabank.com

Local Government

Kailash Rural Municipality

Office of the Rural Municipal Executive
Kalikatar, Makawanpur
Bagmati Province, Nepal

Invitation For Bids

Date of first publication 2080/08/26 (2023/12/12)

1. The Kailash Rural Municipality invites Bids from duly registered eligible national bidders for the construction of respective projects as mentioned in part 8 (single stage single envelop bidding procedure) works under National Competitive Bidding procedures.
2. Bidder can only bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp.
3. Bidder's Participation is not more than five (5) bidding process since 2078-12-03 i.e. March 17, 2022.
4. Any conditions so far not covered shall be as per Public Procurement Act 2063 (Amendment-2073), and Public Procurement Regulation 2064 (Seventh Amendment-2076). Any amendments in tender notice shall be published in e-procurement section
5. Bank Guarantee shall be in the format specified in the bid documents otherwise rejected.
6. Kailash Rural Municipality reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason, whatsoever.

Contract ID	Description and Location of work	Estimated Amount (Without VAT and PS Amount)	Bid Document Fee (NRs)	Bid Security Amount (NRs)	Bid Validity Period in days
KRM/KDGRP/ BN-05/2080/81	Construction of Kirtimandada Gapa Road Project, Kailash-3	3020422.16	3000.00	87000.00	90 days from last date of bid submission
KRM/LKWP/ BN-06/2080/81	Lekche Kanepani Birhat Yojana Kailash-4	7692304.20	3000.00	195000.00	90 days from last date of bid submission

Office Name	Kailash Rural Municipality, Kalikatar, Makawanpur	**Last date of bid Submission**	2080/9/29 (2024/01/14) Time: 12:00
Name of Bank	Sanima Bank Limited	**Bid Opening Date**	2080/9/29 (2024/01/14) Time: 14:00
Revenue/Rajaswa Account no. (For Purchasing Bid Document)	065010020000002		
Security/Dhaurati Deposit Account No. (For Bid Security Only)	065010020000007	**Pre-bid meeting Date**	2080/9/17 (2024/01/02) during office time

Chief Administrative officer

उच्च शिक्षा सुधारका उपाय

त्रिभुवन विश्वविद्यालयलाई समस्यारहित बनाउँदा देश सप्रिन्छ, सुशासन र समृद्धिको नयाँ युग सुरु हुन्छ



● भीम रेग्मी

अग्रलेख



००७ सालको राजनीतिक परिवर्तनले देशमा नयाँ उभार ल्यायो। ०१६ सालमा त्रिभुवन विश्वविद्यालयको स्थापनापछि यसले समाजमा फरक सोचको बीजारोपण गर्‍यो। तथापि ०८० सालसम्म आइपुग्दा हुनेखाने परिवारका मानिसमा नेपालको उच्च शिक्षा प्रणालीमा प्रश्न उठे। सर्वसाधारणले पढ्ने विश्वविद्यालयमा यति धेरै प्रश्न उठ्नुलाई ठीक मान्न सकिन्न। विश्वविद्यालय अनुदान आयोगको ०८० सालको प्रतिवेदनअनुसार नेपालमा हाल ११ विश्वविद्यालय, दुई प्रदेश विश्वविद्यालय र पाँच चिकित्सा स्वास्थ्य शिक्षण संस्थासहित १८ वटा उच्च शिक्षा केन्द्र छन्। विश्वविद्यालय अनुदान आयोगको ०६९/७० को प्रतिवेदनले ८८ प्रतिशत विद्यार्थी र ८२ प्रतिशत क्याम्पस त्रिवि प्रणालीमा रहेको देखाएको थियो। ०८० सालको अर्को प्रतिवेदनअनुसार ७७.६७ प्रतिशत विद्यार्थी र ७८.६८ प्रतिशत क्याम्पस अहिले पनि त्रिवि प्रणालीमा छन्।

नेपालमा त्रिभुवन विश्वविद्यालय (०१६), नेपाल संस्कृत विश्वविद्यालय (०४३), काठमाडौं विश्वविद्यालय (०४८), पूर्वाञ्चल विश्वविद्यालय (०५३) र पोखरा विश्वविद्यालय (०५४), लुम्बिनी बौद्ध विश्वविद्यालय (०६२), सुदूरपश्चिम विश्वविद्यालय, मध्यपश्चिम विश्वविद्याल र कृषि तथा वन विश्वविद्यालय (०६८), नेपाल खुला विश्वविद्यालय (०७३) र राजर्षि जनक विश्वविद्यालय (०७४) खुलेका छन्। प्रदेश तहमा गण्डकी विश्वविद्यालय, मनमोहन प्राविधिक विश्वविद्यालय, मधेश कृषि विश्वविद्यालय, लुम्बिनी प्राविधिक विश्वविद्यालय, मधेश विश्वविद्यालयसहित थुप्रै विश्वविद्यालय स्थापना भइसकेका छन्। योगमाया आयुर्वेदिक विश्वविद्यालय ऐन सदनमा छ। हालै सरकारले तिलगंगा अस्पताललाई विश्वविद्यालय बनाउने निर्णय गरेको छ।

समस्याका चाङ र बेकामे सम्बन्धनको मोडल : नेपालका विश्वविद्यालयलाई हाँक्न पुग्ने पदाधिकारीले ०१६ सालमा त्रिविको स्थापना हुँदाको समयबाट माथि उठेर देशभित्र रहेका सबै विश्वविद्यालयसँग राष्ट्रिय रूपमा, सार्क क्षेत्रका विश्वविद्यालयसँग क्षेत्रीय रूपमा, एसिया महादेशीय प्रतिस्पर्धा गराउनेदेखि वैश्विक रूपमा नेपालका विश्वविद्यालयलाई प्रतिस्पर्धी बनाउने योजना बनाउन सक्नुपर्छ। सबैको चिन्ता र चासो भनेकै सम्बन्धनको जालोमा अल्झिने र ठूलो शरीरको भारले विशेषगरी त्रिवि उठ्नै नसक्ने अवस्थामा छ। नेपालमा रहेका उल्लिखित १८ उच्च शिक्षा केन्द्रअन्तर्गत ११.१३ प्रतिशत आंगिक क्याम्पस, ३७.०४ प्रतिशत सामुदायिक र ५१.८२ निजी क्याम्पस छन्। यो आँकडालाई हेर्दा पनि थाहा हुन्छ, पदाधिकारीले सम्बन्धनको विषयलाई निकै ध्यान दिन्छन्। तर, ती सम्बन्धन दिएका क्याम्पसबारे तालुकदार विश्वविद्यालयले पूर्वाधार, पुस्तकालय, कक्षाकोठा, पर्याप्त जमिन, आवश्यक र योग्य शिक्षक छन् कि छैनन् भन्ने कुरामा खासै ध्यान दिएको पाइँदैन।

नेपालमा उच्च शिक्षा ०४७ पछि निकै जरा हालेर फैलियो। यो अवधिमा काठमाडौं, पूर्वाञ्चल र पोखरा विश्वविद्यालय खुले। ०६० को दशकपछि नेपालमा सबैभन्दा धेरै उच्च शिक्षाका केन्द्र विभिन्न ठाउँमा फरक नामले स्थापना भए, तर पढाइ हुने विषयमा भने फरकपन देखिएन। यति धेरै शैक्षिक संस्था खुल्दा पनि त्रिविको भार घटेन। समयमा विद्यार्थी भर्ना, कक्षा सञ्चालन, परीक्षाको काम र नतिजा हुन नसकेकै कारण नेपालको उच्च शिक्षा प्रणाली ओरालो लागेको अवस्थामा पुग्यो। नेपालको उच्च शिक्षामा सम्बन्धन प्रणाली भारत र अन्य केही मुलुकको प्रभावका कारण सबैभन्दा पहिला त्रिभुवन विश्वविद्यालयमा छिर्‍यो। यसले विश्वविद्यालयलाई एउटा 'कर्पोरेट घर' मान्छ र देशभरि पैसाकै लागि 'फ्रेन्चाइज' बेच्ने काम गर्छ। त्रिभुवन विश्वविद्यालयमा आंगिक क्याम्पसबाहेकका सामुदायिक र निजीस्तरमा खोलिएका क्याम्पसले 'लाइसेन्स' खोज्ने र त्रिविका पदाधिकारीले दिने गर्दा त्रिवि आजको विकराल समस्यामा जकडिन पुग्यो।

खासगरी ०४६ सालपछि त्रिविमा विश्व बैंकको लगानीले प्रजातन्त्रलाई बलियो बनाउन क्याम्पसहरूको विस्तारको अवधि तीव्र रूपमा सुरु भयो। तर पनि सरकारबाट आर्थिक दायित्व विश्वविद्यालयको हुने गरी आंगिक क्याम्पस स्थापना हुन सकेनन्। समुदाय वा निजी क्याम्पसमा पढ्ने विद्यार्थीबाट आफूले पढ्ने क्याम्पसको आर्थिक व्यवस्थापनको जिम्मा आफैं लिनुपर्ने बोझका कारण उनीहरूमा त्रिवि र नेपाल सरकारप्रति वितृष्णा बढ्दै गयो। ०६४ सालमा पुष्पकमल दाहालको सरकारले देशका केही सामुदयिक क्याम्पसलाई त्रिविको आंगिक क्याम्पसमा बनाउन बजेट छुट्याउँदासमेत सरकारले नयाँ आंगिक क्याम्पस खोल्न पाउन भन्नेहरूले उच्च शिक्षामा समस्या देखाएर आफ्नो स्वार्थ पूरा गरिनैरहे। नेपालमा थुप्रिँदै गएका विभिन्न विश्वविद्यालय त्रिविको व्यवस्थापकीय भ्वाङबारे राम्रै जानकार छन्। दलका केही नेताले आवश्यकताभन्दा पनि चुनावी स्वार्थका कारण दलीय आग्रहमा पुरानो भाँडामा नयाँ रक्सी राखेझैं विश्वविद्यालयको स्थापना गर्ने र त्रिविका आंगिक वा अन्य क्याम्पसमाथि दाबी गर्नु नेपालको उच्च शिक्षाको अर्को समस्या हो। खोल्नुभन्दा पहिला नै सबै नियम विनियमसहित प्राध्यापक र कर्मचारीको व्यवस्थापन हुने गरी पूर्वाञ्चल विश्वविद्यालय (२०५३) र पोखरा विश्वविद्यालय (२०५४) को स्थापना हुन सकेन। सुरुमा स्थानीय निकायको समेत साझेदारीमा यी दुई विश्वविद्यालयलाई क्षेत्रीय अवधारणामा खोल्ने भनिएकोमा सरकारी लक्ष्य पूरा भएन। ०५६ को बजेटमा महेन्द्र मोरङ क्याम्पसलाई पूर्वाञ्चल र पृथ्वीनारायण क्याम्पसलाई पोखरा विश्वविद्यालयमा राख्ने काम विश्वविद्यालयहरू पहिले नै स्थापना भएका कारण पूरा भएन। ०६८ मा खुलेका कृषि तथा वन, मध्यपश्चिम र सुदूरपश्चिम विश्वविद्यालय पनि त्रिविका आंगिक क्याम्पसलाई मिलाएर चलाउने भन्ने योजना पूरा हुन सकेन। तर, हेटौंडा र रामपुरमा रहेका आंगिक क्याम्पस बन्द हुँदा कृषि तथा वन विश्वविद्यालयको तिक्तता त्रिविसँग देखियो। यस समस्याका बारेमा विश्वविद्यालयका पदाधिकारी, दल र सरकारले गैरजिम्मेवार भएर बोल्न मिल्दैन।

> समयमा विद्यार्थी भर्ना, कक्षा सञ्चालन, परीक्षा र नतिजा हुन नसकेकै कारण नेपालको उच्च शिक्षा प्रणाली ओरालो लागेको हो। नेपालको उच्च शिक्षामा सम्बन्धन प्रणाली भारत र अन्य केही मुलुकको प्रभावका कारण सबैभन्दा पहिला त्रिभुवन विश्वविद्यालयमा छिर्‍यो।

विश्वविद्यालयले फड्को मार्ने उपाय : नेपालको उच्च शिक्षामा रहेका समस्यामध्ये धेरै समस्या त्रिविसित जोडिएका छन्। त्रिविलाई समस्यारहित बनाउँदा देश सप्रिन्छ, सुशासन र समृद्धिको नयाँ युग सुरु हुन्छ। हाल समस्यामा परेर त्रिवि सुन्निनुका कारण पहिल्याउन नीति विश्लेषकहरूले व्यवस्थापकीय श्रेष्ठतासहित अनुसन्धानको पाटोमा रहेका समस्यालाई छिमल्नुपर्छ। विश्वविद्यालयका पदाधिकारीले सरकारको पुरानो सोच 'जे छ हुन दिने र चल्न दिने' भन्ने गैरजिम्मेवार नीतिले शिक्षालाई झन् समस्यामा पार्छ। उच्च शिक्षाको सम्बन्धन मोडल बदलेर शैक्षिक, प्राज्ञिक, अनुसन्धानसित कक्षाकोठालाई जोडेर विद्यार्थी र शिक्षकको समग्र व्यक्तित्व निर्माणमा गम्भीर बन्ने पदाधिकारी हुँदा विश्वविद्यालयले नयाँ फड्को मार्न सक्छन्। यसका लागि राजनीतिक दल, सरकार र विभिन्न संघ-संगठनहरूको सोचमा फरकपन हुर्किनु आवश्यक छ।

अबको शिक्षा र कक्षाकोठाको पठनपाठन बैंकिङ मोडलजस्तो पैसा जम्मा गर्ने, चेक दिने र पैसा झिकेजस्तो होइन कि छलफल, समस्याको पहिचान र समस्याको समाधानसित जोडिएको रूपान्तरणकारी शिक्षा हुनुपर्छ। यसका लागि उच्च आदर्शसहितका विवेकशील पदाधिकारीले मात्र विश्वविद्यालयमा परिवर्तन ल्याउन सक्छन्। नेपालको उच्च शिक्षामा उपकुलपतिहरू एक्लै भन्दा पनि १६२ वटा आंगिक क्याम्पस, ५३९ वटा सामुदायिक क्याम्पस र ७५४ वटा निजी क्याम्पसमा पढ्ने र पढाउने सबैको समस्यामा चासो दिने खालको हुनुपर्छ। विवेकले चल्ने, जताबाट नाप्दा पनि गल्ती नगर्ने र कसैलाई काखा र पाखा नगर्ने, तर उच्च शिक्षामा रूपान्तरणकारी भूमिका निभाउन हिम्मत भएको व्यक्तिलाई सरकारले विश्वविद्यालय सुधार्न पठाउनुपर्छ। एक्काइसौं शताब्दीको ज्ञान, सिकाइ र अनुसन्धान स्थानीयदेखि राष्ट्रिय र वैश्विक बनाउनैपर्छ। स्थानिक, राष्ट्रिय र वैश्विक एक-अर्कामा जोड्नका लागि विश्वविद्यालयका पदाधिकारीले फराकिलो सोचको विकास गर्नुपर्छ। स्थानीय ज्ञानलाई वैश्विक ज्ञानसित जोडेर र वैश्विक ज्ञानलाई स्थानीय ज्ञानसित कसी लगाएर मात्र नेपालका सहरदेखि दुर्गम तहमा उज्यालो र समृद्धि भित्रिन्छ। यसका लागि त्रिविसहित नेपालका सबैजसो विश्वविद्यालय माथिबाट तल हेर्ने र निर्णय लिने पुरानो प्रणालीमा फरकपन आउनुपर्छ। विषय समितिमा केन्द्र, उपत्यका, सहरको साटो क्याम्पसमा विद्यार्थीको चाप भएका स्थानका प्राध्यापकलाई समावेश गराउने वातावरण बन्नुपर्छ। विश्वविद्यालयले क्याम्पसबारे नीति तर्जुमा गर्दा क्याम्पसलाई केन्द्रमा राखेर उच्च शिक्षाको स्तर सुधार गर्न आवश्यक उपाय खोज्नुपर्छ।

सबै विश्वविद्यालयले वार्षिक कक्षा सुरु भएको नौ महिनामा पढाइ सक्ने र सम्बन्धित विश्वविद्यालयले चार महिनाभित्र पहिलो, दोस्रो, तेस्रो वर्षका नतिजा प्रकाशन गर्ने वातावरण मिलाउनुपर्छ। समेस्टर प्रणालीको हकमा कक्षा सुरु भएको पाँच महिनाको पहिलो हप्तामा परीक्षा लिने र दुई महिनामा परीक्षाफल प्रकाशन गर्ने अनिवार्य वातावरण बनाउनुको विकल्प छैन। तर, वार्षिक प्रणालीको अन्तिम वर्ष र सेमेस्टर प्रणालीको अन्तिम सेमेस्टरको परीक्षा क्रमशः तीन र ६ महिनामा लिएर एक दिन पनि ढिला नगरी कार्यक्रमले तोकेअनुसार विद्यार्थीको पठनपाठनलाई केन्द्रमा राखी नतिजा प्रकाशन गर्ने पदाधिकारी चाहिएको छ। कक्षा १२ को नतिजा निस्केको ४५ दिनभित्र स्नातक तहको पठनपाठन तथा स्नातक तहको नतिजा निस्केको ४० दिनमा माथिल्लो तहको कक्षा सुरु गर्ने वातावरण बनाउनुपर्छ। तसर्थ विश्वविद्यालयले वार्षिकदेखि सेमेस्टर प्रणालीअन्तर्गतका सबै शैक्षिक कार्यक्रमका लागि तालिकासहितको क्यालेन्डर प्रकाशित गरी लागू गरेर विद्यार्थीको समय र आर्थिक पक्षलाई जोगाउनुपर्छ। विश्वविद्यालयमा प्राध्यापक, कर्मचारी र विद्यार्थीका समस्याको अनुगमन र समस्या समाधानका लागि तुरुन्तै सम्बोधन गर्न उत्तरदायी संयन्त्र स्थापना हुनु आवश्यक छ। प्रश्नपत्र निर्माणदेखि उत्तरपुस्तिका मूल्यांकनमा असम्बन्धित व्यक्तिको संलग्नतालाई हटाएर काम गराउने पदाधिकारीलाई पूरै जिम्मेवार बनाउनु आवश्यक छ। त्रिभुवन विश्वविद्यालयको हकमा क्षेत्रीय कार्यालयलाई थप जिम्मेवार बनाई परीक्षाको काममा द्रुतता ल्याउनुपर्छ। विद्यार्थी संख्या कम भएका क्याम्पस एकीकरण, नयाँ विषय र कार्यक्रम थप गर्दा नीतिसहितको वित्तीय व्यवस्थापन, मानव स्रोतको परिचालन, आफ्नो विश्वविद्यालयअन्तर्गत खुलेका क्याम्पसको स्वामित्वप्रतिको बोध हुनु आवश्यक छ। विश्वविद्यालयमा ०४६ पछि देखिएको मानवस्रोतको भर्ना र स्थायी गर्ने पुरानो प्रणालीलाई आवश्यक छलफल गरी पुराना समस्यालाई छिमल्ने गरी नयाँ र स्थायी प्रकृतिको नीति बनाउनुपर्छ। क्याम्पसमा आंशिक शिक्षक भर्ना र शिक्षक-कर्मचारीको बढुवाको कामलाई नियमित तर पारदर्शी बनाउँदा मात्र हाम्रा विश्वविद्यालयले गुमेको साख फिर्ता गर्न सक्छन्।

(रेग्मी त्रिविमा प्राध्यापन गर्छन्)

---

३ प्रश्न

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का महासचिव **केशव झालाई**



कुनै समय मधेशको बलियो शक्ति लोसपा अहिले चार सिटमा खुम्चिएको छ। तर, फेरि पार्टीभित्र खटपट सुरु भइसकेको छ। के फुटको स्थितिमा आइपुगेको हो ?

फुटको स्थितिमै पुगिसकेको अवस्था त होइन। यद्यपि वरिष्ठ नेता राजेन्द्र महतोले केन्द्रीय समितिको बैठक बहिष्कार गर्दा त्यस्तो लाग्न गयो। तर, बहिष्कारको कारण केन्द्रीय समिति विस्तार गर्दा भएको अन्याय नै हो। केन्द्रीय समिति विस्तार गर्दा जसपाबाट फर्किएका केन्द्रीय समितिका साथीलाई यथावत् राख्ने र एकतिहाइ महिला पुर्‍याउने सहमति थियो। तर, जसपा छाडेर आएका साथीलाई नै हटाएर समिति विस्तार गरेपछि यो स्थिति आइपुगेको हो। पदाधिकारी संरचना पनि यसरी बनाइयो कि पदाधिकारी शब्दबाट नै घृणा लाग्न थाल्यो। पदाधिकारी बैठकमा वरिष्ठ नेता महतोले यी विषय उठाउँदा अध्यक्षज्यूले छुटेका साथीलाई समेट्ने भन्नुभएको थियो। तर, नसमेटी बैठक बोलाएपछि बहिष्कार गर्नुभएको हो।

छुटेका 'साथीहरू'लाई केन्द्रीय समितिमा नल्याएसम्म पार्टी यही लफडामै अल्झिने हो ?

वरिष्ठ नेता महतोज्यूले छुटेका साथीलाई नसमेटेसम्म बैठक बहिष्कार गर्ने घोषणा नै गर्नुभएको छ। यो राजनीतिक लाइन हो। यसलाई अध्यक्षज्यूले तत्काल सम्बोधन गर्नुपर्छ भनेर मैले बैठकमै पनि उठाएको छु।

नयाँ शक्तिहरूले चुनौती दिएको र 'मिसन ८४' मा केन्द्रित भएको अवस्थामा तपाईंहरू पद बाँडफाँटकै विवादमा अल्झिनुभएको छ। यसरी आगामी निर्वाचनसम्म लोसपा कहाँ पुग्ला ?

पहिलो त मिसन ८४ आफैंमा गलत भाष्य हो। चार वर्ष केही गर्न नपरोस् र जनतालाई जवाफ दिन नपरोस् भनेर जनता ठग्ने भाष्य निर्माण गर्न खोजिँदै छ। संघीयताका लागि लडेका पार्टी हौँ हामी। ०७२ सालमा गरेको लामो मधेश आन्दोलन त्यागेर आएको आठ वर्ष पुग्दा पनि राज्यले हाम्रो माग र मुद्दा सम्बोधन गरेको छैन। गत निर्वाचनमा मधेशमा हामी कमजोर भयौँ होला, तर हाम्रो मुद्दा कमजोर भएको छैन। अहिले उत्पन्न खटपटलाई पनि पार्टी बलियो बनाउने खटपटका रूपमा लिनुपर्छ। यसले पार्टीको स्वास्थ्यस्थितिलाई ठीक गर्छ।

प्रेरक प्रसंग

खुसी हाम्रै हातमा छ

मनोविज्ञानकी एक प्राध्यापकले कक्षाकोठामा पानीले भरिएको एउटा गिलास लिएर आइन्। उनले विद्यार्थीहरूलाई गिलास देखाउँदै सोधिन्, 'के तिमीहरूमध्ये कसैले मलाई बताउन सक्छौ, यो गिलासको वजन कति छ ?'

जवाफ दिन कक्षाका केही विद्यार्थीले हात उठाए। हात उठाएका विद्यार्थीहरूले फरक-फरक जवाफ दिए। कसैले गिलासको वजन ५० ग्राम भएको बताए, कसैले सय ग्राम भने। प्राध्यापकले कक्षालाई सम्बोधन गर्दै भनिन्, 'वास्तविक रूपमा यो गिलासको वजन कति छ भन्ने कुराले खासै अर्थ राख्दैन। अर्थ यो गिलासलाई म कति समय हातमा राख्छु भन्ने कुराले राख्छ। मैले यो गिलास हातमा केही क्षणका लागि मात्रै राखेँ भने यो मलाई एकदमै हलुका लाग्नेछ। पूरै दिन समातेर राख्नुपर्‍यो भने यो मेरा लागि निकै गह्रुंगो महसुस हुनेछ। सायद मेरो हातले थाम्नसमेत मुस्किल पर्ला।'



प्राध्यापकले भनिन्, 'हाम्रो चिन्ताले पनि यस्तै व्यवहार प्रदर्शन गर्छ। मेरो चिन्ता केही सेकेन्ड वा समयका लागि हो भने यसले मलाई खासै दुःखी बनाउनेछैन। तर, दिनभर सोही चिन्तामा डुबिरहेँ भने सायद मैले त्यो दुःख झेल्न नसक्ने पनि हुन सक्छ।'

खुसी छान्ने कि दुःख त्यो हाम्रै हातमा हुन्छ। हामीले कस्तो भावनालाई कति समय दिन्छौँ भन्ने कुरा निकै महत्त्वपूर्ण हुन्छ। हाम्रो आन्तरिक शान्ति यही कुरामा निर्भर छ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

लेखको चयन राम्रो लाग्यो

२४ गतेको नयाँ पत्रिकामा सैवल दास गुप्ताको लेख 'विधानसभा निर्वाचनमा मोदी फ्याक्टर' पढेँ। पहिले नेहरू, इन्दिरा गान्धी र लालबहादुर शास्त्रीले केही उल्लेखनीय काम गरेका थिए। आज मोदीले गर्दै छन्। नेहरूलाई जति गाली गरे पनि आधुनिक भारतको विकासको जग उनैले हालेका हुन्।

उनको तुष्टीकरणको नीतिले धेरै नोक्सान गरेको पनि सत्य हो। कुनै पनि राष्ट्रको उत्थान आफ्नो संस्कृतिलाई बिर्सेर सम्भव हुँदैन। यो मोदीले बुझेका छन्। भव्य भारतको कथा यसभन्दा भिन्न हुनै सक्दैन। मोदीले विकास र संस्कृतिको उत्थान दुवैलाई बढाएका छन्। लेखकले भाजपालाई जितको जुन सल्लाह दिएका छन्, ती सबै तपसीलका कुरा हुन्। 'जितको असली कारण त भाजपाका चालीस लाख युथ कार्यकर्ता हुन्, जसले उपरोक्त कारणको प्रसार गर्छन्, जो कंग्रेसमा छैन।' लेखको चयन राम्रो लाग्यो। धन्यवाद।

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज

सेटिङ मिलाउने कर्मचारीको पहिचान गर

१४ किलो सुन समातिएको केही दिनभित्रै भन्सारको एक्सरे मेनिसबाट पास भइसकेको करिब ६ किलो सुन बरामद भएको प्रकरणले विमानस्थलमा कुन हदको सेटिङ छ भन्ने खुलस्त हुन्छ। विमानस्थलमा कार्यरत दोषी कर्मचारीलाई सकेसम्म उम्काउने गरिएकाले यदाकदा केही सुन समातिए पनि दिनहुँ ठूलो परिमाणमा तस्करी भइरहेको प्रस्टै छ। विमानस्थलका कर्मचारीको प्रणालीगत संलग्नता देखिन्छ। तस्करी रोक्न सेटिङ भत्काउनुपर्छ।

● **हिमांशु थापा**
गौशाला, काठमाडौं

सेयर बजारमा चलखेलको गन्ध

निरन्तर कारोबार रकम कम रहेको अवस्थामा एकाएक १११ अंकले बजार बढ्नुले यो कृत्रिम उछाल भएको आशंका उत्पन्न गरेको छ। केही व्यक्तिले चलखेल गरेर सर्वसाधारण नागरिकलाई फसाइरहेका हुन सक्छन्। हौसियर लगानी गर्दा सर्वसाधारण लगानीकर्ता ठगिने उच्च जोखिम छ। होसियार होऔँ।

● **सुभास खड्का**
बालकोट, भक्तपुर

'मिसन ८४' अर्थात् जनतालाई ढाँट्ने अर्को प्रपञ्च

०८४ को निर्वाचनलाई लक्षित गरेर राष्ट्रिय स्वतन्त्र पार्टीले मिसन ८४ अभियान सुरु गर्‍यो। त्यसैको सिको अरू पार्टीले थालेका छन्। निर्वाचन जित्ने रणनीतिले मात्र देशमा सुशासन कायम हुँदैन। जनताले भोट हालेर देश बनाउन पठाएको ३३ वर्ष भयो, खोइ त अहिलेसम्म केही माखो मरेन। नेतालाई जनताले विश्वास नगरेका होइनन्, नेताले नै जनतालाई धोका दिएका हुन्। हरेक परिवर्तनका लागि जनताले ज्यानको बाजी थापेर हिँडे, त्यो कुरा नेताहरूले सत्तामा पुगेपछि भुले। दुई-चारजना आसेपासेको कुरा मात्र सुन्ने जनआवाज नसुन्ने नेता भएकाले समस्या आएको हो। मिसन ८४ ले दुई-चार सिट त बढाइदेला, तर जनहित हुँदैन। निर्वाचन जित्नु र सरकार बनाउनु मात्र ठूलो कुरा होइन, जनताको समस्या के हो बुझ्नु बढी महत्त्वपूर्ण कुरा हो। नेताले जनताको आवाज नसुन्दा नेता र जनताबीच दूरी बढेको हो भन्ने लाग्छ।

अहिले जनहितमा काम गर्छौं, ८४ मा हामीलाई चुनेर पठाउनुहोस् भन्ने आँट दलहरूमा छैन। खालि एउटाले अर्कालाई गाली गर्नबाहेक केही भइरहेको छैन। मिसन ८४ ले हुन्छ ? राजनीतिक दलहरूको उद्देश्य जनतालाई भ्रममा राखेर, ललिपप देखाउँदै चुनाव जित्ने मात्रै हो भन्ने जनताले बुझिसके। खोइ, दलहरूको राष्ट्रिय एजेन्डा ? जनता भोट दिने मेसिन मात्र देख्ने नेताले जनहितमा काम गरेको भए जनताले विकल्प खोज्ने थिएनन्। प्रजातन्त्रको विकल्प छैन, त्यसो भन्दैमा नेताले जे गर्दा पनि हुन्छ भन्नेचाहिँ होइन। नेताहरू समृद्धिका कुरा गरेर जनता ढाँट्दै छन्।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

बाइडेन प्रशासन प्रेस स्वतन्त्रता अवसानको कारक नबनोस्

युद्ध अपराधको खुलासा गर्नेलाई जासुसी ऐन प्रयोग गरेर जेलमा थुन्दासम्म न कुनै प्रकाशक, न कोही पत्रकार सुरक्षित हुनेछन्

देश/विदेश

● यानिस भारुफाकिस
● लिना अत्तलाह
● जन किरियाकौ

सन् २०२४ को सुरुवाती महिनामा पत्रकारिताको इतिहासकै सम्भवतः एक दुःखद अध्याय लेखिनेछ। समाचारयोग्य सूचना प्रकाशन गरेका विकिलिक्सका सम्पादक एवं प्रकाशक जुलियन असान्जलाई जासुसीको आरोपमा सन् २०२४को सुरुवाती महिनामा अमेरिका सुपर्दगी गरिनेछ। र, अमेरिकामा उनले एक सय ७५ वर्षसम्मको जेल सजाय पाउनेछन्। असान्जमाथि बाइडेन प्रशासनकालमा हुने सम्भावित राज्य-प्रताडनाका कारण अमेरिकाले वैश्विकस्तरमा दुष्परिणाम व्यहोर्नेछ। यसले अभिव्यक्ति स्वन्त्रताको प्रत्याभूति गर्ने अमेरिकी संविधानको पहिलो संशोधन(फस्ट एमेन्डमेन्ट)को हत्या गर्नेछ।

बब वुडवार्ड र कार्ल बर्न्स्टाइनले वाटरगेट प्रकरणका वेला गरेको खुलासालाई सत्तामाथि सत्यको विजयका रूपमा हेरिएको थियो। दुवैजनालाई प्रेस स्वतन्त्रताको हिमायती बनाएको खोज पत्रकारिता तत्कालीन अमेरिकी राष्ट्रपति रिचार्ड निक्सनको पतनको कारक बन्यो। यदि त्यसवेला सो खोज पत्रकारिताका कारण दुवैजना पत्रकारलाई राष्ट्रिय सुरक्षाका नाममा जासुसीका आरोपमा प्रताडित गरिएको भए के हुन्थ्यो ? यसको काल्पनिक उत्तर एक आख्यानमै सीमित हुन्छ, तर अहिले असान्जमाथि बर्सिरहेको कहर भने वास्तविक हो।

हाम्रो समयमा खोज पत्रकारिताको मानक तयार गर्ने असान्ज बेलायतको बेलमार्स जेलको कालकोठरीमा अमेरिकी सुपर्दगीको दिन गन्न अभिशप्त छन्। यदि उनले सुपुर्दगीको दुर्भाग्य व्यहोर्नुपर्‍यो भने उनले बोकेको पारदर्शिताको ध्वजा छियाछिया हुनेछ। विश्वभर पत्रकारलाई थुन्ने र हत्या गर्ने उपक्रम बढिरहँदा अर्थात् प्रेस स्वतन्त्रताको क्षयीकरण भइरहँदा असान्जको मामिलाले सत्तालाई चुनौती दिँदा र अप्ठ्यारा सत्य उजागर गर्दा व्यहोर्नुपर्ने परिणामलाई लिएर भय पैदा गरेको छ। विकिलिक्सको विरासतले सरकारी अनियमितता मात्रै नभई गोपनीयताका नाममा भइरहेको वैश्विक क्रियाकलापको पनि पर्दाफास गरेको छ। कोल्याटरल मर्डर शीर्षकको खुलासामा एक क्यामेरा फुटेज सतहमा आएको थियो, जहाँ बग्दादमा अमेरिकी सेनाको अपाचे हेलिकोप्टरबाट थुप्रै निहत्था मानिसको हत्या गरिएको बीभत्स दृश्य देखिएको थियो। सो हत्याकाण्डमा रोयटर्सका दुई पत्रकार पनि मारिएका थिए। यो खुलासाले सारा विश्वलाई स्तब्ध बनाएको थियो।

पछिल्ला दुई महिनादेखि युद्धमा आमनागरिक र पत्रकारको हत्या भइरहेको छ। कमिटी टु प्रोटेक्ट जर्नलिस्ट्सका अनुसार दुई महिनायता इजरायलले गाजा क्षेत्रमा गरिरहेको बमबारीका कारण दर्जनौं पत्रकार मारिएका छन्। गत बिहीबार विभिन्न मानवअधिकार समूहले नांगो युद्ध अपराधको झल्को दिने गरी इजरायलले नियतवश रोयटर्सका पत्रकारको हत्या गरेको तथ्य सतहमा ल्याएका छन्। सूचनालाई आफूअनुकूल बनाउन सरकारले पत्रकारलाई तारो बनाउँदै आइरहेको छ। त्यसैकारण सत्ताधारीका हातबाट सूचना झिकेर आममानिससमाझ पुर्‍याउने विकिलिक्स सरकारका लागि जोखिम बनेको हो। विकिलिक्सले इराक वार लग्सजस्ता परियोजनाबाट नागरिक हताहती, यातना र अन्य मानवअधिकार उल्लंघनको खुलासा मात्रै गरेको छैन। यसले आजका समयमा भइरहेका द्वन्द्वबारे महत्वपूर्ण जानकारी दिने दस्तावेजहरू पनि खुलासा गरेको छ। उदाहरणका लागि सन् २०१० मा केबलगेट लिक्सले गाजा क्षेत्रमा सन् २००६ को हमासको विजय र सन् २००७मा सत्ता आरोहणपछिको गाजाप्रतिको इजरायली नीतिको खुलासा गरेको थियो। सो खुलासाअनुसार गाजामा हमासको उदयले इजरायललाई फाइदा हुने जनाइएको सन्देश थियो। अर्थात्, खुलासामा हमासको उदय हुँदा इजरायली सेनालाई 'गाजालाई शत्रु राज्यका रूपमा व्यवहार गर्न' सजिलो भएको थियो। यसैकारण हमासलाई पराजित गर्नका लागि प्यालेस्टिनी अधिकारीले गरेको आग्रहलाई इजरायलले लत्याएका थिए। नाकाबन्दी लगाइएको गाजाका लागि इजरायली नीतिको उद्देश्य 'मानवीय संकट ननिम्तिने गरी गाजाको



तस्बिरः मार्को क्यान्टाइल/लाइटरकेट

अर्थतन्त्रलाई सबैभन्दा तल्लो स्तरमा राख्नु' थियो। यो सूचना आवश्यक थियो र हामीलाई यस्ता थप सूचना आवश्यक छन्। तसर्थ नियमित रूपमा असान्जको राज्य प्रताडनाविरुद्ध प्रमाण जुटाउने विशेषज्ञ समूह बेलमार्स ट्रिब्युनल सदस्यका नाताले हामी तीनजना लेखक सत्य र असान्जलाई मुक्त गर्नका लागि आवाज उठाइरहेका छौं। असान्जको सुपर्दगी मुद्दा अन्तिम चरणमा पुगेको छ, अर्थात् बेलायतमा असान्जविरुद्ध सुपर्दगीको अन्तिम अदालती सुनुवाइ सन् २०२४को सुरुवाती महिनामा हुनेछ। त्यसपछि उनीविरुद्ध अमेरिकामा जासुसी ऐनअन्तर्गत मुद्दा चलाइनेछ। मुद्दापछि सत्तालाई चुनौती दिने र सत्यको खोजी गर्ने पत्रकारिताले व्यहोर्ने दुष्परिणामबारे धेरै कुरा बोल्नै परेन। यदि असान्जले अमेरिकामा जासुसी ऐनअन्तर्गत सजाय पाए भने यसले भयावह नजिर स्थापना गर्नेछ, जुन असान्जमा मात्रै सीमित हुनेछैन। सत्यको खोजीकर्तालाई चुप लगाउनुले खतरनाक सन्देश प्रवाह गर्नेछ, अर्थात् अधिनायकवादका अगाडि प्रेस स्वतन्त्रतालाई कमजोर बनाउनेछ।

द नेसनको सहप्रायोजमा ९ डिसेम्बर शनिबारका दिन वासिंटन डिसीमा बेलमार्स ट्रिब्युनलको सबैभन्दा पछिल्लो बैठक भएको थियो। सो बैठकमा हामीमध्येकी एक लेखक एवं इजिप्टको अनलाइन पत्रिका मदा मस्रकी प्रधानसम्पादक लिना अत्तलाह उपस्थित हुन सकेकी थिइनन्। गाजामाथिको हमलाबारेको मदा मस्रको हालैका रिपोर्टले अमेरिकी साझेदार इजिप्टलाई क्रुद्ध बनाएको थियो। यदि अमेरिका यातनाको खुलासा गर्नेलाई जेलमा जाक्न सक्छ र सत्य उजागर गर्नेलाई प्रताडित गर्न सक्छ भने अमेरिकी सरकारका अधिनायकवादी साझेदारलाई कसले रोक्ला र ?

असान्जको प्रतिरक्षा गर्दै गर्दा हामी जान्न पाउने र सत्तालाई प्रश्न एवं चुनौती दिन पाउने अधिकारको प्रतिरक्षा गरिरहेका छौं। इतिहासको पुनरावृत्तिले हामीलाई प्रेस स्वतन्त्रताको संघर्ष जारी नै छ भनेर सम्झाइरहेको छ र जुलियन असान्जको सम्भावित भाग्यले उत्पीडनको कसीमा सत्यको क्षमताको मापन गर्नेछ। विश्वलाई निडर भई सत्ताको सामना गर्ने पत्रकारिताको थप आवश्यकता छ। युद्ध अपराधको खुलासा गर्नेलाई जासुसी ऐन प्रयोग गरेर जेलमा थुनिँदासम्म न कुनै प्रकाशक, न कुनै पत्रकार सुरक्षित हुनेछन्।

(भारुफाकिस ग्रिसका पूर्वअर्थमन्त्री हुन्। अत्तलाह इजिप्टको अनलाइन पत्रिका मदा मस्रकी प्रधानसम्पादक र किरियाकौ अमेरिकी गुप्तचर निकाय सिआइएका पूर्व अधिकारी हुन्।)

द नेसन

जम्मु-कस्मिरमा निर्वाचन गर्न सर्वोच्च अदालतको आदेश

जम्मु-कस्मिर/ भारतको सर्वोच्च अदालतले जम्मु-कस्मिरमा ३० सेप्टेम्बरभित्र विधानसभा चुनाव गर्न निर्देशन दिएको छ। जम्मु-कस्मिलाई दिएको विशेष क्षेत्रको दर्जा खारेजीलाई सदर गर्दै अदालतले सोमबार उक्त निर्देशन दिएको हो। मोदी सरकारले सन् २०१९ मा भारतको संविधानको धारा ३७० ले जम्मु-कस्मिरलाई दिएको विशेष क्षेत्रको दर्जा खारेज गरेको थियो। सरकारले गरेको निर्णयविरुद्ध सर्वोच्च अदालतमा मुद्दा परेको थियो। प्रधानन्यायाधीश डिवाई चन्द्रचूड, न्यायाधीश सञ्जय किशन कौल, सञ्जीव खन्ना, बिआर गवई र सूर्यकान्तको संवैधानिक इजलासले उक्त फैसला सुनाएको हो। प्रधानन्यायाधीश चन्द्रचूडले सोमबार फैसला सुनाउँदै भने, 'अदालत केन्द्र सरकारलाई भारतीय निर्वाचन आयोगले पुनर्गठन अधिनियमको धारा १४ अन्तर्गत गठित जम्मु र कस्मिरको विधानसभाको चुनाव ३० सेप्टेम्बरभित्र सम्पन्न गर्न कदम चाल्न र छिट्टै राज्य सरकारको गठन गर्न निर्देशित गर्छ।' सर्वोच्चले लद्दाखलाई केन्द्रशासित प्रदेशको रूपमा पुनर्गठित गर्ने सरकारको निर्णयलाई पनि सदर गरेको छ।

धितोपत्र सम्बन्धी ऐन, २०६३ र सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको

कोष प्रवर्द्धक: NIC ASIA एन आई सी एशिया बैंक लि.

योजना व्यवस्थापक: NIC ASIA CAPITAL

एन आई सी एशिया बैंक म्युचुअल फण्ड
अन्तर्गत सञ्चालन हुने

एन आई सी एशिया ग्रोथ फण्ड-२ (NIC ASIA Growth Fund-2)
को

इकाईको बाँडफाँड सम्बन्धी सूचना

एन आई सी एशिया ग्रोथ फण्ड-२ (NIC ASIA Growth Fund-2) को प्रति इकाई अंकित मूल्य रु.१०/- अंकित दरको १०,००,००,००० (दश करोड) इकाई मध्ये बीज पूँजी वापत न्यूनतम १,५०,००,००० (एक करोड पचास लाख) इकाई अर्थात रु.१५,००,००,०००/- (अक्षेरेपी पन्ध्र करोड मात्र) वा कुल बिक्री भएको इकाईको १५ प्रतिशत इकाई कोष प्रबर्द्धक एन आई सी एशिया बैंक लिमिटेडलाई सुरक्षित राखी बाँकी न्युनतम ८,५०,००,००० (आठ करोड पचास लाख) इकाईहरु मिति २०८० मंसिर ४ गतेदेखि मिति २०८० मंसिर १८ गतेसम्म संघ संस्था/सर्वसाधारणहरुको लागि निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा सो अवधी भित्र रितपूर्वक आवेदन दिनुहुने आवेदकहरुलाई मिति २०८०/०८/२५ गते सोमबारका दिन बीज पूँजी समेत बाँडफाँड गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आवेदकहरुले बाँडफाँड सम्बन्धी विवरण सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट सञ्चालित वेभसाईट www.meroshare.cdsc.com.np, www.iporesult.cdsc.com.np वा एन आई सी एशिया क्यापिटल लिमिटेडको वेभसाईट www.nicasiacapital.com बाट समेत हेर्न सकिने व्यहोरा जानकारी गराइन्छ।

साथै सम्पूर्ण सि-आस्वा सदस्यहरुले बाँडफाँडमा नपरेको इकाई वापतको बाँकी रकम सम्बन्धित आवेदकहरुको बैंक खाता फुकुवा गरिदिनु हुन पनि यसै सूचना मार्फत जानकारी गराईन्छ।

NIC ASIA CAPITAL

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:
एन आई सी एशिया क्यापिटल लिमिटेड
ट्रेड टावर नेपाल, चौथो तल्ला, थापाथली, वडा नं. ११, काठमाण्डौ
फोन: ९७७-१-५७०५९९४, फ्याक्स: ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com
Website: www.nicasiacapital.com

Besishahar Municipality
Office of Municipal Executive
Besishahar , Lamjung

INVITATION FOR ELECTRONIC BIDS

First Date of Notice Publication : 2080/08/26

1) Besishahar Municipality invites electronic bids from eligible bidders for the procurement of following works under NCB single stage single envelope bidding procedures specified in Public Procurement Act and Regulations. Some of the qualification criteria are mentioned below.

Contract ID No.	Name of Project	Estimated Amount (NRs)	Bid Security Amount (NRs)	Bid Document Fee (NRs)	Last Date of Bid Submission
Besishaharmun /Works/NCB /03/080/81	Besishahar Universal Chowk Makaidanda Saring Road Upgrading Work	38,97,806.01	1,00,000.00	3,000.00	12th Jan 2024,12:00

2) Bidding Documents is available online and can be downloaded from e-GP system https://www.bolpatra.gov.np/egp/. Intrested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank .

Information to deposit Bid Fee and Bid Security

For Bid Security
Bank Name : Rastriya Banijya Bank Ltd
Account Name : Besishahar Municipality
Account Number : Ga-3-3040100303000002

For Bid Document Fee
Bank Name: Rastriya Banijya Bank Ltd.
Account Name : Besishahar Municipality
Account Number : Ga-1-1-3040100301010002

"Access to All"
गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था

प्रधान कार्यालय: लाजिम्पाट, काठमाण्डौं
फोन : ०१-४५४५४२४/२५/२६,
वेभसाइट: www.garimabank.com.np

धितोमा रहेको सम्पत्ती लिलाम बिक्रीको १० दिने सूचना

यस विकास बैंकबाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय-समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज र अन्य दे-दस्तुर रकम समेत तिर्न बुझाउन पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा र विभिन्न मितिमा राष्ट्रियस्तरको दैनिक पत्रपत्रिकाहरुमा कर्जा चुक्ता गर्न आउनेबारे सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघन गरेको हुनाले विकास बैंकलाई कर्जा लिँदाको बखत धितो स्वरुप लेखि लेखाई दिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे-जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी लिलामद्वारा बिक्री गरिने भएको हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्रीबाट कर्जा असुली हुन नसकेमा ऋणी तथा धनजमानी बस्ने व्यक्तिहरुको अन्य चल अचल सम्पत्तिबाट समेत असुलउपर गरी लिने व्यहोरा यसै सूचनाद्वारा ऋणी, जमानीकर्ता र धितो दिने व्यक्ति सबैलाई सूचित गरिन्छ। साथै यसै सूचनालाई आधार मानि ऋणी तथा व्यक्तिगत जमानत दिनुहुने व्यक्तिहरुले सो दिन अगावै बैंकमा उपस्थित भई सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलाम प्रक्रिया स्वत: अन्त्य हुनेछ।

तपसिल

ऋणीको नाम र ठेगाना	व्यक्तिगत धनजमानी दिनेको नाम ठेगाना	सुरक्षण धितोको विवरण
१) ऋणीको नाम: **क) ऋणी: द स्टार फूड एण्ड मिट प्रोडक्ट** फर्म/कम्पनी दर्ता निकाय: बुटवल उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बुटवल रुपन्देही ठेगाना: बुटवल उप-महानगरपालिका-०७, रुपन्देही दर्ता नं.: १३/०७/०७७/०७८ दर्ता मिति: २०७७/०५/२५, पान नं. ६१३६२९०२७ **प्रोप्राईटरको नाम थर: तारा क्षेत्री** **कर्जा शिर्षक : साना तथा मझौला उद्यम अधिविकर्ष कर्जा**	**क) नाम : तारा क्षेत्री** ससुराको नाम: अन्नु क्षेत्री पतिको नाम: लक्ष्मण क्षेत्री ठेगाना: बुटवल नगरपालिका -१०, रुपन्देही हाल: बुटवल उप-महानगरपालिका वडा नं. ०७, रुपन्देही ना.प्र.नं. ३७३०२४/३२१ जारी मिति: २०६३/१०/१४ जारी जिल्ला: रुपन्देही	रुपन्देही जिल्ला मालपोत कार्यालय बुटवलमा तारा क्षेत्रीको नाममा दर्ता श्रेस्ता कायम रहेको बुटवल न.पा. वडा नं. ०९ स्थित कित्ता नं. ११८ को क्षे.फ १२०.५० व.मि. भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
ख. ऋणीको नाम: कृष्ण लक्ष्मी फेन्सी स्टोर्स फर्म दर्ता निकाय: बुटवल उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बुटवल रुपन्देही ठेगाना: बुटवल उप-महानगरपालिका -०७, रुपन्देही दर्ता नं.: १२०५३, दर्ता मिति: २०७५/०४/२४ पान नं. ३०२१३५९२५ **कर्जा शीर्षक: साना तथा मझौला उद्यम आवधिक कर्जा** **प्रोप्राईटरको नाम थर: लक्ष्मण क्षेत्री** **ग. ऋणीको नाम: लक्ष्मण क्षेत्री** बाबुको नाम: अन्नु क्षेत्री बाजेको नाम: मन बहादुर क्षेत्री ठेगाना: बुटवल नगरपालिका -१०, रुपन्देही हाल: बुटवल उप-महानगरपालिका वडा नं. ०७, रुपन्देही ना.प्र.नं. ७१४६, जारी मिति: २०५३/११/०५, जारी जिल्ला: रुपन्देही **कर्जा शिर्षक : आवास कर्जा, शाखा कार्यालय : योगीकुटी, रुपन्देही**	**ख) नाम : लक्ष्मण क्षेत्री** बाबुको नाम: अन्नु क्षेत्री बाजेको नाम: मन बहादुर क्षेत्री ठेगाना: बुटवल नगरपालिका -१०, रुपन्देही हाल: बुटवल उप-महानगरपालिका वडा नं. ०७, रुपन्देही ना.प्र.नं. ७१४६ जारी मिति: २०५३/११/०५ जारी जिल्ला: रुपन्देही	***नोट: द स्टार फुड एण्ड मिट प्रोडक्टको कर्जामा तारा क्षेत्री र लक्ष्मण क्षेत्री व्यक्तिगत धनजमानीकर्ता रहेको, लक्ष्मण क्षेत्रीको कर्जामा तारा क्षेत्री व्यक्तिगत धनजमानीकर्ता रहेको र कृष्ण लक्ष्मी फेन्सी स्टोर्सको कर्जामा लक्ष्मण क्षेत्री र तारा क्षेत्री व्यक्तिगत धनजमानीकर्ता रहेको।***

ऋणीको नाम र ठेगाना	व्यक्तिगत धनजमानी दिनेको नाम ठेगाना	सुरक्षण धितोको विवरण
२) ऋणीको नाम: न्यू गुप्ता किचन कर्नर फर्म/कम्पनी दर्ता निकाय: घरेलु तथा साना उद्योग कार्यालय, इटहरी सुनसरी ठेगाना: इटहरी उ.म.न.पा.-०९,सुनसरी दर्ता नं. ६९६४/०७५/०७६ दर्ता मिति: २०७५/०८/२०, पान नं.: ६०५१३४४६७ **प्रोप्राईटर/धनजमानीकर्ताकोको नाम : मिरा कुमारी साह** बाबुको नाम: जय शंकर साह बाजेको नाम: गंगा साह ठेगाना: भद्रपुर ०९,झापा हाल: इटहरी उ.म.न.पा.-०८, सुनसरी ना.प्र.नं.: ०४३०१५/३१७ जारी मिति: २०६३/१२/१८, जारी जिल्ला: झापा **कर्जा शीर्षक : विपन्न बर्ग कर्जा (महिला उद्यम कर्जा), शाखा कार्यालय : ईटहरी, सुनसरी**	**क) नाम :जैशंकर साह** बुवाको नाम: गंगा साह बाजेको नाम: झोटी साह ठेगाना: भद्रपुर ०९, झापा हाल: भद्रपुर ११,झापा ना.प्र.नं.: ११८०३९८३ जारी मिति: २०५३/०३/२७, जारी जिल्ला: झापा **ख) नाम : उमाशंकर प्रसाद रौनियार** बुवाको नाम: चन्द्रदेव राम रौनियार बाजेको नाम: शन्तशरण रौनियार ठेगाना: दुहबी ०६, सुनसरी हाल: इटहरी उ.म.न.पा.-०६, सुनसरी ना.प्र.नं.: २०९१/२९३००९६ जारी मिति: २०३७/१२/०४, जारी जिल्ला: सुनसरी	सुनसरी जिल्ला मालपोत कार्यालय इनरुवामा मिरा कुमारी साहका नाममा दर्ता श्रेस्ता कायम रहेको खनार गा.वि.स. वडा नं. ५/क स्थित कित्ता नं. ७५४ को क्षे.फ. ०-०-९ भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ऋणीको नाम र ठेगाना	व्यक्तिगत धनजमानी दिनेको नाम ठेगाना		
३) ऋणीको नाम: विश्वकर्मा हार्डवेयर फर्म/कम्पनी दर्ता निकाय: घरेलु तथा साना उद्योग कार्यालय मलंगवा, सर्लाही ठेगाना: कौडेना-५, सर्लाही दर्ता नं.: २५४२/०६९/०७० दर्ता मिति: २०७०/०१/२०, पान नं. ६०१२०१२०६ **प्रोप्राईटर/अख्तियार प्राप्त व्यक्ति: फेकन राय यादव** **कर्जा शीर्षक : व्यवसायिक अधिविकर्ष कर्जा** **शाखा कार्यालय: मलंगवा, सर्लाही**	**क) नाम : फेकन राय यादव** बुवाको नाम: शिव सरण राय यादव बाजेको नाम: रिझन राय यादव ठेगाना: कौडेना-५, सर्लाही हाल: कौडेना-५, सर्लाही ना.प्र.नं.: ४९७८२७५९, जारी मिति: २०४८/०९/१५ जारी जिल्ला: सर्लाही	**ख) नाम: शिव सरण राय यादव** बुवाको नाम: रिझन राय यादव बाजेको नाम: राम भक्ति राय ठेगाना: कौडेना-५, सर्लाही हाल: कौडेना-५, सर्लाही ना.प्र.नं.:४९७८१०२२ जारी मिति: २०४३/०५/२९ जारी जिल्ला: सर्लाही	**ग) नाम थर: सुन्दर देवी** पतिको नाम: फेकन राय यादव ससुराको नाम: रिझन राय यादव ठेगाना: कौडेना-५, सर्लाही हाल: कौडेना-५, सर्लाही ना.प्र.नं.: १९३०३०/४७८ जारी मिति: २०६३/११/०९ जारी जिल्ला: सर्लाही

सुरक्षण धितोको विवरण: सर्लाही जिल्ला मालपोत कार्यालय सर्लाहीमा शिव सरण राय यादवको नाममा दर्ता स्रेस्ता कायम रहेको कौडेना गा.वि.स. वडा नं. २क स्थीत कित्ता नं. ८६६ को क्षे.फ. ०-०-१४ भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ऋणीको नाम र ठेगाना	व्यक्तिगत धनजमानी दिनेको नाम ठेगाना		सुरक्षण धितोको विवरण
४) ऋणीको नाम: जय गंगा मत्सय पालन फार्म फर्म/कम्पनी दर्ता निकाय: घरेलु तथा साना उद्योग कार्यालय, सर्लाही मलंगवा ठेगाना: चन्द्रनगर-१, सर्लाही दर्ता नं.: १०३०६/०७७/०७८ दर्ता मिति: २०७७/१२/०५, पान नं. ६१५५४६९११ **प्रोप्राईटर/अख्तियार प्राप्त व्यक्ति: धर्मेन्द्र ठाकुर** **कर्जा शीर्षक : व्यवसायिक अधिविकर्ष कर्जा** **शाखा कार्यालय: मलंगवा, सर्लाही**	**क) नाम : धर्मेन्द्र ठाकुर** बुवाको नाम: महेन्द्र ठाकुर बाजेको नाम: कन्त ठाकुर ठेगाना: सलेमपुर-३, सर्लाही हाल: चन्द्रनगर-१, सर्लाही ना.प्र.नं.: १९१०४७/७७ जारी मिति: २०६५/०१/०८ जारी जिल्ला: सर्लाही	**ख) नाम: निर्मला ठाकुर** बुवाको नाम: महेन्द्र ठाकुर हजाम बाजेको नाम: कन्त ठाकुर ठेगाना: किसनपुर-३, सर्लाही हाल: चन्द्रनगर-१, सर्लाही ना.प्र.नं.: ४९६२०९७९ जारी मिति: २०४४/११/१० जारी जिल्ला: सर्लाही	सर्लाही जिल्ला मालपोत कार्यालय मलंगवामा धमेन्द्र ठाकुरको नाममा दर्ता स्रेस्ता कायम रहेको बेला गा.वि.स. वडा नं. ७क स्थीत कित्ता नं. ३७९ को क्षे.फ. ०-७-१८ भएको घर/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ऋणीको नाम र ठेगाना	व्यक्तिगत धनजमानी दिनेको नाम ठेगाना		सुरक्षण धितोको विवरण
५) ऋणीको नाम: चमेली किराना पसल फर्म/कम्पनी दर्ता निकाय: घरेलु तथा साना उद्योग कार्यालय मलंगवा, सर्लाही ठेगाना: इश्वरपुर-५, सर्लाही दर्ता नं.: ५३५०/०७४/०७५ दर्ता मिति: २०७४/०७/२८, पान नं. ६०७१६२९२९ **प्रोप्राईटर/अख्तियार प्राप्त व्यक्ति: राज कुमार साह** **कर्जा शीर्षक : व्यवसायिक अधिविकर्ष कर्जा** **शाखा कार्यालय: मलंगवा, सर्लाही**	**क) नाम : राज कुमार साह** बुवाको नाम: विलास साह बाजेको नाम: सुगन साह स्थाई ठेगाना: जब्दी-१, सर्लाही हाल: इश्वपुर-५, सर्लाही ना.प्र.नं.: १९३०९४/८, जारी मिति: २०६३/१२/२५ जारी जिल्ला: सर्लाही	**ख) नाम: अर्जुन राय** बुवाको नाम: नरेश राय बाजेको नाम: रामचन्द्र राय स्थाई ठेगाना: पर्सा-९, सर्लाही हाल: पर्सा-९, सर्लाही ना.प्र.नं.: १९१०४५/२५३, जारी मिति: २०६९/१०/१८ जारी जिल्ला: सर्लाही	सर्लाही जिल्ला मालपोत कार्यालय मलंगवामा राज कुमार साहको नाममा दर्ता स्रेस्ता कायम रहेको इश्वरपुर गा.वि.स. वडा नं. १क स्थित कित्ता नं. २८ र १६३ को क्षे.फ. क्रमश: ०-१३-१३ र ०-८-२ भएको घर/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ऋणीको नाम र ठेगाना	व्यक्तिगत धनजमानी दिनेको नाम ठेगाना	
६) ऋणीको नाम : इन्सपायर टेडिङ्ग प्रा.लि. INSPIRE TRADING PVT. LTD फर्म/कम्पनी दर्ता निकाय: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौं ठेगाना: ललितपुर उ.म.न.पा वडा न. १ कुपण्डोल दर्ता नं.: ५९५९९/०६५/०६६ दर्ता मिति: २०६५/१०/३, पान नं. ३०३४२७०४९ **प्रोपराईटर/अख्तियार प्राप्त व्यक्ति: मोहन कुमार गिरी** **कर्जा शीर्षक : व्यवसायिक अधिविकर्ष कर्जा** **शाखा कार्यालय : लाजिम्पाट, काठमाण्डौ**	**क) नाम: मोहन कुमार गिरी** बुवाको नाम: प्रदिप कुमार गिरी बाजेको नाम: जयानन्द गिरी ठेगाना: कोल्टी -३ बाजुरा हाल: टोखा न.पा.-७, धापासी, काठमाण्डौ ना.प्र.नं.: ७०-३८०/१८८१ जारी मिति: २०५१/०४/१४ जारी जिल्ला: बाजुरा	**ख) नाम : भव बहादुर थामी** बुवाको नाम: सनमान थामी बाजेको नाम: चतुरमान थामी ठेगाना: सुस्पाक्षमावती- ७ दोलखा हाल: का.म.न.-३ पानीपोखरी, काठमाण्डौं ना.प्र.नं.: ७६०४, जारी मिति: २०५४/०३/०४ जारी जिल्ला: दोलखा

सुरक्षण धितोको विवरण: १. काठमाण्डौ जिल्ला मालपोत कार्यालय साँखुमा इन्सपायर टेडिङ्ग प्रा.लि.को नाममा दर्ता स्रेस्ता कायम रहेको लप्सीफेदी गा.वि.स./न.पा./उ.म.न.पा./म.न.पा. वडा नं. ५/ङ स्थीत कित्ता नं. ३० को क्षे.फ. ११-०-०-० भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. भक्तपुर जिल्ला मालपोत कार्यालय भक्तपुरमा मोहन कुमार गिरीको नाममा दर्ता स्रेस्ता कायम रहेको सिद्धिगणेश गा.वि.स./न.पा./उ.म.न.पा./म.न.पा. वडा नं. ७ स्थीत कित्ता नं. ९०२ को क्षे.फ. ०-४-१-० भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ऋणीको नाम र ठेगाना	व्यक्तिगत धनजमानी दिनेको नाम ठेगाना	
७) ऋणीको नाम : ज्योती सटरीङ उद्योग फर्म/कम्पनी दर्ता निकाय: घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी (ब.सु.प.) ठेगाना: रामग्राम न.पा.-१४, नवलपरासी दर्ता नं.: ३५८/१९७८/०७६ दर्ता मिति: २०७६/०६/०५, पान नं.: ६१५३७२५५२ **प्रोपराईटर/अख्तियार प्राप्त व्यक्ति: भुवनेश्वर चौधरी** **कर्जा शीर्षक: साना तथा मझौला व्यवसाय आवधिक कर्जा** **शाखा कार्यालय : सुनवल**	**क) नाम: भुवनेश्वर चौधरी** बुवाको नाम: पारसनाथ थारु बाजेको नाम: सुन्दर थारु ठेगाना: अमरौड गा.वि.स.-९, नवलपरासी हाल: रामग्राम न.पा.-१४, नवलपरासी ना.प्र.नं.: ७४७५० जारी मिति: २०६१-०६-२० जारी जिल्ला: नवलपरासी	**ख) नाम: अप्सरा देवी चौधरी** पतिको नाम: भुवनेश्वर चोधरी ससुराको नाम: पारसनाथ थारु ठेगाना: अमरौड गा.वि.स.-५ नवलपरासी हाल: रामग्राम न.पा.-१४, नवलपरासी ना.प्र.नं.: ३६३०७३/४७५ जारी मिति: २०६३/११/२३ जारी जिल्ला: नवलपरासी

सुरक्षण धितोको विवरण: नवलपरासी जिल्ला मालपोत कार्यालय परासीमा भुवनेश्वर चौधरीका नाममा दर्ता स्रेस्ता कायम रहेको अमरौड गा.वि.स. वडा नं. ५ क स्थीत कित्ता नं. ८९० को क्षे.फ. ०-२-०-० भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ऋणीको नाम र ठेगाना	व्यक्तिगत धनजमानी दिनेको नाम ठेगाना	सुरक्षण धितोको विवरण
८) ऋणीको नाम : लाल सुव मेन्द्रो निर्माण सेवा प्रो. बद्रि कुमार खड्का, दर्ता नं र मिति: १५९६/०७०/०७१, र २०७०/०८/२५ पान नं र मिति : ६०६०६४०४८ र २०७४/०१/०६ फर्मको ठेगाना: मन्थली न.पा.-२, रामेछाप **प्रोप्राइटर तथा जमानीकर्ताको नाम : बद्रि कुमार खड्का** बाबुको नाम: भक्त बहादुर खड्का, बाजेको नाम: टेक बहादुर खड्का स्थायी ठेगाना: नागदह -०८, रामेछाप ना.प्र.नं: १९४७७, रामेछाप, जारी मिति- २०४८/०५/१३ **कर्जा शिर्षक : हायर पर्चेज** **शाखा कार्यालय : लाजिम्पाट**	**क) नाम: मिनुका खड्का** पतिको नाम: बद्रि कुमार खड्का ससुराको नाम: भक्त बहादुर खड्का स्थायी ठेगाना: कठजोर-०६, रामेछाप ना.प्र.नं: ६६२८२, रामेछाप जारी मिति- २०६१/०१/२७	गरिमा विकास बैंकका नाममा दर्ता भई ऋणी **लाल सुव मेन्द्रो निर्माण सेवा**कायम भएको तपशिलमा उल्लेखित सवारी साधनहरु २ थान। १. इन्जिन न. 02A63826998 च्यासिस न. MAT388116L2R00582 र यातायात व्यवस्था कार्यालय बागमती, दर्ता नं. बा.प्र. ०१ ००३ क ७०६९ भएको एक थान सवारी साधन (TATA MCV TIPPER), २. इन्जिन न. 02A63827001 च्यासिस न. MAT388116L2R00577 र यातायात व्यवस्था कार्यालय बागमती, दर्ता न.. बा.प्र. ०१ ०३ क ७०७० भएको एक थान सवारी साधन (TATA MCV TIPPER).

ऋणीको नाम र ठेगाना	व्यक्तिगत धनजमानी दिनेको नाम ठेगाना	
९) ऋणीको नाम: भीरकोट कृषी तथा पशुपालन फार्म फर्म दर्ता निकाय: घरेलु तथा साना उद्योग विकास समिति स्याङ्गजा ठेगाना: भीरकोट न.पा.-७, मर्तमास, स्याङ्गजा दर्ता नं.: ७४/०७५/०७६, दर्ता मिति: २०७६/०१/२४, पान नं. ६१०६२८१९९ **प्रोप्राईटर: धन बहादुर खत्री** **कर्जा शीर्षक : साना तथा मझौला अधिविकर्ष कर्जा** **शाखा कार्यालय : बयरघारी, स्याङ्गजा**	**क) नाम : धन बहादुर खत्री** बुवाको नाम: रन बहादुर खत्री बाजको नाम: डिल बहादुर खत्री ठेगाना: भीरकाट न.पा.-३, स्याङ्गजा हाल: भीरकोट न.पा.-७, मर्तमास, स्याङ्गजा ना.प्र.नं. ५५४९७ जारी मिति: २०५६/०९/०८ जारी भएको जिल्ला: स्याङ्गजा	**ख) नाम : गौ माया खत्री** पतिको नाम: धन बहादुर खत्री ससुराको नाम: रन बहादुर खत्री ठेगाना: बानेथोक दे.गा.वि.स.-३, स्याङ्गजा हाल: भीरकोट न.पा.-७, मर्तमास, स्याङ्जा ना.प्र.नं. ४२३०३८/८८, जारी मिति: २०६५/११/०७ जारी भएको जिल्ला: स्याङ्गजा **ग) नाम : अर्जुन खत्री** बुवाको नाम: चित्र बहादुर खत्री बाजेको नाम: डिल बहादुर खत्री ठेगाना: बानेथोक दे.गा.वि.स.-५, स्याङ्गजा हाल: भीरकोट न.पा.-१, हेलु, स्याङ्गजा ना.प्र.नं.: ७३६७३, जारी मिति: २०६२/०८/०१ जारी भएको जिल्ला: स्याङ्गजा

सुरक्षण धितोको विवरण: स्याङ्गजा जिल्ला मालपोत कार्यालय स्याङ्गजामा गो माया खत्रीको नाममा दर्ता स्रेस्ता कायम रहेको स्वरेक गा.वि.स. वडा नं. ६ स्थित कित्ता नं. १२६ र १२९ को क्षे.फ क्रमश: ०-३-३-० र ०-७-३-२ (रोपनी) भएको जग्गा, घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ऋणीको नाम र ठेगाना	व्यक्तिगत धनजमानी दिनेको नाम ठेगाना	
१०) ऋणीको नाम: प्रिन्सेस ब्युटीपर्लर एण्ड ट्रेनिङ सेन्टर फर्म/कम्पनी दर्ता निकाय: घरेलु तथा साना उद्योग कार्यालय, नेपालगञ्ज बाँके ठेगाना: कोहलपुर न.पा. ११, बाँके दर्ता नं.: ४३३/८७७५/०७७/०७८ दर्ता मिति: २०७७/०६/१८, पान नं: ६१३९०५८४८ **प्रोप्राईटर/अख्तियार प्राप्त व्यक्ति: यामु मल्ल** **कर्जा शीर्षक : विपन्न बर्ग कर्जा** **शाखा कार्यालय : चप्परगौडी, बाँके**	**क) नाम : यामु मल्ल** बुवाको नाम: हरी बहादुर मल्ल पतिको नाम: दिपेन्द्र स्वार बाजेको नाम: खड्ग बहादुर मल्ल ससुराको नाम: डम्बर सिंह स्वार ठेगाना: रझेना गा.वि.स. -८, बाँके हाल: कोहलपुर न.पा. ११, बाँके ना.प्र.नं.: ६६१०१४/१९४१ जारी मिति: २०६८/०७/०१ जारी जिल्ला: बाँके	**ख) नाम : दिपेन्द्र स्वार** बुवाको नाम: डम्बर सिंह स्वार बाजेको नाम: उदय सिंह स्वार ठेगाना: रझेना गा.वि.स. -८, बाँके हाल: कोहलपुर न.पा. ११, बाँके ना.प्र.नं.: ६६१०१४/३३१ जारी मिति: २०६५/०२/२८, जारी जिल्ला: बाँके **ग) नाम : डम्बर सिंह स्वार** बुवाको नाम: उदय सिंह स्वार बाजेको नाम: महा सिंह स्वार ठेगाना: नेपालगञ्ज न.पा. -२, बाँके हाल: कोहलपुर न.पा. ११, बाँके ना.प्र.नं.: १२००५, जारी मिति: २०३५/०६/१६, जारी जिल्ला: बाँके

सुरक्षण धितोको विवरण: बाँके जिल्ला मालपोत कार्यालय नेपालगञ्जमा डम्बर सिंह स्वारको नाममा दर्ता स्रेस्ता कायम रहेको रझेना गा.वि.स. वार्ड नं. ३ क स्थित कित्ता नं. १३५२ को क्षे.फ.०-०-९-० भएको जग्गा/सो जग्गामा बनेको घर तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

शर्त बन्देजहरु :

१. गोप्य शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १० दिनभित्र यस विकास बैंकको माथी उल्लेखित शाखा कार्यालयहरुमा वा प्रधान कार्यालयमा आइपुग्ने गरी पेश गर्नु पर्नेछ।
२. प्राप्त बोलपत्रहरु मिति २०८०/०९/११ गते बुधबार दिनको ४:०० बजे यस विकास बैंकको माथी उल्लेखित शाखा कार्यालयहरुमा उपस्थित प्रतिनिधि, बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाइएका सबै प्रतिनिधि, बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित रहेपनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन।
३. बोलपत्र खोल्ने दिनकुनै कारणले सार्वजनिक बिदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खोल्न सकिनेछ।
४. उल्लेखित सम्पत्ति जे-जस्तो अवस्था र परिमाणमा रहेको छ बोलपत्रदाताले सोही अवस्था र परिमाणमा खरिद गरी लिने गरी बोलपत्र पेश गर्नु पर्नेछ।
५. बोलपत्रदाताले आफुले खरिद गर्न चाहेको सम्पत्तिको बोलपत्र कवुल गरेको अंकको १० प्रतिशतको हुन आउने रकम धरौटी वापत बैंकमा बुझाएको सक्कल रसिद, भौचर वा सो रकम बराबरको good for payment/managerial cheque/Draft (चेक) शिलबन्दी बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ।
६. बोलपत्रमा आफुले के-कति दर र रकममा खरिद गरी लिन चाहेको हो सो को विवरण अंक र अक्षरमा खुलाउनु पर्नेछ।
७. बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा निहित रहनेछ।
८. म्याद नाघी, रीत नपुगी वा अमान्य शर्त राखि पेश गरिएका बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन।
९. बोलपत्रदाताले आफ्नो नेपाली नागरिकताको प्रमाण–पत्र वा कानुन बमोजिम दर्ता भएको संस्था फर्म वा कम्पनी भए सो को दर्ता प्रमाण-पत्र र आयकर प्रमाण–पत्रको फोटोकपी संलग्न गरेको हुनुपर्नेछ।
१०. बोलपत्र स्वीकृत भएको जानकारी पाएको १० दिनभित्र धरौटी राखेको बाहेकको बाँकी रकम यस बैंकमा जम्मा गर्नु पर्नेछ। तोकिएको अवधिमा रकम जम्मा नगरेमा धरौटी वापत जम्मा गरेको रकम जफत हुनेछ। बोलपत्र अस्वीकृत भएमा धरौटी रकम फिर्ता गरिनेछ र यस रकममा कुनै व्याज दिइने छैन।
११. स्वीकृत भएको बोलपत्रदाताले स्वीकृत बोलपत्र बमोजिमको सम्पत्ति तोकिएको अवधि सम्ममा आफ्नो नाममा नामसारी गर्नुपर्नेछ र सो गर्दा कानुन बमोजिम लाग्ने नामसारी दस्तुर लगायत अन्य हाल सम्मको बक्यौता दे-दस्तुर आदि बोलपत्रदाताले नै बेहोर्नु पर्नेछ।
१२. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय वा सम्बन्धित शाखा कार्यालयहरुबाट रु. १,००० तिरी प्राप्त गर्न सकिनेछ। यो रकम फिर्ता हुनेछैन।
१३. बोलपत्र बमोजिम बिक्री गरिने सम्पत्ति हेर्न, निरीक्षण गर्न र सो बारे अन्य थप कुरा बुझ्न परेमा कार्यालय समय भित्र बैंकको केन्द्रीय कार्यालय वा सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार २६ मंसिर ०८०

आइपिओमा १० कित्ता नीति हटाउने धितोपत्र बोर्डको तयारी

भोजराज भण्डारी/नयाँ पत्रिका

धितोपत्र बोर्डले सार्वजनिक निष्कासन आइपिओमा अनिवार्य गर्दै आइरहेको १० कित्ता नीतिलाई पुनरावलोकन गर्ने तयारी गरेको छ। शुक्रबार बसेको बोर्ड सञ्चालक समितिको बैठकले १० कित्ता नीति पुनरावलोकन गर्न अध्ययन समिति गठन गरेको नेपाल धितोपत्र बोर्डका प्रवक्ता मुक्ति श्रेष्ठले बताए। सञ्चालक समिति सदस्य तथा चार्टर्ड एकाउन्टेन्टहरूको संस्था (आइक्यान)का उपाध्यक्ष प्रवीणकुमार झाको संयोजकत्वमा चार सदस्यीय समिति बनाएको उनले जानकारी दिए। उक्त समितिमा मुक्तिनाथ श्रेष्ठ, अम्बिकाप्रसाद गिरी र भोलानाथ ढुंगाना रहेका छन्।

यसअघिका पूर्वअध्यक्ष डा. रेवतबहादुर कार्कीले सेयर बजार विस्तारका लागि भन्दै आइपिओमा आवेदन दिनेलाई अधिकतम १० कित्ता सेयर दिनैपर्ने नीति अभ्यासमा ल्याएका थिए। त्यसअघि न्यूनतम ५० कित्ता सेयरमा आवेदन दिनुपर्ने व्यवस्था थियो। १० कित्ताको नीतिले सेयर बजार विस्तार र लगानीकर्ताको पहुँचमा पुऱ्याउन ठूलो भूमिका खेलेको थियो।

पूर्वअध्यक्ष तथा अर्थविद् कार्कीले अहिलेको अवस्थामा १० कित्ताको नीतिलाई हटाउने वेला भइसकेको बताए। उनले भने, 'अहिले नै यो नीतिलाई हटाउने वेला भएको छैन, बुक बिल्डिङ प्रक्रियालाई तीव्र गतिमा अघि बढाएर मात्रै यो पुनरावलोकन गर्न सकिन्थ्यो, तर अहिले पुँजी बजार विस्तारकै क्रममा रहेको हुँदा हटाइहाल्नुहुँदैन।'

नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर चिरञ्जीवी नेपालले हिजोका दिनमा पुँजी बजार विस्तार गर्नमा १० कित्ता नीतिले ठूलो भूमिका खेलेको बताए। उनले भने, 'सेयर बजारमा सबैले लगानी गर्न पाउनुपर्छ, इच्छुक लगानीकर्ताले जोखिम र अवसर दुवै पाउनुपर्ने हुँदा बोर्डले बजार विस्तार र इच्छुक लगानीकर्ताले सहज लगानी गर्न पाउनुपर्ने खालको नीति ल्याउनुपर्छ।'

१० कित्ता नीति परिमार्जन भए-नभए खासै अर्थ नहुने लगानीकर्ता तिलक कोइरालाको भनाइ छ। १० कित्ता नीतिमा सकारात्मक-नकारात्मक दुवै पक्ष छन्। सबैले सेयर

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

मात्र भर्ने र जोखिम मोल्न नसक्ने हो भने बोर्डले यो नीतिमा केही निर्णय लिनुपर्ने उनले बताए।

नेपाल पुँजी बजार संघकी अध्यक्ष राधा पोखरेलले १० कित्ता नीतिले नै पुँजी बजारमा सबैले अवसर पाउने हुँदा तत्काल हटाउन नहुने बताइन्। उनले भनिन्, '१० कित्ताको नीतिलाई पुनरावलोकन गर्नेबित्तिकै साना लगानीकर्ता र पहुँच नहुने लगानीकर्तामाथि अन्याय हुन्छ, आजको दिनमा खाजाको पैसा कटाएर लगानी गर्नुपर्छ भन्ने बानीको विकास १० कित्ताको नीतिले नै ल्याएको हो।'

बोर्डका अध्यक्ष रमेश हमालले १० कित्ताको नीति हटाएर आवेदनका लागि न्यूनतम दुई सय ५० कित्ता दिन सकिने व्यवस्था अभ्यासमा ल्याउने बताउँदै आएका छन्। उनले आफू अध्यक्ष भएदेखि नै १० कित्ताको नीति परिमार्जन गरेर जानुपर्ने बताउँदै आएका छन्। जोखिम मोल्न सक्ने लगानीकर्ता मात्र पुँजी बजारमा लगानी गर्ने हुँदा बजार 'फियर' हुने उनको जिकिर छ।

बोर्ड प्रवक्ता मुक्ति श्रेष्ठले १० कित्ता नीति हटाउने वा राख्नुपर्ने भन्ने विषयमा अध्ययनपछि मात्र निर्णय गर्न सकिने बताए। उनले भने, '१० कित्ता नीति अहिलेको अवस्थामा ठीक छ कि छैन भनेर अध्ययनपछि देखिने रिपोर्टले के संकेत गर्छ, हटाउनुपर्ने देखियो भने हटाउने हो।'

पछिल्लो समय १० कित्ता नीतिले पुँजी बजार विस्तारका लागि ठूलो भूमिका खेलेको छ। हाल सार्वजनिक सेयर निष्कासन आइपिओमा आवेदन दिनेको संख्या कुनै वेला २६ लाखसम्म पुगेको नेपाल क्लियरिङ लिमिटेड (सिडिएसी)ले जनाएको छ। सिडिएसीका अनुसार पछिल्लो समयमा औसतमा ११ देखि १५ लाखको हाराहारीमा मात्र प्राथमिक सेयरमा आवेदन दिँदै आएका छन्। सिडिएसीका अनुसार डिम्याट खाता खोल्नेको संख्या ६० लाख २६ हजार पुगेको छ भने मेरो सेयरको खाता खोल्नेको संख्या ३५ लाख ६३ हजार पुगेको छ।

राष्ट्र बैंकको प्रदेश कार्यालयबाटै विदेशी मुद्रा कारोबारको लाइसेन्स पाइने

अब विदेशी मुद्रा कारोबारको लाइसेन्स नवीकरण गर्नुनपर्ने

नयाँ पत्रिका

बैंक तथा वित्तीय संस्थाले अब नेपाल राष्ट्र बैंकको प्रदेशस्तरीय कार्यालयबाट पनि विदेशी विनिमय कारोबारको इजाजतपत्र (लाइसेन्स) लिन पाउने भएका छन्। यसअघि केन्द्रीय बैंकको विदेशी विनिमय विभागमै लाइसेन्सका लागि धाउनुपर्ने बाध्यता थियो। केन्द्रीय बैंकले विदेशी विनिमय कारोबार इजाजतपत्र तथा निरीक्षण विनियमावली संशोधन गर्दै बैंकको प्रदेशस्थित कार्यालयबाटै लाइसेन्स दिन मिल्ने व्यवस्था गरेको हो।

अब बैंक तथा वित्तीय संस्थाका एक्सटेन्सन काउन्टरले पनि विदेशी मुद्रा कारोबारको इजाजतपत्र लिन पाउनेछन्। बैंक तथा वित्तीय संस्था तथा तिनका शाखा कार्यालयलाई बढीमा पाँच वर्षका लागि इजाजतपत्र दिने व्यवस्था केन्द्र बैंकले हटाएको छ। इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थालाई म्याद उल्लेख नभएको इजाजतपत्र प्रदान गर्ने विनियमावलीमा उल्लेख छ। त्यस्तो इजाजतपत्र नवीकरण गर्नुपर्दैन। विनियमावलीको संशोधित व्यवस्था लागू हुँदाको बखत इजाजतपत्र लिइसकेका बैंक तथा वित्तीय संस्थाहरूले साबिकको इजाजतपत्रको म्याद समाप्त हुने मितिले ९० दिनभित्र निवेदन पेस गरेमा म्याद उल्लेख नगरी नयाँ इजाजतपत्र पाउनेछन्।

विगतमा लाइसेन्स लिएको भए पनि मर्जर वा प्राप्तिमा गएपछि बैंक तथा वित्तीय संस्थाले नयाँ लाइसेन्स लिनुपर्नेछ। यस्तोमा साबिकको लाइसेन्स फिर्ता लिई संस्थाको नामबाहेक अन्य सम्पूर्ण व्यहोरा साबिकको लाइसेन्समा उल्लेख भएबमोजिम कायम हुने भनिएको छ। यस्तो इजाजतपत्रका लागि कुनै शुल्क नलाग्नेसमेत भनिएको छ।

सरकारी निकायबाट अनुमति लिई व्यवसाय गर्ने संस्थाका लागि बढीमा पाँच वर्षको विदेशी मुद्रा विनिमय लाइसेन्स दिइने भएको छ।

यसअघि तीन वर्षसम्मको म्याद दिने व्यवस्था थियो। यसमा होटेल, रिसोर्ट, ट्राभल एजेन्सी, एयरलाइन्स, कार्गो कम्पनी, ट्रेकिङ एजेन्सीलगायतका संस्थाहरूले विदेशी पर्यटक तथा विदेशी विनिमयमा भुक्तानी गर्न सक्ने व्यक्ति वा संस्थालाई वस्तु तथा सेवा बिक्री गरेबापत विदेशी विनिमयमा हुने भुक्तानी स्वीकार मात्र गर्ने प्रयोजनका लागि लाइसेन्स दिने उल्लेख छ।

डिपार्टमेन्टल स्टोर, सुपर मार्केट, एयरलाइन्स र तीनतारे तथा सोभन्दा माथिल्लो स्तरका होटेलले विदेशी मुद्राको कारोबार गर्ने इजाजतपत्र प्राप्त गर्न प्रत्येक कारोबार स्थानका लागि प्रतिवर्ष चार हजार रुपैयाँका दरले लाइसेन्स शुल्क बुझाउनुपर्ने भएको छ। हालसम्म प्रतिकारोबार स्थानका लागि एक लाख रुपैयाँ तिर्नुपर्ने व्यवस्था थियो।

त्यसबाहेक अन्य जुनसुकै होटेल, रिसोर्ट, फर्म, कम्पनी वा संस्था एवं सरकारी निकायले प्रत्येक स्थानका लागि प्रतिवर्ष दुई हजार रुपैयाँका दरले इजाजतपत्रको शुल्क बुझाउनुपर्ने उल्लेख छ। हालसम्म यसका लागि ५० हजार रुपैयाँबराबरको कम्तीमा चार वर्ष अवधिको बैंक जमानत पेस गर्नुपर्ने थियो। म्याद सकिएर नवीकरणका लागि निवदेन पेस नभएमा केन्द्रीय बैंकले विश्वस्त हुने अवस्थामा ९० दिनभित्र नवीकरण गर्न दिने सुविधा ल्याएको छ। यसअघि यस्तो सुविधा ३० दिन मात्रै थियो। तर, ९० दिनभित्र पनि नवीकरणका लागि निवदेन नआएमा राष्ट्र बैंकले एक वर्षको समय दिई जरिवानासहित नवीकरण गर्न मौका दिनेछ।

ग्लोबल आइएमई बैंक लिमिटेडको

धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलवन्दी वोलपत्र आव्हान गरिएको सूचना

प्रकाशित मिति : २०८०/०८/२६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकको तपसिलमा उल्लिखित ऋणीले ऋण कर्जा लिंदाको बखत गरेको लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदी चुक्ता भुक्तान गर्न पटक पटक लिखित तथा मौखिक तरतावेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नगरेकोले विभिन्न मितिको विभिन्न राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको सांवा, ब्याज नतिरि नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे वापत बैंकको नाममा धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्तिहरु जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरि गोप्य शिलवन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उल्लिखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजको अधिनमा रहि गोप्य शिलवन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रक्रीया अगाढी बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

साथै संचालक, धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने माहानुभावहरुलाई समेत कालो सूचिमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। यसै सूचनालाई आधार मानि ऋणी तथा सम्बन्धित पक्षहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकमा उपस्थित भै सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रक्रिया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

गोगंबु शाखा, काठमाडौं

ऋणीको विवरण	संचालक तथा जमानत दिनेको विवरण	
१. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १९८९१९/०७५/०७६ अन्तर्गत मिति २०७५/०६/०१ मा दर्ता कायम भएको **गायत्री ट्रेड एण्ड सप्लायर्स प्रा.लि.** कम्पनी दर्ता ठेगाना : काठमाडौं म.न.पा. - ४, काठमाडौं स्थायी लेखा नं. ६०६५९२२९७, मिति २०७५/०६/०२ **संचालक : राम सिंह कायस्त** **कर्जा शिर्षक : ओभरड्राफ्ट, डिमाण्ड, फोर्स तथा आयात कर्जा**	**राम सिंह कायस्त** ना.प्र.नं. ६७१०२०/३२९३ जारी मिति २०६४/१०/१३, जि.प्र.का. कैलाली बाबुको नाम : चन्द्र सिंह कायस्त बाजेको नाम : जय सिंह कायस्त स्थायी ठेगाना : धनगढी - १, कैलाली	**किसोर कुमार कायस्त** ना.प्र.नं. ५०२९१, जारी मिति २०५९/०९/२९ जि.प्र.का. कैलाली बाबुको नाम : चन्द्र सिंह कायस्त बाजेको नाम : जय सिंह कायस्त स्थायी ठेगाना : धनगढी न.पा. - १, कैलाली

धितोको विवरण

घरजग्गाको विवरण

१. जय सिंह कायस्तको नाति, चन्द्र सिंह कायस्तको छोरा, राम सिंह कायस्तको नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंमा दर्ता श्रेष्ठा कायम रहेको काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. २९, डिल्लीबजार स्थित कित्ता नं. २८८ को क्षेत्रफल १४१.५० व.मि. को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. जय सिंह कायस्तको नाति, चन्द्र सिंह कायस्तको छोरा, किसोर कुमार कायस्तको नाममा मालपोत कार्यालय टोखा सरस्वती, काठमाडौंमा दर्ता श्रेष्ठा कायम रहेको काठमाडौं जिल्ला, साङ्ला गा.वि.स./न.पा. वडा नं. ९ ज स्थित कित्ता नं. ५१३ को क्षेत्रफल १-८-०-० रोपनीको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
२. नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागमा प्रा.फ.र.नं. १२५८४६/०७२/७३ अन्तर्गत मिति २०७२/११/१२ मा दर्ता कायम भएको **माया लक्ष्मी स्टोर** फर्म दर्ता ठेगाना : तारकेश्वर न.पा. - १७, काठमाडौं स्थायी लेखा नं. ६०३९४६६९९, मिति २०७२/११/१९ **प्रोप्राइटर : किसोर कुमार कायस्त** **कर्जा शिर्षक : ओभरड्राफ्ट, डिमाण्ड, सवारी तथा आयात कर्जा**	**किसोर कुमार कायस्त** ना.प्र.नं. ५०२९१, जारी मिति २०५९/०९/२९ जि.प्र.का. कैलाली बाबुको नाम : चन्द्र सिंह कायस्त बाजेको नाम : जय सिंह कायस्त स्थायी ठेगाना : धनगढी न.पा. - १, कैलाली

व्यक्तिगत जमानत दिनेको विवरण

लक्ष्मी कायस्त ना.प्र.नं. ६७-०१-७१-१२४६१, जारी मिति २०७१/१२/०३, जि.प्र.का. कैलाली बाबुको नाम : पदम राज महरा पतिको नाम : किसोर कुमार कायस्त ससुराको नाम : चन्द्र सिंह कायस्त स्थायी ठेगाना : धनगढी न.पा. - १, कैलाली	**राम सिंह कायस्त** ना.प्र.नं. ६७१०२०/३२९३ जारी मिति २०६४/१०/१३ जि.प्र.का. कैलाली बाबुको नाम : चन्द्र सिंह कायस्त बाजेको नाम : जय सिंह कायस्त स्थायी ठेगाना : धनगढी - १, कैलाली	**चन्द्रा देवी कायस्त** ना.प्र.नं. १३९१४/०५७, जारी मिति २०५७/०७/१६, जि.प्र.का. डोटी बाबुको नाम : मोहन महर पतिको नाम : चन्द्र सिं कायस्त ससुराको नाम : जय सिंह कायस्त स्थायी ठेगाना : दशरथचन्द - १, बैतडी

धितोको विवरण

घरजग्गाको विवरण

१. मोहन महरको छोरी, जय सिं कायस्तको बुहारी, चन्द्र सिं कायस्तको पत्नी, चन्द्रा देवी कायस्तको नाममा मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता श्रेष्ठा कायम रहेको कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. २ स्थित कित्ता नं. ९४८ को क्षेत्रफल ११२२.५० व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. जय सिंह कायस्तको नाति, चन्द्र सिंह कायस्तको छोरा, किसोर कुमार कायस्तको नाममा मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता श्रेष्ठा कायम रहेको कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं ३ स्थित कित्ता नं. ८३३ को क्षेत्रफल ३३८.६३ व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

३. माया लक्ष्मी स्टोरको नाममा मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता श्रेष्ठा कायम रहेको कैलाली जिल्ला, फुलबारी गा.वि.स/न.पा. वडा नं. ९ स्थित कित्ता नं. ८१ को क्षेत्रफल ३२२.०० व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

४. पदम राज महराको छोरी, चन्द्र सिं कायस्तको बुहारी, किसोर कुमार कायस्तको पत्नी, लक्ष्मी कायस्तको नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरमा दर्ता श्रेष्ठा कायम रहेको ललितपुर जिल्ला, लेले गा.वि.स/न.पा. वडा नं. ८ ख स्थित कित्ता नं. १०० को क्षेत्रफल ४-७-०-० रोपनी वा २२५७.४९ व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

५. पदम राज महराको छोरी, चन्द्र सिं कायस्तको बुहारी, किसोर कुमार कायस्तको पत्नी, लक्ष्मी कायस्तको नाममा मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता श्रेष्ठा कायम रहेको
क. कैलाली जिल्ला, फुलबारी गा.वि.स/न.पा. वडा नं. ९ स्थित कित्ता नं. ९८ को क्षेत्रफल ३५२८.८८ व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
ख. कैलाली जिल्ला, मालाखेती गा.वि.स/न.पा. वडा नं ५ स्थित कित्ता नं. १०१२ को क्षेत्रफल ५०७९.५९ व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

६. पदम राज महराको छोरी, चन्द्र सिं कायस्तको बुहारी, किसोर कुमार कायस्तको पत्नी, लक्ष्मी कायस्तको नाममा मालपोत कार्यालय बेलौरी, कञ्चनपुरमा दर्ता श्रेष्ठा कायम रहेको
क. कञ्चनपुर जिल्ला, परासन गा.वि.स/न.पा. वडा नं. ९ स्थित कित्ता नं. ९१ र १६७८ को क्षेत्रफल क्रमशः ५०५५.०० र ५८३७.०५ व.मि. को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
ख. कञ्चनपुर जिल्ला, परासन गा.वि.स/न.पा. वडा नं. ९ स्थित कित्ता नं. १८२ र १६८१ को क्षेत्रफल क्रमशः ६६२५.०० र ६३३५.९६ व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

सवारी साधनको विवरण

सवारी मोडेल	सवारी दर्ता नं.	बनेको साल	इन्जिन नं.	च्यासिस नं.
Mahendra Bolero DCP 5400D	बा.प्र.-०१-०२६-च ५२६६	२०२१	TBM4G89668	MA1RU4TBKM3G92164
Toyota Moters GUN126R-DTFHX	बा.प्र.-०१-०२५-च १४६४	२०२१	1GD-4961864	MROBA8CD900235856

टाँडी शाखा, चितवन

ऋणीको विवरण	संचालक तथा जमानत दिनेको विवरण	
भोज नारायण चौधरी ना.प्र.नं. १२०३/०३४, जारी मिति २०५३/११/२०, जि.प्र.का. चितवन बाबुको नाम : विष्णु महतो बाजेको नाम : भरत महतो स्थायी ठेगाना : रत्ननगर - ६, चितवन हालको ठेगाना : रत्ननगर न.पा. - ८, चितवन **कर्जा शिर्षक : आवधिक कर्जा**	**विष्णु महतो** ना.प्र.नं. ६०७८, जारी मिति २०४४/०९/२० जि.प्र.का. चितवन बाबुको नाम : भरत महतो बाजेको नाम : गोथराई महतो स्थायी ठेगाना : रत्ननगर न.पा. - ६, चितवन हालको ठेगाना : रत्ननगर न.पा. - ८, चितवन	**धुर खेलीया थरुनी** ना.प्र.नं. ३५, जारी मिति २०४४/१२/०१ जि.प्र.का. चितवन बाबुको नाम : बधुना महतो पतिको नाम : भोज नारायण चौधरी ससुराको नाम : विष्णु महतो स्थायी ठेगाना : रत्ननगर न.पा. - ८, चितवन

धितोको विवरण

घरजग्गाको विवरण

गोथराई महतोको नाति, भरत महतोको छोरा, विष्णु महतोको नाममा मालपोत कार्यालय, चितवनमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, देवौली गा.वि.स/न.पा. वडा नं. ३ ख स्थित कित्ता नं. २४१९, २४१७ र १३१५ को क्षेत्रफल क्रमशः ०-०-४.५-०, ०-०-१.५-० र ०-०-३.७५-० विगाहाको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

थारमारे शाखा, सल्यान

ऋणीको विवरण	धितोको विवरण (जग्गाको विवरण)
नन्दलाल सुनार ना.प्र.नं. १८३७०, जारी मिति २०५९/०३/१७, जि.प्र.का. सल्यान बाबुको नाम : दुर्गे कामी बाजेको नाम : हुकुमे कामी स्थायी ठेगाना : जिमाली - ९, सल्यान **कर्जा शिर्षक : आवधिक कर्जा**	हुकुमे कामीको नाति, दुर्गे कामीको छोरा, नन्दलाल सुनार (कामी) को नाममा मालपोत कार्यालय, सल्यानमा दर्ता श्रेष्ठा कायम रहेको सल्यान जिल्ला, बडागाउँ गा.वि.स./न.पा. वडा नं. ८ स्थित कित्ता नं. ३३० र ३०७ को क्षेत्रफल क्रमशः ११-७-०-३ र ३-३-०-२ रोपनीको जग्गा तथा सो ले सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

व्यक्तिगत जमानत दिनेको विवरण

नरेश कुमार सुनार ना.प्र.नं. ५५२११२/८६ जारी मिति २०७३/०१/२२, जि.प्र.का. सल्यान बाबुको नाम : नन्द लाल सुनार बाजेको नाम : दुर्गे कामी स्थायी ठेगाना : जिमाली - ९, सल्यान	**प्रेम प्रकाश बि.क.** ना.प्र.नं. ५५-०१-७१-०२६४५ जारी मिति २०७१/०७/०२, जि.प्र.का. सल्यान बाबुको नाम : नन्दलाल सुनार बाजेको नाम : दुर्गे कामी स्थायी ठेगाना : जिमाली - ९, सल्यान	**तुलसी सुनार** ना.प्र.नं. ५५३०१२, जारी मिति २०६३/१०/०९, जि.प्र.का. सल्यान बाबुको नाम : विरे सुनार पतिको नाम : नन्दलाल सुनार ससुराको नाम : दुर्गे कामी स्थायी ठेगाना : जिमाली - ९, सल्यान

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु :

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ।

२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।

३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।

४. बोलपत्र साथ आफुले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैकको सम्बन्धित शाखाको Earnest Money Deposit for Auction मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ। साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ।

५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाण पत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ।

६. बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।

७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहानु हुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।

८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधिभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्ध भई धरौटी रकम स्वतः जफत हुनेछ। सम्पत्ति नामसारी भईसकेपछि साविकको भोगचलनकर्तावाट हकभोग छुटाइ सकार गर्नेको हकभाग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ।

९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूँजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ। स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयमानै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै व्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अडचनहरु समाधान पश्चात धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ।

१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुनेछैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्ता दिइने छैन।

११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्ध हुनेछ।

१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।

१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्ध गरी बोलपत्रदाताले बोलपत्र बापत बुझाएको सम्पूर्ण रकम विना ब्याज फिर्ता दिइनेछ।

१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफै सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजान सक्नेछ।

१५. प्राप्त बोलपत्र बैकलाई चित्त बुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समय सीमा दिई बैकले लिखीत अनुरोध गर्न सक्नेछ। यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ।

१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरीक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ। यस सम्बन्धमा निर्णय गर्ने पूर्ण अधिकार बैंकमा निहित रहनेछ।

१७. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८० पौष १० गते (कार्यालय समय भित्र)

बोलपत्र खोलिने मिति : २०८० पौष ११ गते

समय : दिउँसो ३ बजे

स्थान : सम्बन्धित शाखा कार्यालयमा

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

जेबिएनएल सेक्युरिटिज सञ्चालनमा



काठमाडौं/ ग्लोबल आइएमई बैंक लिमिटेडको सहायक कम्पनीका रूपमा रहेको जेबिएनएल सेक्युरिटिज लिमिटेडले धितोपत्र कारोबारसम्बन्धी सेवा सुरु गरेको छ। कम्पनीको नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष तथा ग्लोबल आइएमई बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले उद्घाटन गरी टिएमएसमार्फत धितोपत्र खरिद सेवाको सुरुवात गरेका हुन्।

कम्पनी उद्घाटनपछि अध्यक्ष ढकालले धितोपत्र बजारको विकास र विस्तारसँगै देशको आर्थिक गतिविधिमा समेत कम्पनीले महत्त्वपूर्ण भूमिका खेल्न सक्नुपर्ने बताए। बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्यले संस्थागत सुशासन, पूर्वाधार तथा नियमनकारी निकायहरूबाट प्राप्त निर्देशनको पूर्ण परिपालनामा कम्पनी उदाहरणीय हुने बताए।

नेपाल धितोपत्र बोर्डबाट धितोपत्र कारोबारका लागि इजाजतप्राप्त यो कम्पनीको कारोबार स्थान काठमाडौंको नयाँ बानेश्वर शंखमूल मार्गमा रहेको छ। कम्पनीले नेपाल स्टक एक्सचेन्ज लिमिटेडको धितोपत्र दलाल सदस्य नं ८९ प्राप्त गरेको जनाइएको छ।

सेयर बजारमा पाँच महिनायताकै उच्च कारोबार

काठमाडौं/ सोमबार नेप्से परिसूचकमा करेक्सन आएको छ। एक सय ११ अंकले बढेर कारोबार समयअगावै कारोबार बन्द भएको सेयर बजारमा सोमबार भने सुरुवातदेखि नै करेक्सन आएको हो।

नेप्से उच्च अंकले बढेपछि करेक्सन हुने पछिल्ला ट्रेन्डहरूले पनि देखाउँदै आएका छन्। यस दिन १५ दशमलव ४० अंकले घटेर नेप्से सूचक एक हजार नौ सय ४८ दशमलव ५७ विन्दुमा आइपुगेको छ। धितोपत्र र ऋणपत्र गरी कारोबारमा आएका तीन सय तीन कम्पनीको एक करोड ४६ लाख कित्ता सेयर खरिद-बिक्री हुँदा कारोबार भने चार अर्ब ८४ करोड २७ लाख रुपैयाँको भएको छ। यो कारोबार पाँच महिनायताकै उच्च हो। यसअघि गत ८ साउन सोमबार चार अर्ब ७३ करोड रुपैयाँको कारोबार भएको थियो। त्यतिबेला नेप्से सूचक दुई हजार दुई सय दशमलव ५० विन्दुमा रहेको थियो।

घटेको बजारमा तीन कम्पनीको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। बोटलर्स नेपाल, सामुदायिक लघुवित्त र डोल्टी पावर कम्पनीको सेयर मूल्यमा १० प्रतिशतले बढेर सकारात्मक सर्किट लागेको हो। हाथवे इन्भेस्टमेन्ट, इन्फिटी लघुवित्त वित्तीय संस्थाको सेयर मूल्य नौ दशमलव ९० प्रतिशतले बढेको छ।सर्वाधिक कारोबार हुने कम्पनीमा सोनापुर मिनरल्स एन्ड आयल, रिलायबल लाइफ इन्स्योरेन्स, सिटिजन लाइफ इन्स्योरेन्स, माउन्टेन इनर्जी र शिवम् सिमेन्टको सेयर मूल्य १३ करोड ७३ लाख रुपैयाँदेखि २५ करोड १५ लाख रुपैयाँसम्मको कारोबार भएको छ। अघिल्लो दिन उच्च अंकले बढेको हुँदा सोमबार करेक्सन आउनु सामान्य रहेको लगानीकर्ता ताराप्रसाद फुँयालले बताए। उनले भने, 'लगानीकर्ता सकारात्मक भएर लगानी बढाएका छन्। कारोबार उत्साहजनक देखिएको हुँदा आगामी दिनमा बजार माथिल्लो विन्दुमै जाने संकेत गर्छ।'

शुक्रबार राष्ट्र बैंकले जारी गरेको मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षामा सेयर धितो कर्जाको जोखिमभार एक सय ५० प्रतिशतबाट घटाएर एक सय २५ बनाइएको थियो। यससँगै लगानीकर्तामा सकारात्मक सन्देश प्रवाह भएको बताइँदै आएको छ।

बार्षिक साधारणसभा सम्बन्धी सूचना

यस श्री काष्ठमण्डप बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको संचालक समितिको २०८०/०६/१२ को बैठकको निर्णयानुसार यस संस्थाको १८ औं बार्षिक साधारणसभामा निम्नानुसार सम्पन्न गर्ने निर्णय भएको हुँदा सम्पूर्ण सदस्यहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सभा बस्ने मिति, समय र स्थान

मिति : २०८० साल पुष २८ गते शनिवार
समय : दिनको १०:३० बजे देखी
स्थान : बानेश्वर ब्यान्कट, थापागाँउ, नयाँ बानेश्वर।

थप जानकारीको लागि संस्थाको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ।

श्री काष्ठमण्डप बहुउद्देश्यीय सहकारी संस्था लि.
नयाँ बानेश्वर, काठमाडौं
फोन नं. : ४५६५९१८

केबिएल सेक्युरिटिजको धितोपत्र कारोबार सुरु

काठमाडौं/ नेपाल धितोपत्र बोर्डबाट सेयर ब्रोकरको अनुमतिप्राप्त केबिएल सेक्युरिटिज लिमिटेडले औपचारिक कारोबार सुरु गरेको छ। कुमारी बैंक लिमिटेडको पूर्ण स्वामित्वमा रहेको सेयर ब्रोकर नं ९४ प्राप्त कम्पनीको कुमारी बैंक लिमिटेड सञ्चालक समितिका अध्यक्ष अमिरप्रताप जबराले उद्घाटन गरेका हुन्।

कारोबार सुरुवातसँगै सेयर बजारका लगानीकर्तालाई उत्कृष्ट र सर्वसुलभ सेवा प्रदान गर्न केबिएल सेक्युरिटिज सदैव प्रयासरत रहने कम्पनीका प्रमुख कार्यकारी अधिकृत विनय रेग्मीले बताए। कारोबार सुरु गर्न आयोजित कार्यक्रममा केबिएल सेक्युरिटिज लिमिटेड तथा कुमारी बैंक लिमिटेडका सञ्चालक समितिका पदाधिकारी, प्रमुख कार्यकारी अधिकृत, उच्च व्यवस्थापनका कर्मचारी तथा लगानीकर्ताको उपस्थिति रहेको जनाइएको छ।

केबिएल सेक्युरिटिज कुमारी बैंक लिमिटेडको पूर्ण स्वामित्वमा रहेको जनाइएको छ।

२०औं हस्तकला व्यापार मेला आयोजना हुँदै

काठमाडौं/ काठमाडौंमा २०औं हस्तकला व्यापार मेला तथा १८औं हस्तकला प्रतियोगिता आयोजना गरिने भएको छ। मेला २८ मंसिरदेखि २ पुससम्म आयोजना हुन लागेको हो।

नेपाल हस्तकला महासंघले आफ्नो स्वर्ण वर्ष पुगेको अवसर पारेर विगतका वर्षहरूमा जस्तै नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको संयुक्त आयोजनामा मेलाको आयोजना गर्न लागेको जनाएको छ। मेलाले उद्यमी, कलाकार, कालिगडहरूबाट उत्पादित नेपाली हस्तकलाका वस्तुहरूको स्थानीय र अन्तर्राष्ट्रिय बजार प्रवर्द्धनमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

४० युपी सेगमेन्टको उत्पादन ल्याउँदै दी नेपाल डिस्टिलरिज

काठमाडौं/ दी नेपाल डिस्टिलरिजले ४० युपी सेगमेन्टको प्रिमियम मदिरा ब्रान्ड बजारमा ल्याउने भएको छ। कम्पनीले उपभोक्ताको माग र आकर्षणलाई ध्यानमा राख्दै अन्तःशुल्क कम भएको उपभोक्तामैत्री मूल्यको मदिरा बजारमा ल्याउन लागेको हो।

४० युपीको मदिरामा एबिभी (अल्कोहलको मात्रा) ३४.२३ प्रतिशत रहेको जनाइएको छ। यस्तो उत्पादनको अन्तःशुल्क २५ वा ३० युपीको तुलनामा निकै नै कम भएका कारण पछिल्लो समय यसतर्फ उत्पादकको आकर्षण बढेको कम्पनीको भनाइ छ। यो सेगमेन्टमा बलियो उपस्थिति जनाउने प्रतिबद्धतासहित प्रिमियम मदिरा ब्रान्ड बजारमा ल्याउने तयारी अन्तिम चरणमा पुगेको कम्पनीका महाप्रबन्धक सुभाष लामिछानेले जानकारी दिए।

भुल सुधार

मिति २०८०/८/२५ गते नयाँ पत्रिका दैनिकमा प्रकाशित **ऋण चुक्ता गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना**मा प्रथम पटक सूचना प्रकाशित मिति २०८०/८/२५ गते हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

एकीकृत बचत तथा ऋण सहकारी संस्था लिमिटेड
का.म.न.पा.-०९, काठमाडौं
फोन नं. : ०१-५१०४१०१

सर्टिफिकेट हरायो

मिति २०८०/०७/१० गते बुढानिलकण्ठ देखि महाराजगन्ज सम्म जाँदा मेरो निम्न व्यहोरा भएको पि.सि.एल. मुलप्रमाणपत्र हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

नाम : **ध्रुब प्रसाद ढकाल**
TU Reg.No : 6-1-40-2204-2000
Roll No.: 9620153
Contact : 9849487685

कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा राखिनेबारे कृषि विकास बैंक लि., शाखा भोजपुरको ३५ दिने सूचना

यस बैंकको तपशिलबमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिएअनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने २१ (एक्काइस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा समेत आलटाल गरी बुझाउनु पर्ने कर्जाको सावा, व्याजलगायतका रकम नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बुझाउन यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालो सूचीसम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलीत कर्जा असुली कार्यविधिबमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सो को प्रोपराइटर/साझेदार/सञ्चालकहरू तथा बैंकबाट कर्जा लिन धितो मञ्जुरीनामा/व्यक्तिगत जमानत दिनेहरू समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानुनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	फर्म दर्ता नं.	फर्म दर्ता कार्यालय र मिति	पान नं.	उद्देश्य	सावा रकम रु.	बाँकी व्याज (मिति २०८०।०८।१९ सम्मको)	जम्मा तिर्नुपर्ने रकम	कैफियत
१.	डम्बर मासु पसल तथा काचो छाला सप्लायर्स	टक्सार ०४, भोजपुर	१४४/०६९/७०	घरेलु तथा साना उद्योग विकास समिति टक्सार, भोजपुर, २०६९/०८/९	६००७३७६५२	व्यापार कर्जा	१४,००,०००	१६१,९०६.१०	१,५६१,९०६.१०	

प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको नाम

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला र मिती	ग्राहकको पिता/पतिको नाम	बाजे/ ससुराको नाम
डम्बरबहादुर श्रेष्ठ	टक्सार ०४, भोजपुर	६७८७/७७४/१४६५/५७६६/२०५०	भोजपुर, २०३८।०८।१७	हरि शंकर श्रेष्ठ	हरि भक्त श्रेष्ठ

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	फर्म दर्ता नं.	फर्म दर्ता कार्यालय र मिति	पान नं.	उद्देश्य	साँवा रकम रु	बाँकी ब्याज (मिति २०८०।०८।१९ सम्मको)	जम्मा तिर्नुपर्ने रकम	कैफियत
२.	उपासना तरकारी एण्ड किराना पसल प्रो. कृष्ण कला बि.क	भोजपुर न.पा. ०७, भोजपुर	६१४/२९६०	घरेलु तथा साना उद्योग विकास समिति, टक्सार, भोजपुर २०७४/११/१५		व्यापार कर्जा	१,०००,०००.००	१३३,०६७.१४	१,१३३,०६७.१४	

प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको नाम

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजे/ससुराको नाम
कृष्ण कला बि.क	अन्नपूर्ण गा.वि.स ०४	०९३०२९-१५२	भोजपुर, २०७१/०५/२०	कुमार विश्वकर्मा	रिसिमान वि.क.

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	फर्म दर्ता न	फर्म दर्ता कार्यालय र मिति	पान नं.	उद्देश्य	साँवा रकम रु	बाँकी ब्याज (मिति २०८०।०८।१९ सम्मको)	जम्मा तिर्नुपर्ने रकम	कैफियत
३.	साइकेवा किराना पसल	रानीबास गा.वि.स ०४, भोजपुर	४०२/२०७३/७४	घरेलु तथा साना उद्योग विकास समिति भोजपुर, २०७३/०५/०६	६००८८३८०९	व्यापार कर्जा	३,०००,०००.००	३६८,८३५.९९	३,३६८,८३५.९९	

प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको नाम

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजे/ ससुराको नाम
प्रो. राधा राई	रानीबास गा.वि.स ०४, भोजपुर	२७५२/७९२१	भोजपुर, २०५१।०५।१५	दल बहादुर राई	मान बहादुर राई

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	फर्म दर्ता न	फर्म दर्ता कार्यालय र मिति	पान नं.	उद्देश्य	साँवा रकम रु.	बाँकी ब्याज (मिति २०८०।०८।१९ सम्मको)	जम्मा तिर्नुपर्ने रकम	कैफियत
४.	धासो सुइमा नेगी ब्लक उद्योग	भोजपुर न.पा. ६, भोजपुर	१५२१/०७५/७६	घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय, टक्सार, भोजपुर,२०७५।०४।२२	६०८१६७०४६	व्यापार कर्जा	७००,०००.००	१०९,८३६.७८	८०९,८३६.७८	

प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको नाम

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजे/ससुराको नाम
प्रो. नगेन्द्र बहादुर तामाङ	भोजपुर गा.वि.स १, भोजपुर	३४७१/७०३/२७८१	भोजपुर, २०४०।०७।२७	गजेन्द्र बहादुर तामाङ	विर बहादुर तामाङ
प्रो. देवराज राई	तिम्मा गा.वि.स ६, भोजपुर	८९८-२१११-५४०९-२५३८	भोजपुर, २०७२।१।१५	ध्यान बहादुर राई	इश्वरमान राई

क्र.सं	कर्जा ग्राहकको नाम	ठेगाना	फर्म दर्ता न	फर्म दर्ता कार्यालय र मिति	पान नं.	उद्देश्य	साँवा रकम रु	बाँकी ब्याज (मिति २०८०।०८।१९ सम्मको)	जम्मा तिर्नुपर्ने रकम	कैफियत
५.	प्रतिमा किराना पसल	भोजपुर न.पा. १०	३९३/०७३/७४	घरेलु तथा साना उद्योग विकास समिति, भोजपुर, २०७३/०४/१३	६०३५९६७११	व्यापार कर्जा	५००,०००.००	५०,५६६.६१	५५०,५६६.६१	

प्रोपराइटर/साझेदार/सञ्चालकहरूको नाम

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजे/ससुराको नाम
प्रो. कौशिला राई	भोजपुर न.पा. १०	४७७२०/११	भोजपुर २०६०।११।१९	भक्तिराम राई	चन्द्र बहादुर राई

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	फर्म दर्ता न	फर्म दर्ता कार्यालय र मिति	पान नं.	उद्देश्य	साँवा रकम रु	बाँकी ब्याज (मिति २०८०।०८।१९ सम्मको)	जम्मा तिर्नुपर्ने रकम	कैफियत
६.	सजता किराना पसल	आम्तेक गा.वि.स. ०७	१०६/०५१/०५२	भोजपुर उद्योग वाणिज्य संघ, २०६९।१०।०७	६००८८६७४७	व्यापार कर्जा	१०,००,०००	१४०,९७८.०८	१,१४०,९७८.०८	

प्रोपराइटर/साझेदार/सञ्चालकहरूको नाम

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजे/ससुराको नाम
प्रो. सुनिल कुमार राई	आम्तेक गा.वि.स. ०७	९३५/१६९/२१५३१	भोजपुर, २०५६/०१/०३	हरि बहादुर राई	रत्न बहादुर राई

धितो मञ्जुरी दिनेको नाम

नाम, थर	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु/पतिको नाम	बाजे/ससुराको नाम
फुलमाया राई	आम्तेक गा.वि.स. ०७	०९३०३८/१८१	भोजपुर, २०६३।१०।१८	शिवजंग राई	हरि बहादुर राई

क्र.सं	कर्जा ग्राहकको नाम	ठेगाना	नागरिकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजे/ससुराको नाम	उद्देश्य	साँवा रकम रु	बाँकी ब्याज (मिति २०८०।०८।१९ सम्मको)	जम्मा तिर्नुपर्ने रकम	कैफियत
७.	देव माया मगर	हेलौछा गा.वि.स. ०२	२६२३, भोजपुर, २०५२/०५/१२	मानविर मगर	भिम बहादुर केपछाकी मगर	सरल कृषि कर्जा	५००,०००.००	७६,६५८.९०	५७६,६५८.९०	

धितो मञ्जुरी दिनेको नाम

नाम, थर	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु/पतिको नाम	बाजे/ससुराको नाम
दुर्गा बहादुर केपछाकी मगर	प्याउली गा.वि.स , ०४	६०७/९०७/१५४७	भोजपुर, २०४५/०१/२२	भिम बहादुर केपछाकी मगर	कर्ण बहादुर केपछाकी मगर

क्र.सं	कर्जा ग्राहकको नाम	ठेगाना	नागरिकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजे/ससुराको नाम	उद्देश्य	साँवा रकम रु	बाँकी ब्याज (मिति २०८०।०८।१९ सम्मको)	जम्मा तिर्नुपर्ने रकम	कैफियत
८.	बाबुराम तामाङ	भोजपुर गा.वि.स. १	४१०७ भोजपुर, २०६१।०७।२२	गोपाल बहादुर तामाङ	पुष्प बहादुर तामाङ	सरल कृषि कर्जा	१०,००,०००।००	४७०,३०९.५६	१,४७०,३०९.५६	

क्र.सं	कर्जा ग्राहकको नाम	ठेगाना	नागरिकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजे/ससुराको नाम	उद्देश्य	साँवा रकम रु	बाँकी ब्याज (मिति २०८०।०८।१९ सम्मको)	जम्मा तिर्नुपर्ने रकम	कैफियत
९.	दिल बहादुर मगर	नामन्त गा.वि.स. ४	३३१/३३८ भोजपुर, २०४३।११।१०)	सर्बध्वज मगर	कृष्ण बहादुर मगर	सरल कृषि कर्जा	१०,००,०००।००	६९,०५०.७०	१,०६९,०५०.७०	

क्र.सं	कर्जा ग्राहकको नाम	ठेगाना	नागरिकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजे/ ससुराको नाम	उद्देश्य	साँवा रकम रु	बाँकी ब्याज (मिति २०८०।०८।१९ सम्मको)	जम्मा तिर्नुपर्ने रकम	कैफियत
१०.	कृष्ण बहादुर कामी	साम्पाङ गा.वि.स, ०६	१४४९/२६६९/२५७१, भोजपुर, २०४४/१२/०५	रत्न बहादुर कामी	बागविर कामी	सरल कृषि कर्जा	३००,०००.००	१७८,१८६.६१	४७८,१८६.६१	

क्र.सं	कर्जा ग्राहकको नाम	ठेगाना	नागरिकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजे/ससुराको नाम	उद्देश्य	साँवा रकम रु	बाँकी ब्याज (मिति २०८०।०८।१९ सम्मको)	जम्मा तिर्नुपर्ने रकम	कैफियत
११.	याम बहादुर दर्जी	आम्तेक गा.वि.स ०१, भोजपुर	०९३०३८/१६, भोजपुर, २०६३/१०/१५	राम बहादुर दर्जी		सरल कृषि कर्जा	१००,०००.००	७२,८३८.२५	१७२,८३८.२५	

क्र.सं	कर्जा ग्राहकको नाम	ठेगाना	फर्म दर्ता नं.	फर्म दर्ता कार्यालय र मिति	पान नं.	उद्देश्य	साँवा रकम रु	बाँकी ब्याज (मिति २०८०।०८।१९ सम्मको)	जम्मा तिर्नुपर्ने रकम	कैफियत
१२.	खिम्दुङ निर्माण सेवा प्रो. विष्णु कुमार राई	छिनामखु गा.वि.स ०९, भोजपुर	६४३/०६७/६८	घरेलु तथा साना उद्योग विभाग, काठमाडौं, २०६७।०९।२९	३०१५०२३१५	सरल ठेक्का कर्जा र जमानत दावी कर्जा	६,९९१,०००.००	३,५५०,२८५.४२	१०,५४१,२८५.४२	

धितो मञ्जुरी दिनेको नाम

नाम, थर	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु/पतिको नाम	बाजे/ससुराको नाम
नरहरी राई	छिनामखु गा.वि.स ०९, भोजपुर	१६५८/५४५२/६१	भोजपुर, २०३९।०२।३१	भगिरथ राई	हिन्दुमान राई
टिका लक्ष्मी राई	छिनामखु गा.वि.स ०९, भोजपुर	१३५०/१९२०/६५६/१२४४	भोजपुर, २०४३।०९।१७	नरहरी राई	भगिरथ राई
जमुना राई	छिनामखु गा.वि.स ०९, भोजपुर	४६३३	भोजपुर, २०६१।०८।	नरहरी राई	भगिरथ राई

कृषि विकास बैंक लिमिटेड
प्रदेश कार्यालय, विराटनगर

■ नेपाल सुपर लिग

अन्तिम इन्जुरी समयमा काठमाडौंको जित



तस्बिर : ज्ञानेन्द्र कार्की/नयाँ पत्रिका

नयाँ पत्रिका

खेलको अन्तिम इन्जुरी समयमा साबिक विजेता काठमाडौं रेजर्सले सोमबार नेपाल सुपर लिगमा पोखरा थन्डर्सलाई २-१ ले पराजित गरेको छ। जितसँगै काठमाडौंले प्ले-अफको सम्भावना जीवितै राखेको छ। खेलको ८२औँ मिनेटसम्म काठमाडौं पोखरासँग १-० ले पछाडि पारेको थियो। तर, खेलको अन्तिम १० मिनेटमा काठमाडौंले च्याम्पियन शैलीमा प्रदर्शन गऱ्यो। खेल सकिन आठ मिनेट र त्यसपछिको अन्तिम इन्जुरी समयमा काठमाडौंले दुई गोल फर्काउँदा पोखराको स्पष्ट तीन अंक जोड्ने सपना तुहियो।

बालगोपाल महर्जनको प्रशिक्षणमा रहेको काठमाडौंलाई अविस्मरणीय जित दिलाउने क्रममा क्यामरुनी खेलाडी एन्केनगुयना जुनियर र उज्वेकिस्तानी खेलाडी शोखरुखले गोल गरेका थिए। पोखराका मार्की आयुष घलानले अग्रता गोल गरेका हुन्। यस खेलसँगै पोखराको अपराजित यात्रा समाप्त भएको छ।

काठमाडौंका प्रशिक्षक महर्जनले कप्तान तथा मार्की खेलाडी हिसुब थपलिया, कार्यवाहक कप्तान कुलदीप कार्की तथा गोलरक्षक अभिषेक बरााललाई बेन्चमा राखेका थिए। उनले अञ्जन राईलाई कप्तानी जिम्मेवारी सुम्पिएका हुन्। एन्जल श्रेष्ठले गोलपोस्टको जिम्मेवारी पाए। अञ्जन पहिलो कप्तानी जिम्मेवारीमा भाग्यशाली रहे। पहिलो संस्करण काठमाडौं च्याम्पियन हुँदा अञ्जनको प्रदर्शन उत्कृष्ट रहेको थियो।

'आज नयाँ खेलाडीलाई अवसर दिए। त्यसमा हामी सफल भएका छौं। पाँचौं खेलमा राम्रो प्रदर्शन भयो,' खेलपछि खुसी देखिएका काठमाडौं महर्जनले भने, 'साबिक विजेता भएकाले नतिजा आवश्यक थियो। विश्वास गरेका खेलाडीले राम्रो खेले।' काठमाडौंका प्रशिक्षक महर्जनले फुटबल नतिजा जे पनि हुन सक्ने जनाए।

जितसँगै काठमाडौं ५ खेलबाट ८ अंक जोड्दै तेस्रो स्थानमा उक्लिएको छ। पोखराले हारसँगै शीर्ष स्थानमा उक्लिने अवसर गुमायो। समान खेलबाट ८ अंकका साथ पोखरा चौथो स्थानमा छ। पोखराका प्रशिक्षक नवीन न्यौपानेले पाएको अवसर गुमाउँदा अंक गुमाउनु परेको बताए। उनले गोलरक्षकले गल्ती गरेको पनि प्रतिक्रिया दिए। 'पहिलो हाफ र दोस्रो हाफमा राम्रो अवसर पाएका थियौं। त्यसलाई सदुपयोग गर्न सकेनौं,' न्यौपानेले भने, 'काउन्टर अट्याकमा जाने रणनीति थियौं। पहिलो हाफमा सफल भयो। दोस्रो हाफमा दबाबमा खेल्नुपऱ्यो,' उनले भने।

पोखराको अग्रता

खेलको ५९औँ मिनेटमा पोखराले मार्की आयुषको १-० को अग्रता दिलाए। पोखराका स्टेफन पापा अनोरले करिब २५ यार्डबाट प्रहार गरेको बललाई गोलरक्षक एन्जलले बचाए। तर, रिबाउन्डमा डिबक्समै रहेका आयुषले वान टचमा गोल गरे। खेलको ८३औँ मिनेटमा काठमाडौंका जुनियरले बराबरी गोल गरे।

दिपेश गुरुङको पासमा बक्सबाहिरबाट जुनियरले सहज गोल गरे। इन्जुरी समयमा शोखरुखले काठमाडौंका लागि निर्णायक गोल गरे। उज्वेकिस्तानी खेलाडी टोजिडिनोभ कोमिवोनको लामो दूरीको काउन्टर बललाई शोखरुखले १८ यार्डबाट गोलरक्षक प्रिसोलाई बिट गर्दै सुन्दर गोल गरेका हुन्।

नेपाली खेलाडी आइपिएलमा परेनन्

सन्दीपसँगै कुशल मल्ल, दीपेन्द्रसिंह ऐरी, गुल्सन झा, कुशल भुर्तेल, सोमपाल कामी र करण केसी आइपिएलको सर्टलिस्टमा परेनन्

नयाँ पत्रिका

विश्वकै चर्चित फ्रेन्चाइज टी- २० इन्डियन प्रिमियर लिग (आइपिएल) २०२४ को अक्सनमा एकजना नेपाली खेलाडी परेनन्। भारतीय क्रिकेट बोर्ड (बिसिसिआई)ले आयोजना गर्ने आइपिएल २०२४ को अक्सनमा कुनै पनि नेपाली खेलाडीको नाम छैन। यसपटक अक्सनमा पूर्वकप्तान सन्दीप लामिछाने र दीपेन्द्रसिंह ऐरी पर्न सक्ने सम्भावना थियो। आइपिएलमा नेपालबाट सन्दीप मात्र सन् २०१८ को अक्सनमा परेका थिए। त्यसवेला उनलाई दिल्ली क्यापिटल्सले २० लाख भारुमा किनेको थियो। सन्दीप आइपिएल खेल्ने पहिलो नेपाली खेलाडी हुन्।

दिल्लीले २०२० मा सन्दीपलाई फुकुवा गरेको थियो। २०२१ र २०२२ को अक्सनको सर्ट लिस्टमा परे पनि विकेनन्। एसोसिएट राष्ट्रबाट नेदरल्यान्ड्सका भान मर्केन र डेभिड विजा मात्रै परेका छन्। आइपिएल अक्सन १९ डिसेम्बरमा हुँदै छ। एसोसिएटमा नेपाल, नामिबिया, नेदरल्यान्ड्स, स्कटल्यान्ड, युएई र अमेरिकाका खेलाडीले अक्सनमा नाम पठाएका थिए।

यसपटक नेपालबाट सन्दीपसँगै कुशल मल्ल, दीपेन्द्रसिंह ऐरी, गुल्सन झा, कुशल भुर्तेल, सोमपाल कामी र करण केसीलगायतका खेलाडी अक्सनमा नाम दर्ता गराएका थिए। अक्सनमा कुल तीन सय ३३ जना खेलाडी छन्। जसमा दुई सय १४ भारतीय र एक सय १९ विदेशी खेलाडी छन्।

आर्मी र टाइम्सको जित

काठमाडौं/ नेपाल आर्मी र टाइम्स इन्टरनेसनलले सोमबार दोस्रो नखिपोट पुरुष खुला तथा महिला यु-२३ बास्केटबल प्रतियोगिताको पुरुषतर्फ जित हात पारेका छन्। आर्मीले बुद्ध टिमलाई १२१-४० ले पराजित गऱ्यो। आर्मीको जितमा निश्चल महर्जनले २३ स्कोरको योगदान गरे। विजय बुर्जाको ३० स्कोरको सहयोगमा टाइम्सले गोब्लिन्सलाई १०७-६४ ले हरायो। नखिपोट युवा क्लबद्वारा आयोजित प्रतियोगिताको पुरुषमै बुढानीलकण्ठ, कीर्तिपुर 'ए' र कीर्तिपुर 'बी'ले जित निकालेका छन्। बुढानीलकण्ठले आयोजक नखिपोट 'ए' लाई १०३-८३ ले पाखा लगायो। बुढानीलकण्ठका तेन्जिङ शेर्पाले ३६ स्कोर गरे। कीर्तिपुर 'ए' ले स्नोल्यान्डमाथि ११०-६५ को जित निकाल्यो। कीर्तिपुर 'ए' का जयदीप सिंहले ४७ स्कोर गरेका थिए।

सत्यवती एकेडेमी सेमिफाइनलमा

धनगढी/ कैलालीको सत्यवती एकेडेमी लिटल फ्लावर प्रिमियर लिग (एलपिएल) क्रिकेट प्रतियोतिगाको सेमिफाइनलमा प्रवेश गरेको छ। सत्यवतीले काठमाडौंको क्रिकेट एक्सिलेन्स सेन्टरलाई ११ रनले पराजित गर्दै समूह 'डी'को विजेताका रूपमा अन्तिम चारको स्थान पक्का गरेको हो। पहिलो ब्याटिङ गरेको सत्यवतीले २० ओभरमा सात विकेट गुमाएर एक सय २६ रनको योगफल खडा गरेको थियो। प्रत्युत्तरमा एक्सिलेन्स सेन्टरले १९.१ ओभरमा सबै विकेट गुमाएर एक सय १५ रनमात्र जोडेको थियो। एक्सिलेन्सका अर्जुन घर्तीले सर्वाधिक ३४ रन बनाए। सचिन लेखकले १९ रन, मनोज यादवले १७ रन र राजकुमार शाहले १३ रन बनाए।

आफु पछिका सन्ततीको लागी जोगो गरौं। बिदेशिने हरुले भन्दा देशमा थोरै पैसा र समय लगाएर धेरै धन कामाउनु होस् ।।।
काठमाडौं, पोखरा, बिराटनगर, चितवन, तथा अन्य शहरहरुमा दश लाख देखि होमाइस्टे र घडेरीहरुमा, लगानी गर्न इच्छुक, लगानी कर्ताहरुलाई सम्पर्क गर्न हुन अनुरोध गर्दछौं। जग्गा हेर्न, जाने आउने खर्च, कम्पनीको हुने जानकारी गराउँदछौं।
बुढानिलकण्ठ ४, पासिकोट, काठमाडौं।
०१-४३७४४१३, ९८४११७०७७३, ९८४१३६२६१३,

VACANCY

A leading and fastest growing **Pharmaceutical company** is looking for energetic, hardworking, result oriented, self motivated, young, dynamic, with zeal to work in a team spirit for the following positions:

1. Product Design AGM - 1
- Master's degree with minimum 5 years experience in the pharmaceutical industry.

2. Product Design Manager - 1
- Master's degree with minimum 3 years experience in the pharmaceutical industry.

3. Quality Assurance Manager - 1
- Master's degree with minimum 7 years experience in the pharmaceutical industry.

4. Marketing AGM- 1
- Master's degree with minimum 5 years experience in the pharmaceutical industry.

5. Operation Manager - 1
- Master's degree with minimum 5 years experience in the manufacturing industry.

6. Regional Area Sales Manager - 3
- Bachelor's degree with minimum 2 years experience in pharmaceutical and chemical product sales.

7. Chemist - 1
- Bachelor's degree with minimum 2 years experience in a manufacturing company. (Responsibilities include developing and testing chemical compounds)

8. EHS/Admin Officer-1
- Bachelor/Masters degree with minimum 2 years experience in a Public Health, Environmental Science.

9. Account Head-1
- Master's degree with minimum 3 years experience in a similar role.

10. Marketing Executative - 1
- Bachelor's degree with minimum 2 years' experience in pharmaceutical OTC product marketing at a officer level.

Interested candidates are requested to apply mentioning the name of the position via email with their updated resume, recent pp size photo and a cover letter to **vacancy2023.dec@gmail.com**

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय
सपही धनुषा

बोलपत्रको आर्थिक प्रस्ताव खुल्ने सूचना

सूचना प्रकाशित मितिः २०८०/०८/२६

यस निर्देशनालयको आ.व. २०८०/०८१ को स्वीकृत कार्यक्रम अनुसार मिति २०८०/०७/१५ गते प्रकाशित IFB No. MP/PHD/NCB/GOODS-01/2080-81; The Procurement of Ready to Eat Supplementary Nutrition Commodities बोलपत्रको प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा छनौट हुनु भएको श्री नेपाल स्वास्थ फुड इन्डस्ट्रीज प्रा.लि. बिराटनगर-५, मोरङ, नेपाल बोलपत्रदाताको लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७८ को प्रयोजनार्थ उक्त बोलपत्रको आर्थिक प्रस्ताव स्वास्थ्य निर्देशनालय, सपही, धनुषामा मिति २०८०/०९/०३ गते दिउसो ०१:०० बजे खुल्ने भएकोले उपस्थित हुन यो सूचना प्रकाशित गरिएको छ।

निर्देशक

Shree Nirmal Secondary School
Vyas Municipality-1, Bhadgaun
Gandaki Province, Tanahun

Invitation for Electronic Bids

Date of publication: 2080/08/26 (12th December, 2023)

1. The Shree Nirmal Secondary School invites *electronic* bids from eligible bidders for the procurement of under mentioned works ***under National competitive bidding procedures specified in Public Procurement Act and Regulations.*** Eligible Bidders may obtain further information and inspect the bidding documents at the Shree Nirmal Secondary School, Vyas-1, Gandaki Province, Damauli, Tanahun, Telephone: 065563039 9856000039 and email: nirmalschool2025@gmail.com or website of Shree Nirmal Secondary School www.nirmal.edu.np
2. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp . Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.

Information to deposit the cost of bidding document

Name of the Bank : Nepal Bank Ltd Damauli Branch
Name of Office : Nirmal Ma.Bi.
Rajaswa (revenue) Account no. : 06000100337805000001
Security deposit (Dharauti) Account Number : 06000100337805000001

SN	Bid No.	Description	Estimated Amount (Without VAT and Contingencies)	Bid Security Amount	Bid Document Price (Non-Refundable)	Remarks
1.	01/ NIRMALSCL/ WORKS/080/081	Construction of Administration Building of Nirmal School, Vyas-1, Tanahun	NRs. 1,18,00,514.29	NRs. 3,54,000.00	NRs. 3000.00	First time Published Electronic Bid
2.	02/NIRMALSCL/ WORKS/080/081	Construction and Finishing Works of Library Building, Nirmal School, Vyas-1, Tanahun	NRs. 51,09,763.65	NRs. 1,53,000.00	NRs. 3000.00	First time Published Electronic Bid Quotation
3.	03/ NIRMALSCL/ WORKS/080/081	Furnishing and Finishing Works in Laboratory of Nirmal School, Vyas-1, Tanahun	NRs. 49,04,084.20	NRs. 1,47,000.00	NRs. 3000.00	First time Published Electronic Bid

#Last date and time of Bid Document Submission: on 2080/09/26 (11th January, 2024); upto 12:00 PM;
#Opening of Submitted Bids: on 2080/09/26 (11th January, 2024).; at 14:00PM;

Headmaster

Pokhara Metropolitan City
Office of Municipal Executive
Newroad, Pokhara

Invitation for Bids

IFB No: 14/PMC/080-081

(First Date of publication: 2080/08/26 (12th December 2023)

1. **Pokhara Metropolitan City, Office of Municipal Executive, Newroad,** Pokhara invites **online bids for NCB Contracts (1S2E)** under e-procurement system from eligible bidders for the construction of Projects mentioned below;

SN No.	IFB No.	Description and location of work	Average Annual Construction Turnover of the best 3 Years within last 10Years (NRs)	Minimum Work Experience of Similar work and Nature (NRs)	Bid Document Fee (NRs)	Bid Security Amount (NRs)	Bid Security Validity Period
1.	14.1/PMC/ 080-081	Construction of Ward Office Building of Ward No 01, PMC-01 (Contract ID : 29/PMC/ NCB/W/Bu/080-81)	35.5 Million	14.2 Million	5,000	10,00,000.00	120 days
2.	14.2/PMC/ 080-081	Construction of Ward Office Building of Ward No 20, PMC-20 (Contract ID : 30/PMC/ NCB/W/Bu/080-81)	48.2 Million	28.9 Million	5,000	14,00,000.00	120 days
3	14.3/PMC/ 080-081	Construction of Phirke Khola Bridge, PMC 05 & 08 (Contract ID: - 31/PMC/ NCB/W/Br/080-81)	34.7 Million	9.3 Million	5,000	6,75,000.00	120 days
4	14.4/PMC/ 080-081	Construction of Thulo Majuwa Bridge, PMC 15 (Contract ID: - 32/PMC/ NCB/W/Br/080-81)	34.4 Million	9.2 Million	5,000	6,70,000.00	120 days

2. **Pre- Bid Meeting, Submission and Opening**

Contract No.	Pre-Bid Meeting		Submission of Bid		Opening of Bid	
	Date	Time	Date	Time	Date	Time
For NCB Contract	December 27, 2023	13:00	January 11, 2024	12:00	January 11, 2024	13:00
Bank Name	**Name of Office**		**Revenue Account No.**		**Deposit Account No.**	
Rastriya Banijya Bank, Prithivi Chowk Branch, Kaski	Pokhara Metropolitan City ,Office of Municipal Executive, Newroad		3020100301010002		3020100303000002	

3. Tender Procedures shall follow Public Procurement Act (1st Amendment, 2073) and Public Procurement Regulation (12th Amendment, 2079).
4. Bidders shall download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's website **http://bolpatra.gov.np/egp**, as specified in the Bidding data sheet for provision of E-Bidding..
5. A new firm established by any person or manager of a firm or company that is blacklisted according to PPA will be ineligible to submit bids.
6. For further information, please refer to the PPMO's website as prescribed above. Any amendment in the notice or bid documents will be posted in notice board of this office or PPMO's website.

Chief Administrative Officer

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com